लेखापरीक्षण प्रतिवेदन

हेटौडा उप महानगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

हेटौडा उप महानगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/77

श्रीमान् नगरप्रमुखज्यू,
हेटौडा उपमहानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, मकवानपुर ।

विषयय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/77

श्रीमान् नगरप्रमुखज्यू,

हेटौडा उपमहानगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, मकवानपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस उप महानगरपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै, सोही ऐनको दफा ३६(१) बमोजिम कार्यालयको सरकारी नगदी, जिन्सी, आय-व्यय तथा कारोबारसम्बन्धी लेखा, स्रेस्ता र कागजात लेखापरीक्षणको सिलसिलामा माग भएमा तोकिएको अवधिभित्र पेस गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ।यस उपमहानगरपालिकाको ६ वटा वडा कार्यालयको आय व्यय तर्फको रु.१३ करोड ४९ लाख ५ हजार बराबरको स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४गते भएको आन्दोलन तथा घटनाका कारण लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन ।

२.३. उपमहानगरपालिको आय र व्यय तर्फ रू.५ अर्ब ७० करोड ५३ लाख ७ हजारको लेखापरीक्षणबाट रु.९ करोड ८२ लाख ८३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ३ करोड ५० लाख ७४ हजार सम्परीक्षण भई प्रतिक्रियाबाट रू.१७ लाख ८० थप भए पश्चात असुल गर्नुपर्ने रु २४ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८५ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ८८ लाख ८४ हजार र पेश्की बाँकी रु. ५१ लाख ११ हजार गरी जम्मा रु. ६ करोड ४९ लाख ८९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ५१ करोड १४ लाख ५१ हजार मध्ये रु.१ करोड ८३ लाख ८६ हजार सम्परीक्षण र रु.२० हजार सम्परीक्षणबाट कायम भई यस वर्षको थप रु. ६ करोड ४९ लाख ८९ हजार समेतहालसम्म

अद्यावधिक बेरुजु रु.५५ करोड ८० लाख ७४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले उप महानगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत उप महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१४२	२६९	९,८२,८३,२७१	०	१६२	३,५०,७४,०६१	१७,७९,९४८	१४२	१०७	६,४९,८९,१५८	२४,१८,०६४	४,८८,८४,०९९	८५,७५,७२४	०	०	५,७४,५९,८२३	५१,११,२७१

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	५१,१४,५१,०७१		१,८३,८५,८९९	४९,३०,६५,१७२	२०	६,४९,८९,१५८	५५,८०,७४,३३०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	८२.२	सामाजिक सुरक्षा कार्यक्रम	७१,२२९
२	२०८१/८२	४७.१	सवारी साधन खरिद	७३,७५,०००
३	२०८१/८२	७१	शर्त सहितको पेश्की जमानत	५१,२८,०००
४	२०८१/८२	३.४	वित्तीय प्रतिवेदनको विश्लेषण	११,३६,२९७
५	२०८१/८२	७१.१ र ७४.२	विज्ञापन करः	५,९९,८६०
६	२०८१/८२	१११.१	वडा नं ८ कार्यालय	२२,१६३
७	२०८१/८२	१०९.१,१०९.३ र १०९.६	वडा नं ७ कार्यालय	२,६१,६२६
८	२०८१/८२	१०७.९	वडा नं ५ कार्यालय	१०,०००
९	२०८१/८२	१०६.२	वडा नं २ कार्यालय	२,९२,८०६

१०	२०८१/८२	१०५.३ र १०५.४	वडा नं १ कार्यालय	२,१९,५२५
११	२०८१/८२	११७.१ र ११७.६	वडा नं १४ कार्यालय	६,०४,५४२
१२	२०८१/८२	११६.६	वडा नं १३ कार्यालय	१,७१,०००
१३	२०८१/८२	११५.५	वडा नं १२ कार्यालय	१,६०,०००
१४	२०८१/८२	८८	लेखापरीक्षण तथा वित्तीय र भौतिक प्रगती	१८,८१,९२५
१५	२०८१/८२	९६	लेखा परीक्षण:	१,८५,०००
१६	२०८१/८२	५४	योजना तथा कार्यक्रम अनुगमन	३,१०,०००
१७	२०८१/८२	६३	भुक्तानीमा कर कट्टी	८१,४६९
१८	२०८१/८२	७० र ५९	बढी भुक्तानी	९०,७०४
१९	२०८१/८२	९२	बढी ग्रेड भुक्तानी	४१,३५०
२०	२०८१/८२	४२.२	पेस्की फस्यौर्ट	२५,७६,६००
२१	२०८१/८२	६८	पाईपलाईन विस्तार	५१,५९,१९१
२२	२०८१/८२	९४	दिवा खाजा:	३,५८,९९५
२३	२०८१/८२	७३.२	दहत्तर बहत्तर शुल्क	२१,९८,०४८
२४	२०८१/८२	८४	थाहा उपमहानगरपालिका संग सहकार्य	५,००,०००
२५	२०८१/८२	९३	छात्रवृत्ति वितरणको भरपाई	७,५६,०००
२६	२०८१/८२	९५	छात्रवृत्ति	२०,६००
२७	२०८१/८२	१०३.१ र १०३.२	कार्यसम्पादनमा आधारित अनुदान	२,७५०
२८	२०८१/८२	७६.१ र ७६.२	कवाडी कर	४७,५६,०३१
२९	२०८१/८२	५९	उपस्थिति बेगरको अनुगमन भत्ता	२,५५०
३०	२०८१/८२	९९.१	आधुनिक राष्ट्रिय मा.विः	१,००,८००
३१	२०८०/८१	९२	सिबिआईएनसि अनसाइट कोचिङ्ग	४,५२,२००
३२	२०८०/८१	८७.२, ८७.३, ८७ .४ , ८७.५, ८७.६, ८७ .७, ८७.८ ,८७.९ र ८७.११	शिक्षा तर्फ	१९,१६,११९
३३	२०८०/८१	१००	पेश्की बाँकी	३,५०,०००
३४	२०८०/८१	५८	कर रकम	१३,००३
३५	२०८०/८१	७७	उपभोक्ता समितिबाट सीमा नघाएर सम्झौता:	१,०६,००,०००
३६	२०८०/८१	८९	उद्यम विकास सहजकर्ता :	४,३७,७२६
३७	२०८०/८१	९५	इन्धन खर्च :	३४,९१३

३८	२०८०/८१	५६	आयोगको परामर्श :	१,००,०००
३९	२०८०/८१	५९	अनुगमन भत्ता :	५,३८,५२०
४०	२०८०/८१	११२.७	९ नं वडा कार्यालय तर्फः	६,००,०००
४१	२०८०/८१	१०६.४	४ नं वडा कार्यालय तर्फः	५,००,०००
४२	२०८०/८१	१०३.१	२ नं वडा कार्यालय तर्फः	३०,८१२
४३	२०८०/८१	१०२.७	१ नं वडा कार्यालय तर्फः	५,००,०००
४४	२०८०/८१	१२१.१	१९ नं. वडा कार्यालय तर्फ	२४,७७५
४५	२०८०/८१	११७.१	१४ नं. वडा कार्यालय तर्फः	१३,३३०
४६	२०८०/८१	११६.१	१३ नं. वडा कार्यालय तर्फः	७,०००
४७	२०८०/८१	११३.१	१० नं वडा कार्यालय तर्फः	४,१४०
४८	२०७९/८०	७९	सामुदायिक सिकाई केन्द्र सहजकर्ता तलब	१,४७,०००
४९	२०७९/८०	४४	विवरण पेस नगरेको	१६,२३,१७०
५०	२०७९/८०	८२	बढि निकासा	१,१३,७४८
५१	२०७९/८०	८१	बढि ग्रेड	२०,६७५
५२	२०७९/८०	८५	पारिश्रमिक कर	९,३८९
५३	२०७७/७८	१९.५	शिक्षा सम्बन्धि देखिएका व्यहोरा	३५,५७९
५४	२०७७/७८	२१.1	पेश्की बाँकी	२,००,०००
५५	२०७७/७८	24	एकिकृत सम्पत्ति कर	१,१३,८००
जम्मा				५,३४,५९,९६०

हेटौडा उप महानगरपालिका, मकवानपुर

(८०३३२३०१३००)

हेटौडा उप-महानगरपालिका , मकवानपुर

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा १९ वडा रहेको र २६१ वर्ग किलोमिटर क्षेत्रफल तथा १,९३,५७६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्वेश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२६ देखि २०८२।८।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, आगजनीबाट स्रेस्ता कागजात जलेर नष्ट भएकोले प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । आगजनीबाट स्रेस्ता कागजात जलेर नष्ट भई लेखापरीक्षणको दायरा सीमित भएको छ ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको धरौटी तथा राजस्व समेतको आय – व्ययतर्फ गरी जम्मा रु.५अर्ब ५९ करोड ७६ लाख ३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) आगजनीबाट नष्ट भएका स्रेस्ता सम्बन्धमा:- उप-महानगरपालिकाको देहायअनुसारको स्रेस्ता २०८२ भाद्र २३ र २४ गतेको को घटनाको कारण आगजनीमा परी नष्ट भएकोले श्रेस्ता पेश नहुँदा सोसँग सम्बन्धित खर्च तथा आम्दानीको लेखापरीक्षण हुन सकेको छैन।

क्षतिग्रस्त भई लेखापरीक्षण हुन नसकेको विवरण		
कार्यालय	खर्च रकम	कैफियत
वडा नं ३ कार्यालय	२९९८००२७.४१	सम्पूर्ण स्रेस्ता नष्ट भएको
वडा नं ४ कार्यालय	१५६४९४५६.७५	सम्पूर्ण स्रेस्ता नष्ट भएको
वडा नं १० कार्यालय	१७३४४६६.	चालुतर्फ १ देखि ७० नं गो भौ सम्म पेश नभएको,अन्य कागजात अधुरो रहेका, क्षति हुनवाट बचेका कागजात परीक्षण भएको
वडा नं ११ कार्यालय	२९७३९५७०.	सम्पूर्ण स्रेस्ता नष्ट भएको
वडा नं १५ कार्यालय	२८१९९०३२.८९	सम्पूर्ण स्रेस्ता नष्ट भएको
वडा नं १९ कार्यालय	२९६०२३८६.८	सम्पूर्ण स्रेस्ता नष्ट भएको
नगरकार्यपालिका	यकिन हुन नसकेको	ठेक्का सम्वन्धी सवै ठेक्काका सम्पूर्ण फाईल, राजस्व फाईल तथा जिन्सी शाखाको सम्पूर्ण फाईल लगायतका कागजात क्षति भएकोले परीक्षण हुन नसकेको (केहि आंशिक परीक्षण भएको)
जम्मा	१३,४९,०४९३९.८५	

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा कर कट्टा नगरेको, बढी भुक्तानी तथा कानुन विपरित भुक्तानी भएको, दोहोरो बैठक भत्ता वापतको मिति २०८२।८।२१ समेतमा निम्नानुसारको रु.११,१४,७८४ असुल भइ बेरुजु दाखिला प्रमाण पेश भएको छ।

बिवरण	सञ्चित कोष	रकम रु.
विभिन्न कर्मचारीहरुको नपुग कर रकम, दोहोरो बैठक भत्ता र बढी भुक्तानी वापतको रु	स्थानीय बेरुजु खाता	२८५६४५
मेड्पा कार्यक्रम	संघीय बेरुजु खाता	२९७००
सामाजिक सुरक्षा कार्यक्रमको मृत्यु भएकोलाई भत्ता	संघीय बेरुजु खाता	७५९७४६
सहयोगी युवा समाजलाई बढी भुक्तानी	संघीय बेरुजु खाता	१०३५०
अल्फा एण्ड ओमेगा सेन्टर प्रा लि लाई बढी भुक्तानी	संघीय बेरुजु खाता	९१७५
महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि लाई बढी भुक्तानी	संघीय बेरुजु खाता	२०१६८
जम्मा		११,१४,७८४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय व्यय**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१) सुरु मौज्दात		२५६०६७११६	१.चालु खर्च		
क).संचित कोष	१८३६६९७०६		क).पालिका तर्फ	७५८५९०३६९	१५०११५६५८३
ख)धरौटी	५०८००९५०		ख).संघीय सशर्त	७१०२८३६७१	
ग) कार्यसञ्चालन कोष	०		ग).संघीय विशेष	०	
घ)विविध खर्च खाता	४७९७८७६		घ).प्रदेश सशर्त	३२२८२५४२	
ङ)विविध कोष	१६७८४६५१		ङ).प्रदेश विशेष	०	
च)प्रकोप व्यवस्थापन कोष	१३९३३				
२) आन्तरिक आय					
क) आन्तरिक आय	४०७४००४३६	४०७४००४३६	२.पुँजीगत खर्च		
३. वित्तीय हस्तान्तरण (संघ)			क).पालिका तर्फ	५१८८९०२८९	५७४६४७८७३
क) समानीकरण अनुदान	२७५०९६४८०	१२९६०४७५८२	ख).संघीय सशर्त	१३२७५३३७	
ख) राजस्व बाँडफाँट	२०५९८४०२०		ग).संघीय विशेष	४७३६७३२	
ग) सशर्त अनुदान	८०३६४७३५०		घ).संघीय समपुरक	६२४५८७९	
घ) समपुरक अनुदान	६५७८०००		ङ).प्रदेश सशर्त	२१७९८३०९	
ङ) विशेष अनुदान	४७४१७३२		च).प्रदेश विशेष	०	
च) रोयल्टी	०		छ).प्रदेश समपुरक	९७०१३२७	
छ) अन्य	०		3. अन्तर सरकारी अख्तियारी (संघ)		
४. वित्तीय हस्तान्तरण (प्रदेश)			क)सामाजिक सुरक्षा तथा संरक्षण	५९१३०८०४५	६०५३६६२४३
क) समानीकरण अनुदान	३३२६९०००	२१९३४२३९२	ख)राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम	६०००००	
ख) राजस्व बाँडफाँट	९५०१२३९२		ग)घरेलु तथा साना उधोग प्रबर्द्धन कार्यक्रम	१८०२७९५	
			घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७९९४०३	
ग) सशर्त अनुदान	६८०६१०००		घ)विद्यालय क्षेत्र सुधार कार्यक्रम	३६५६०००	
घ) समपुरक अनुदान	१५००००००		३) अन्य वित्तीय व्यवस्था तर्फ खर्च		
ङ) विशेष अनुदान	८००००००		विविधखर्च खाता	१६०२८४६७	९७७०४००८
			ऋणको ब्याज भुक्तानी	१००००००००	
			विविध कोष	५००४३११३	
			प्रकोप व्यवस्थापन कोष	९६२४३९४	

च) रोयल्टी	०		धरौटीफिर्ता तथा सदर स्याहा	१२००८०३४	
छ) अन्य	०		अनुदानफिर्ता		
५. अन्तर सरकारी अख्तियारी (संघ)			१.संघ तर्फ		
क) सामाजिक सुरक्षा तथा संरक्षण	५९१३०८०४५	६०५३६६२४३	क)सशर्त अनुदान	८००८८३४२	८०४२५४६३
ख) गरिबसँग विशेश्वर कार्यक्रम	०		ख)विशेष अनुदान	५०००	
ग) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार	०		ग)समपुरक अनुदान	३३२१२१	
घ) विद्यालय क्षेत्र सुधार कार्यक्रम	३६५६०००		२.प्रदेश तर्फ		
ङ) अन्य वित्तीय व्यवस्था			क)सशर्त अनुदान	१३९८०१४९	२७२७८८२२
च)राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम	६०००००		ख)विशेष अनुदान	८००००००	
ङ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७९९९४०३		ग)समपुरक अनुदान	५२९८६७३	
च)घरेलु तथा साना उधोग प्रवर्द्धन कार्यक्रम	१८०२७९५				
६. अन्य वित्तीय व्यवस्था					
क).विविध खर्च खाता	१७१९७१७९	२९०५७२०४१			
ख. धरौटी आय	८८१३३९४		अन्तिममौज्दात		
ग). कर्मचारी कल्याण कोष आय			१.संचित कोषको मौज्दात	११५७३०३९१	१८८२१६८२०
घ) दहत्तर बहत्तर शुल्क(विभाज्य कोष)			२.धरौटी	४७६०६३१०	
ङ)राजस्व बाँडफाँड आन्तरिक	१८८९३६८९८		३.विविध खर्च खाता	५९६६५८८	
च)विविध कोष	५०७१७४५४		४.विविध कोष	१८४५८९९२	
छ) प्रकोप व्यवस्थापन कोष	१००६५०००		५.प्रकोप व्यवस्थापन कोष	४५४५३९	
ज)ऋण	१४८४२११७				
जम्मा		३०७४७९५८११	जम्मा		३०७४७९५८११

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय प्रतिवेदनको विश्लेषण

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । उपमहानगरपालिकाले नेपाल सरकारको मिति २०७९।८।२० को संशोधित सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा एकिकृत वित्तिय प्रतिवेदन तयार गर्नुपर्दछ । उपमहानगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन।यसमा सुधार हुनु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थताः** उपमहानगरपालिकाको सबै प्रकारका आर्थिक कारोवारको महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। उपमहानगरपालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा अन्तर सरकारी अख्तियारी तर्फ घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको रु.१८०२७९५, सामाजिक सुरक्षा तथा संरक्षणको रु.५९१३०८०४५, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु.६०००००, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.३६५६००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७९९९४०२.९ समेत कुल जम्मा खर्च रु.६०,५३,६६,२४२.९० र संघिय राजस्वतर्फ रु.३८८१७१.४० प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा लेखाङ्कन भएको छैन । सुत्र अनुसार कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरेता पनि म.ले.प.२७० को वित्तिय विवरणमा देखिएको छैन ।सबै कारोबार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाबः** उपमहानगरपालिकाको सुत्र अनुसारको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र सुत्र बाहिर तयार भएको एकीकृत आर्थिक विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२५६०६७११६	२०१७८६५१४०	२०८५८०४४५६	१८८२१६८२०
एकीकृत आर्थिक विवरणअनुसार	२५६०६७११६	२८१८७२८६९५	२८८६५७८९९१	१८८२१६८२०
फरक	०	-८००८६३५५५	-८००७७४५३५	०

• पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा उपमहानगरपालिकामा हुने सवै आम्दानी खर्च समेटिएको तर सुत्र अनुसारको उपमहानगरपालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा सवै आम्दानी खर्च समेटिएको छैन । सुत्रमा गत वर्षको जिम्मेवारी रु.२५,६०,६७,११६ देखिएकोमा यस वर्षको प्राप्ति रु.२,०१,७८,६५,१४० रहेको र भुक्तानी रु.२,०८,५८,०४,४५६ गर्दा रु.१८,८१,२७,८०१ मौज्दात हुनुपर्नेमा रु.१८,८२,१६,८२० देखिन्छ । यसरी सुत्रअनुसारको वार्षिक प्रतिवेदन २७० को मौज्दातमा रु.८९,०१९ फरक परेको देखिन्छ । धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घटको हिसाव समेतको प्रतिवेदन हुनेगरी वित्तीय प्रतिवेदन तयार हुनुपर्दछ ।

• पालिकाको सुत्र प्रणालीको फारम २७०-५ को वित्तिय प्रतिवेदनको अनुसूची १ अनुसार गत वर्ष सञ्चित कोषमा रु.११,५७,३०,३९१.०६ मौज्दात रहेकोमा एकीकृत आर्थिक विवरणमा रु.१८,३६,६९,७०६ जिम्मेवारी सारेको छ । सञ्चित कोषमा रु.१६,७९,३९,३१४.९४ बढी जिम्मेवारी सारेको रकम यकिन गरी हिसावमिलान गर्नुपर्दछ ।

• उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा सुत्रको वित्तीय प्रतिवेदनअनुसार प्राप्ति रु.२,०१,७८,६५,१४०.४७ र भुक्तानी रु.२,०८,५८,०४,४५५.६७ हुँदा रु.६,७९,३९,३१५.२० यस वर्षको आम्दानी भन्दा बढी खर्च भएको देखिन्छ ।

३.४ **बैंक हिसाव मिलान**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१,१३६,२९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३.५ **नगद र बैंक मौज्दात**

यस पालिका अन्तर्गत यो वर्षको अन्तमा टिप्पणी ६.२ को निम्नानुसार बैंक तथा नगद बाँकी देखिन्छ ।

संकेत	कोष खाता	गत बर्षको मौज्दात रकम	घट/बढ नगद	मौज्दात रकम	नगद मौज्दात
१	२	३	४	५	६
ग ४.१	स्थानीय तह सञ्चित कोष खाता	१८,३६,६९,७०६.२६	(६,७९,३९,३१५.२०)	११,५७,३०,३९१.०६	
ग ३.१	स्धानीय तह धरौटी खाता	५,०८,००,९५०.०५	(३१,९४,६४०.२३)	४,७६,०६,३०९.८२	
ग २.७	विविध खर्च खाता	४७,९७,८७६.३०	११,६८,७११.९९	५९,६६,५८८.२९	
ग ५.१	स्थानीय तह विविध कोष खाता	१,६७,८४,६५०.७८	१६,७४,३४१.१८	१,८४,५८,९९१.९६	
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१३,९३३.००	४,४०,६०६.००	४,५४,५३९.००	
जम्मा		२५,६०,६७,११६.३९	४,२२,९८,२५,१२०.९२	१८,८२,१६,८२०.१३	०.००

सुत्र अनुसारको प्रतिवेदनको टिप्पणी नं ६.२ मा आर्थिक वर्षको अन्तसम्म रु.१८,८२,१६,८२०.१३ देखिएकोमा टिप्पणी नं ६.३ मा रु.१८,८४,३६,५६३.०७ बैंक नगद मौज्दात् देखिन्छ । यसरी सुत्र अनुसारको टिप्पणी नं ६.२ र टिप्पणी नं ६.३ मा फरक परेको रु.२,१९,७४३.९४ का सम्वन्धमा पालिकाले हिसाब मिलान गर्नुपर्दछ ।

३.६ आम्दानी फरक परेको

यस वर्षको वित्तिय प्रतिवेदन २७० को टिप्पणी १.१ मा राजस्व प्राप्तिको विवरण अनुसार रु.१८,७९,१८,१४१ र सञ्चित कोषको प्रतिवेदन अनुसुची १ अनुसार रु.४०.७४.००.४३५ आम्दानी प्राप्त भएको देखिन्छ । सो विवरण अनुसार रु.२१,९४,८२,२९४ फरक परेकोले रकम यकिन गरी विवरण अद्यावधिक गर्नुपर्ने देखिएको छ।

४ आन्तरिक नियन्त्रण प्रणाली-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्ने, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको तर पुर्ण रुपमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका केही थप व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा उपमहानगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको ,

• वागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ८ मा कार्यविवरण लागु गर्नुपर्ने उल्लेख भएकोमा तोकिएको ढाँचामा कार्यविवरण तयार गरी प्रदेश किताबखानामा पठाउनुपर्नेमा नपठाएको,

• पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराख्नुका साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• पालिकाले cross section बेगर ग्रावेल गर्दा खाल्डा खुल्डि तथा सतहमा लाग्ने परिमाण, ग्रावेलको मोटाई उचाई सहितको लेभलिङ सहितको स्पेशिफिकेशन सहित लागत अनुमान नगरी सिधै नापी किताबमा चढाएको परिमाणलाई नै भुक्तानी गर्ने गरेको,

• पालिकाले अधिकांश पहिरो सडक सरसफाईमा निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत पटके रुपमा काम गराएकोले विपत् व्यवस्थापन शीर्षक अन्तर्गत बजेट विनियोजन गरी विपतग्रस्त स्थानको प्राविधिक लागत अनुमान समेतको मुल्यांकन गरी बजेट व्यवस्थापन गरी खर्च गर्नुपर्नेमा सो नगरेको,

• पालिकाबाट सम्पन्न भएका योजनाहरुको पालिका स्तरीय अनुगमन समितिले अनुगमन गरेकोमा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधिले अनुगमन गरी हस्ताक्षर नगरेको साथै कतिपय अनुगमन प्रतिवेदनमा योजनाको नाम, अनुगमनबाट देखिएका व्यहोरा समेत उल्लेख नगरी दस्तखत मात्र समेत गरेको,

• सोझै खरिद गर्दा पेश गरेका कोटेशन दर्ता हुने नगरेको,

• सवारी साधन मर्मत र ईन्धन खर्चको कुपन तथा बीजकमा सवारी साधन नम्बर उल्लेख नगरेको,

• ईन्धनको अभिलेख पाम्समा दाखिला हुने नगरेको,

• पालिकाले तलब भत्ता भुक्तानी गर्दा एउटै प्रकृतिमा तलब भत्ता भुक्तानी हुने कर्मचारीको समेत फरक फरक तलबी पेरोल वनाउँदा तलब भत्ता खर्च यकिन हुन नसकेको,

•कार्यालय सञ्चालन लगायत अन्य खरिद समेतको लागि कर्मचारीलाई पेस्की दिने गरेको,

• भ्रमणको मूल्याङ्कन योग्य र प्रष्ट उद्देश्य सहितको आदेश दिई तोकिएको अधिकारीबाट स्वीकृत हुनु पर्ने, भ्रमण स्थान खुलाउनुपर्ने र भ्रमण बाट फर्किए पछि भ्रमणको उद्देश्य ,अवस्था, उपलब्धी तथा सिकाई, समस्या र सुझाव सहितको स्वीकृत ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेमा सो नगरेको,

• नवीकरण शुल्क समयमा बुझाई छुट समेत लिनुपहिर्नेमा ढिलो वुझाउँदा जरिवाना सहित खर्च लेख्ने गरेको,

• वडा समितिको माईन्युटमा एकै प्रकृतिका र उस्तै निर्णयमा पटक पटक बैठक बसी भत्ता बुझेको तथा नियमावलीमा व्यवस्था भएभन्दा बढी आमन्त्रित सदस्य राखी भत्ता भुक्तानी गर्ने गरेको,

• वडा कार्यालयवाट भुक्तानी हुने योजनामा समेत कार्यपालिकाको स्वीकृति विना हेभि मेशिन प्रयोग गर्ने गरेको,

• बागमती प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन २०७५ मा वडा अध्यक्ष लगायतका पदाधिकारीलाई तोकिएअनुसार यातायात सुविधा वापतको रकम नगर कार्यपालिका कार्यालयबाट भुक्तानी हुने गरेकोमा वडा कार्यालयवाट समेत थप ईन्धन र अन्य विभिन्न शीर्षकबाट ईन्धन लिने गरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

५ **लेखापरीक्षण प्रतिवेदन उपर छलफल -**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नुपर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नुपर्दछ । उपमहानगरपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदनका व्यहोरा (सैद्धान्तिक व्यहोरा समेत) उपर लेखा समिति तथा सभामा दफावार छलफल गरी निर्णय गरेको देखिएन । कानुन बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कायम बेरुजु फर्छयौटको कार्वाही टुङ्गो लगाई कानुनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ।

६ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । त्यस्तै उपमहनगरपालिकाले सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि २०८२, मिति २०८२।२।२३ मा राजपत्रमा प्रकाशन गरेको छ । सो कार्यविधिको बुँदा नं ६ मा आन्तरिक लेखापरीक्षण शाखा प्रमुख वा महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले आर्थिक वर्ष ०८१/८२ को अन्तर सरकारी अख्तियारी बाहेक सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाको आन्तरिक लेखापरीक्षणको लागि ४ जनाको दरबन्दी रहेकोमा उक्त दरबन्दीमा कर्मचारीको व्यवस्था नगरेको हुँदा अन्तिम लेखापरीक्षण अवधिसम्म पनि कर्मचारी पदपूर्ति हुन नसकेको कारण आन्तरिक लेखापरीक्षण हुन नसकेको साथै महालेखा नियन्त्रक कार्यालय मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध समेत गरेको पाईएन । पालिकाले रिक्त रहेका आन्तरिक लेखापरीक्षकको लागि प्रदेश लोकसेवा आयोगसँग पदपूर्तिको लागि लेखी पठाएको समेत छैन । लोकसेवा आयोगमा लेखी नपठाएको अवस्थामा सो को कारण समेत खुलाएको छैन । पालिकाले रिक्त दरबन्दी पदपूर्ति गरी वा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

७ **बजेट सीमा निर्धारण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको बैठक वर्षभरिमा २ पटक बसे तापनी प्रभावकारी छलफल तथा निर्णय नभएकोले योजना कार्यान्वयन तथा भुक्तानीका वखत अन्य योजना तथा शिर्षकवाट सापटी लिई भुक्तानी गर्ने गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट खर्च गर्ने अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र उपमहानगरपालिकाको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकामा नगर उपप्रमुखले मिति २०८१।०३।२ मा नीति तथा कार्यक्रम र बजेट पेश भई रू.२ अर्व ८४ करोड ७० लाख ५९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।७ मा पारित भएको छ । यसै गरी उपमहानगरपालिकाको प्रमुखले मिति २०८१।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ

१० **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा २.६.८ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा र पुँजीगत कार्यक्रमतर्फ निर्माणका योजनामा निम्नानुसार १९ वडाको लागि वडागत र पालिकास्तरका कुल ९०८ योजनामा बजेट विनियोजन गरेको छ।

योजना	रु.१लाख सम्मको	रु.१लाख देखि २लाख सम्म	रु.२लाख देखि ५लाख सम्म	रु.५लाख देखि१०लाख सम्म	रु.१०लाख देखि५०लाख सम्म	रु.५०लाख भन्दावढी	जम्मा
वडा स्तरीय	९८	९३	१८९	६६	१५	०	४६१
न.पा.स्तरीय	११	१९	२६४	९८	४८	७	४४७
कुल जम्मा	१०९	११२	४५३	१६४	६३	७	९०८

उपर्युक्त विवरणअनुसार ५ लाख भित्रका योजना ६७४ वटा अर्थात करिब ७४ प्रतिशत रहेका छन् । उपमहानगरपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ उपमहानगरपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ **दिगो विकास योजना :**

संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वयन गर्न नेपालले १६ वटा बुँदामा प्रतिबद्धता व्यक्त गरी लक्ष्यको स्थानीकरण र आन्तरिकीकरण गरेको छ ।पूर्वाधार, कृषि, पशु, उर्जा, समाजकल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका विषयहरुका कार्य जिम्मेवारी संघीयता सँगै स्थानीय स्तरमा हस्तान्तरण भैसकेको छैन । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय तहले सूचक निर्धारण गर्ने, डाटा तयार गर्ने, प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन । दिगो विकासको लक्ष्य अनुरुप खण्डीकृत डाटा तयार गरी कार्यक्रम बनाउने, समन्वय गर्ने, अभिलेख र तथ्यांक राखि दिगो विकासको राष्ट्रय सूचक हासिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो विकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागु गरी अभिलेख र सूचना प्रणाली प्रभावकारी बनाउनु पर्दछ

१२ **नीति तथा कार्यक्रमको कार्यान्वयनः**

उपमहानगरपालिकाले स्वीकृत गरेको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वियन गर्नुपदछ । पालिकाले यस वर्षको नीति तथा कार्यक्रम पारित गरेकोमा निम्नानुसार नीतिलाई कार्यान्वियन गर्ने बजेट व्यवस्था नगरेको र बजेट व्यवस्थापन भएकोमा समेत कार्यान्वियन नभएको पाइयो। उपमहानगर पालिकाले कार्यान्वियन योग्य कार्यक्रमहरु मात्र नीति तथा कार्यक्रममा समावेश गर्ने र घोषणा भएका नीति तथा कार्याक्रमहरुको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ । केही प्रमुख बेहोरा निम्न छन्;

नीति तथा कार्यक्रम	कार्यान्वयनको अवस्था
· वडा नं १० स्थित निर्माणाधीन सुविधा सम्पन्न बस टर्मिनल सहितको सपिङ् कम्पलेक्सको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने, हेटौडा कम्पलेक्स निर्माण कार्यको मोडालिटी प्रक्रिया अगाडि बढाइने	बस टर्मिनल सहितको सपिङ् कम्पलेक्सको निर्माण कार्य भैरहेको, हेटौडा कम्पलेक्स निर्माण कार्यको प्रक्रिया शुरु नभएको
· नगर भित्र रहेका ग्यारेज र कवाडी व्यवसायसमेतलाई उपयुक्त स्थानमा स्थानान्तरण गरिने	कार्यान्वयन नभएको
· मापदण्ड तयार गरी नियमित मर्मत सम्भार दिगो पुर्वाधार आधार भन्ने मर्मअनुसार नगरबाट संचालन हुने पूर्वाधार विकासको योजनामा विनियोजित बजेटको २ प्रतिशत मर्मर्त सम्भार कोष र २ प्रतिशत कन्टिन्जेन्सी गरी जम्मा ४ प्रतिशत कट्टी गर्ने व्यवस्था लागू गर्ने	२ प्रतिशत कट्टी गरी मर्मत सम्भार कोषमा राखेकोमा मापदण्ड तयार नभएको
· भवन निर्माण इजाजत प्रक्रियालाई छरितो ढंगबाट सेवा प्रवाह गर्न विद्युतीय नक्शा इजाजत प्रणाली EPBS संचालनमा ल्याइने	कार्यान्वयन नभएको
· सबै वडालाई प्रविधिसंग जोड्दै सबै प्रकारका कर राजस्व अनलाई प्रणालीबाट संकलन गर्ने, कर राजस्व संकलन व्यवस्थालाई थप प्रभावकारी बनाउन बिद्युतीय भुक्तानी (Connect IPS, विभिन्न बैंक तथा वित्तीय संस्था र मोवाइल वालेट) सेवा प्रदायक समन्वय गरी Quick Response Code (QR Code) द्वारा भुक्तानी हुने व्यवस्था गरिने	कार्यान्वयन नभएको
· घरजग्गा बहाल करलाई प्रभावकारी बनाउन कार्यविधि तयार गरी सम्बन्धित वड़ा कार्यालयलाई अनिवार्य रूपमा घर बहाल सम्झौता अभिलेखाङ्कन गराउने	कार्यान्वयन नभएको
· प्रदेश सरकारसंगको समन्वयमा टेलिभिजन केबुल सञ्चालक र डिसहोम विक्रेता डिलरबाट ग्राहक सङ्ख्याको आधारमा मासिक रुपमा मनोरञ्जन कर लिने व्यवस्था मिलाउने	कार्यान्वयन नभएको
· निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७४ को प्रावधानसमेतलाई मध्यनजर राखी विद्यार्थीलाई मनोरञ्जनात्मक तवरले सिक्ने अवसरको सिर्जना गर्दै सिपमूलक सिकाइको सुनिश्चिताका लागि "सुनौलो शुक्रवार" कार्यक्रम सञ्चालनमा ल्याइनेछ।	कार्यान्वयन नभएको
· शिक्षकको पद रिक्त हुँदा पठनपाठनमा हुने क्षति न्यूनीकरण गर्नका लागि शिक्षक बैंक, "Mobile Teacher" "Silver Volunteer को व्यवस्था गरिनेछ । शिक्षक प्रसुति विदामा बसेका बखत विद्यार्थीको पठनपाठनमा बाधा नपुग्ने गरी सिकाइ आपूरणका लागि वैकल्पिक व्यवस्था गरिनेछ	शिक्षक बैंक र प्रसुति विदामा बसेको वैकल्पिक व्यवस्थाको कार्यान्यिन भएको
· गृहिणी महिला तथा विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका व्यक्तिलाई अनौपचारिक आजीवन सिकाइका माध्यमबाट माध्यमिक तहसम्मको शिक्षामा पहुँच सुनिधतताका सामुदायिक सिकाइ केन्द्रसँगको समन्वयमा बैकल्पिक विद्यालयको स्थापना र सञ्चालन गरिने	कार्यान्वयन नभएको
· विद्यालयलाई समाहित गरी गुणस्तरीय शिक्षाको व्यवस्था गर्न नगरको सहयोग र समन्वयमा विशिष्टीकृत मेघा विद्यालय" सञ्चालनको सम्भाव्यता अध्ययन गरी कार्यान्वय गर्नका लागि कानुनी आधार निर्माण गरिने	कार्यविधि मात्र बनाएको
· सरकारी, सार्वजनिक जग्गाको तथ्याङ्क र अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिने	कार्यान्वयन नभएको
· संघ तथा प्रदेश सरकारको समन्वय तथा सहयोगमा हटिया र पदमपोखरी स्थित आधारभूत अस्पताललाई स्वास्थ्य बीमा वोर्डसँग आवद्ध गरी बीमा सुविधा सहितको स्वास्थ्य सेवा सञ्चालन गरिने	कार्यान्यिन नभएको
· सरोकारवालाको समन्वय र सहकार्यमा नगरलाई क्षयरोगमुक्त बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने	कार्यान्यिन नभएको
· सञ्चालनमा रहेका साना आयुर्वेद अस्पताललाई मर्ज गरी एकीकृत सेवा प्रवाह गर्ने	कार्यान्यिन नभएको
· स्थानीयबासीलाई सरल र सुपथ मूल्यमा औषधि उपलब्ध गराउन उपयुक्त स्थानको पहिचान गरी सुलभ फार्मेसी सञ्चालनमा ल्याउने	कार्यान्यिन नभएको

१३ **अबण्डा रकम -**

स्थानीय सरकार सञ्चालन, ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा राखी आयव्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ। वडा कार्यालबाहेक मात्र पालिकाले निम्न अनुसारका कार्यक्रम तथा शीर्षकमा रु. ३ करोड ८४ लाख ८३ हजार बजेट अबण्डा राखी अन्य शीर्षकहरुमा समेत खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी पटके तोकादेशवाट बजेट खर्च गर्ने गर्दा आवश्यकता र प्राथमिकताको पहिचान नहुने, आवश्यक कार्यक्रमको छनोट हुन नसक्ने, उत्पादनमा वृद्धि हुने कार्यक्रमभन्दा वितरणमुखी कार्यक्रमको छनोट हुन गई स्रोतको दुरुपयोग समेत हुनसक्ने सम्भावना रहने हुँदा अबण्डामा बजेट व्यवस्था गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

शिर्षक	**बजेट**	**खर्च**
विविध पूर्वाधार	१६००००००	५८७५४२५
उपमेयरसँग युवा कार्यक्रम	४००००००	३०७४०३९
मागमा आधारित कार्यक्रम ३० लाख, खेलकुद सामाग्री वितरण ११८५००० समेत मागमा आधारित कार्यक्रम	१८४८३०००	१०१४८८५३
जम्मा	**३८४८३०००**	**१९०९८३१७**

१४ **पालिकाको सभा बाहेक कार्यकारी निर्णयबाट भएका योजना-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(३) मा सभावाट स्विकृत बजेटको परिधिभित्र रहि प्रचलित कानुन बमोजिम खर्च गर्ने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने उल्लेख छ । पालिकामा बजेट अधिवेशनबाट योजना वर्गीकरण तथा विनियोजन नगरी पटके रुपमा कार्यपालिका तथा तोकादेशका आधारमा कार्यान्वियन भई सम्पन्न भएपश्चात् मात्र सभामा एकुमुष्ठ पेश गरी निम्नानुसारका १५० योजना अनुमोदन गरेको पाईयो । आयोजना बैंक निर्माण नहुने हुनाले माग, आवश्यक्ता र प्रभाव विश्लेषण नभई टुक्रे योजना कार्यान्वियन हुनु उपयुक्त देखिदैन । वडा समिति तथा कार्यपालिकाबाट मात्र निर्णय भई रु.६,२४,०४,२९९ बराबरका कार्यान्वियन भएका योजना निम्नानुसार छन् ।

(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१५ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार पालिकाले सभाबाट स्वीकृत बजेटको अधिनमा रहि बढीमा पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिने उल्लेख छ। त्यस्तै उपमहानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ दफा ९ मा बढीमा २० प्रतिशत सम्म रकमान्तर गर्न सकिने उल्लेख छ । तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा २०८१ आषाढमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको कार्यपालिकाको पटके निर्णयबाट ४६३ वटा विभिन्न कार्यक्रम तथा योजनामा रु.२१,६२,०३,२३६.७५ घट गरी ७९४ वटा नयाँ योजनाामा रु.६०,०६,४४,३८२.७५ बढाएर रकमान्तर गरी खर्च गरेको छ । उक्त रकम पारित सुरु बजेट रु.२,८४,७०,५९,३१६ को २१.१० प्रतिशत हुन आउँछ । कार्यपालिकावाट गरेका सम्पूर्ण निर्णयहरु आ. व. २०८२।८३ को बजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पूर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शीर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियमसम्मत देखिएन । तोकिएको सिमाभित्र तोकिएको शीर्षकमा नीति तथा कार्यक्रमले तोकिएका कार्यक्रममा मात्र रकमान्तर गरी बजेट कार्यान्वियन प्रकृयालाई पारदर्शी बनाउनुपर्दछ । यसरी उपमहानगरपालिकाको बजेटमा नियमानुसार तोकिएको सीमा भन्दा बढी रकमको रकमान्तर भएको अनियमित देखिएको छ ।

१६ **कानुन निर्माण स्थिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस उपमहानगरपालिकाले हालसम्म हालसम्म ३६ वटा ऐन, ८ वटा नियमावली, १९ वटा निर्देशिका, ६१ वटा कार्यविधि, ३ वटा मार्ग दर्शन, १० वटा मापदण्ड लगायत ३८ वटा संशोधन गरी १३७ वटा कानुन निर्माण गरेको छ । साथै पालिकाले उक्त कानूनहरू नगरसभा।कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ । पालिकाले कार्यसञ्चालन निर्देशिका २०७८ तयार गरेको ४ वर्षमा ३ पटक संशोधन गरेको देखिन्छ । ऐन कानुन बनाउँदा दुरगामि प्रभाव र वस्तुनिष्ठ हुने गरी निर्माण तथा संशोधन गर्ने गर्नुपर्दछ ।

१७ **न्यायिक समितिको कार्य सम्पादन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५१ र यो वर्ष थप भएको ७ गरी कुल १५८ विवाद दर्ता भएकोमा ३४ वटा फर्स्यौट भई १२४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **चौमासिक विवरण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा उपमहानगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाब पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु उल्लेखित निकायहरुमा पठाउनु पर्दछ ।

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

२० **सूचनाको हक** -

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम नगारिकको सूचनाको हकको संरक्षण र प्रवर्धनको लागि कार्यालयसंग माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नुपर्ने, तीन तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, वेभ साइट नियमित रुपमा अद्यावधिक गर्नुपर्ने, सूचनाको वर्गिकरण र अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले स्वतः प्रकाशन नगरेको, सूचनाको वर्गिकरण एवं माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै छुट्टै अभिलेख अद्यावधिक गरेको पाइएन। पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२१ **खरिद योजना तथा गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत सुत्रवाट कारोवार हुने मात्र वार्षिक रू.५७,४६,४७,८७३

पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । उपमहानगरपालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः उपमहानगरपालिकाले उक्त नियमावली बमोजिम गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी २०८०।१०।२२ मा पद दर्ताको लागि किताबखानामा पठाएको जनाएकोमा सर्वेक्षण प्रतिवेदन दर्ता भएको तर कितावखाताले पद दर्ता गरेको छैन । उक्त सर्वेक्षणमा थप दरवन्दीको स्रोत व्यवस्थापन गर्ने सम्वन्धमा आषाढ मसान्तसम्म स्पष्ट गरेको छैन । प्रमुख प्रशासकीय अधिकृत सहित स्वास्थ्य तर्फ बाहेक मात्र ७४५ दरबन्दी स्वीकृत मध्ये स्थायी तर्फ ४४० र करारतर्फ ३०५ जना रहेको देखिन्छ । स्थायी २९१ जना करार ज्यालादारी तर्फ ६० जनाको पद रिक्त रहेको हुँदा ३९४ पदपूर्ती भएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका उपनिर्देशक, सिडिई, मेडिकल अधिकृत, राजस्व अधिकृत तथा आन्तरिक लेखापरीक्षण अधिकृत सहित १४९ स्थायी पदहरु रिक्त रहेका छन् । वडा कार्यालयमा वडा सचिव र लेखापाल पटक पटक परिवर्तन हुने गरेको र एउटै लेखापाल ले २/३ वटा वडामा लेखा प्रमुखको रुपमा काम गरेको पाईयो ।

२३ **कर्मचारी करार** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको दफा ८३(८) बमोजिम नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैँचे लगायतका सहायक तहका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारी गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने र तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी ज्यालादारी वा करारमा नियुक्ति गरेमा उक्त तलब भत्ता वापतको खर्च रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । पालिकाले समायोजन ऐन २०७४ को अधीनमा रही कर्मचारी समायोजन नभएसम्मको लागि स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को अधीनमा रही स्वीकृत दरबन्दी भित्रका पद रिक्त भएमा मात्र करारमा कर्मचारी राख्न पाउने व्यवस्था रहेकोमा कर्मचारी समायोजन भएपश्चात् यस वर्ष पालिकाले विभिन्न पदमा करारमा २४५ जना कर्मचारी भर्ना गरी रू.६,३९,३४,८१७ खर्च लेखेको छ । स्थानीय सरकार गठन भएको ७ वर्ष पुरा भएको अवस्थामा समेत प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ति केही पद माग नगरी करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । यसरी दरबन्दी भित्रका पदमा स्थायी कर्मचारी पदपूर्ति नगरी करारमा कर्मचारी राखेको नियमसम्मत देखिएन ।

सि नं	पद तह	संख्या	खर्च रकम
१	मेडिकल अधिकृत	१	७६५०००
२	कानून अधिकृत/वरिष्ठ कानून अधिकृत	१	५८५०००
३	इन्जिनियर/वरिष्ठ इन्जिनियर (सिभिल)	२	११७००००
४	स्टाफ नर्स/ सि.अ.न.मी.	२	९३६०००
५	सब-इन्जिनियर (मेकानिकल)	१	४८५०००
६	प्राविधिक सहायक (कृषि/माटो)	१	४८५०००
७	प्राविधिक सहायक (खाद्य)	१	४६८०००
८	नायव प्राविधिक सहायक/ प्राविधिक सहायक	१	४१६०००
९	अमिन/सर्वेक्षक	३	१२४८०००
१०	हे.अ./सि.अ.हे.व./अ.हे.व.	११	२५७६०००
११	अ.न.मी./सि.अ.न.मी./पब्लिक हेल्थ नर्सिङ	७	१९१२०००
१२	ल्याब असिस्टेन्ट/ ल्याब टेक्निसियन	३	११७००००
		३४	१२२१६०००

२४ **सेवा समुह तथा तहवृद्धि -**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ६ मा दरवन्दी मिलान र अद्यावधिक गरिने उल्लेख छ । त्यस्तै दफा ४ अनुसूची ३ (१ ग र घ) मा स्थानीय तहमा रहने सेवा तह र पद नाम उल्लेख भएअनुसार वरिष्ठ लेखा सहायक पाँचौ र सहायक लेखा अधिकृत छैटौ लेखा समूूहमा रहने उल्लेख छ । उक्त व्यवस्था अनुसार वरिष्ठ लेखापरीक्षण सहायक पाँचौ र सहायक लेखापरीक्षण अधिकृत छैटौ आन्तरिक लेखा परीक्षण समूहमा रहने उल्लेख छ । पालिकाले २०८१।१०।१५ समेत को प्रमुख प्रशासकीय अधिकृत स्तरको निर्णयअनुसार तथा नियुक्तिपत्रानुसार ३ कर्मचारीलाई आन्तरिक लेखापरीक्षण सहायक पाँचौ वाट सहायक लेखा अधिकृत तथा १८ जना कर्मचारीलाई सहायक पाँचौ वाट अधिकृत छैटौँ तह वृद्धि गरी वडा कार्यालयमा क्रमश:लेखा प्रमुख र वडा सचिव समेतको जिम्मेवारी दिएको पाइयो । यस वर्ष पालिकाले अन्य विभिन्न पदका कर्मचारी समेत २१ जना तहवृद्धि गरेको छ ।

२५ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा स्थानीय सेवा गठन तथा सञ्चालन सम्बन्धि ऐन, २०७९ को दफा ६९(५) मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ र पालिका प्रशासनिक कर्मचारीतर्फ पारिश्रमिक तलव भत्ता वापत रू.२१,१९,००,११० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२६ **कर्मचारी कल्याण कोष-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम उपमहानगरले थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त कोषमा नियमानुसार जम्मा हुनुपर्ने रकमका अतिरिक्त राजस्व वाँडफाँड तथा आन्तरिक श्रोतवाट कायम भएको एकमुष्ठ विनियोजन र विभिन्न रकम रकमान्तर/ट्रान्सफर समेत वाट कुल

रु.५,२३,३१,६५८ आम्दानी गरी रु.३,३३,८१,००० खर्च लेखेको छ । बीमा उपचार विदा तथा उपदानको लागि खर्च भएको यस प्रकारको खर्च गर्न उक्त कोष/कार्यक्रम संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी स्पष्ट कानूनको व्यवस्था नभई पालिका अनुदानबाट कार्यक्रम निर्धारण गरी कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको त्यहाँवाट कर्मचारी कल्याण कार्यक्रम, अवकाश कर्मचारीको सुविधा तथा अन्य पटके दायित्व भुक्तानीमा रकम खर्च गरेको छ । प्रत्येक वर्ष हुने यस प्रकारको खर्चको एकिकृत भुक्तानी रकम र लाभान्वित कर्मचारी संख्या समेत अद्यावधिक नगरेको साथै सम्बन्धित कर्मचारीको योगदान थप नगरी उपमहानगरवाट कोषमा जम्मा भएको यस्तो रकम खर्च सम्बन्धमा हाल सम्म कार्यविधि लगायतका कानुन निर्माण वेगर खर्च गर्नु उपयुक्त देखिदैन। उपमहानगरले कोषमा कर्मचारीको योगदान थप सोही वरावर कोषमा अनुदान पठाउने र कानुन बनाएर मात्र कोषको रकम खर्च गर्नु पर्दछ ।

२७ **स्थानीय भत्ता र थप भत्ता -**

पालिकाको नगर कार्यसञ्चालन निर्देशिका २०८१ को बुँदा नं १६ मा आन्तरिक श्रोतवाट व्यहोर्ने गरी सुरु तलब स्केलको १० प्रतिशतले हुने रकम स्थानीय भत्ता उपलव्ध गराईने उल्लेख छ । अर्थ मन्त्रालयको च.नं ६८ (ब त २ तलव भत्ता) मिति २०७१।५।२ को तलव भत्ता सम्बन्धी परिपत्रमा नेपाल सरकारको मिति २०७१।३।२९ को निर्णयानुसार २०७१।४।१ देखि लागु हने गरी स्वीकृत भएको स्थानीय भत्ताको दर तथा जिल्ला समेत तोकेको छ । उक्त परिपत्रानुसार मकवानपुर जिल्ला “ङ” वर्गमा पर्ने र सोही अनुसार स्थान वर्गीकरणमा "ङ" वर्गले स्थानीय भत्ता नपाउने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ मा कुनै कर्मचारीले थप काम गर्नुपरेमा प्रमाणित हाजिरी अभिलेख र कार्यप्रगति सहित खाना खाजा वापतको रकम भुक्तानी गर्न सकिने तर प्रोत्साहन भत्ता भुक्तानी नहुने उल्लेख छ । पालिकाको नगर कार्यसञ्चालन निर्देशिका २०८१ मा स्थानीय भत्ता उपलव्ध गराउन सकिने उल्लेख भएअनुसार नियमित तलबका अतिरिक्त १० प्रतिशत स्थानीय भत्ता उल्लेख गरी थप भत्ता समेत यस वर्ष रु.२,०६,४३,९५९।५० खर्च लेखेको छ । नेपालको संविधानको धारा ५७(६) मा प्रदेश तथा गाउँसभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने उल्लेख भएकोमा पालिकाले बनाएको कानुन संघ तथा प्रदेशसँग बाझिएको, संघीय कानुनलाई समेत ध्यान दिई विद्युतीय हाजिरी तथा कामको प्रगति अभिलेख राखेर मात्र दोहोरो नपर्ने गरी कर्मचारीलाई कार्य बोझका आधार समेत विश्लेषण गर्नुपर्ने, अतिरिक्त व्ययभार पर्ने विषयमा संघीय कानुनलाई समेत विचार गरी बजेट व्यवस्था गर्ने र खर्चमा मितव्ययिता ल्याउनेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

२८ **त्रैमासिक खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम प्रगति विवरण वनाई पेश गर्नुपर्ने र कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। उपमहानगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

बजेट उपशिर्षक	कुल खर्च	**त्रैमासिक खर्च**				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	अषाढ महिना
चालु खर्चतर्फ	१५०११५६५८३	३०४१८४४५३	२३९०६५१६०	३९६४७२२७७	५६१४३४६९४	३६७३१६६६३
पुँजीगत खर्चतर्फ	५७४६४७८७३	३८९८७९८७	६८७४९६१५	११०१४०३१२	३५६७६९९५९	२३६४५९७८४
जम्मा खर्च	२०७५८०४४५६	३४३१७२४३९	३०७८१४७७५	५०६६१२५८९	९१८२०४६५३	६०३७७६४४७
जम्मा बजेट	२८३७०५९३१६					
	७३	१६	१५	२४	४५	२९

उपमहानगरपालिकाको कुल खर्च रू.२,८३,७०,५९,३१६ विनियोजन भई रु.२,०७,५८,०४,४५६ खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.३४,३१,७२,४३९ (१६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.३०,७८,१४,७७५ (१५ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.५०,६६,१२,५८९ (२४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९१,८२,०४,६५३ (४५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.६०,३७,७६,४४७ (२९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित

खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२९ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, सम्झौता रकम, भुक्तानी भएको रकम, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन, पेश्कीको विवरण लगायतको जानकारी उपलब्ध हुन्छ । उपमहानगरपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

३० **क्षेत्रगत बजेट तथा खर्च**-

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । उपमहानगरपालिकाको सुत्रतर्फको क्षेत्रगत रूपमा कुल बजेट रु.२८४७०५९३१६ बजेट मध्ये खर्च रु.२०८५८०४४५६ अर्थात् समग्र रूपमा बजेटको ७३.२६ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क्र.सं.	क्षेत्र/ उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	१८६३८२१३३	१११८३८६३५	५
२	पूर्वाधार विकास	७५६८९३४५०	४२८०९९२८६	२१
३	सामाजिक विकास	११६२३३९६४७	९६२५१७८१५	४६
४	शुसासन तथा अन्तरसम्बन्धित क्षेत्र	४१९३३७१९	२११६३७२२	१.०
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६९९५१०३६७	५६२१८४९९८	२७
कुल जम्मा		**२८४७०५९३१६**	**२०८५८०४४५६**	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबै भन्दा घटी अर्थात् १ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको आर्थिक विकास तर्फ ५ प्रतिशत तथा पूर्वाधारतर्फ २१ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । खर्च गर्दा आवश्यकताको आधारमा सबै क्षेत्रमा प्राथमिकताका आधारमा समानुपातिक ढंगबाट खर्च गर्नु उपयुक्त देखिन्छ ।

३१ **खर्च विश्लेषण** -

उपमहानगरपालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.४०७४००४३६ राजस्व बाँडफाँड र अनुदानबाट रू.२३०९६९३११५ तथा अन्य विविध आय समेत रू.२८१८७२८६९५ आम्दानी भएकोमा चालु तर्फ रू.१५०११५६५८३, पुँजीगत तर्फ रू.५७४६४७८७३ तथा सामाजिक सुरक्षा कार्यक्रम समेतको वित्तीय व्यवस्थामा रू.८१०७७४५३५ गरी कुल रु.२८८६५७८९९१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.११ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१८४९५०५३ खर्च भएको छ, जुन आन्तरिक आयको ४.५४ प्रतिशत रहेको छ । यस बाहेक उपमहानगरपालिका तथा वडा कार्यालयबाट ईन्धन सहितका पटके सुविधा वापत थप भुक्तानी भएको छ । उपमहानगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँड समेतको आम्दानी रकमबाट चालुतर्फ ५२ प्रतिशत, पुँजीगत निर्माणमा १९ प्रतिशत र फिर्ता तथा सामाजिक सुरक्षा अनुदान समेतको वित्तीय व्यवस्थामा २८ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट उपमहानगरपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च बजेट व्यवस्था एवं खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। चालु शीर्षक अन्तर्गतको प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३२ **दायित्व सृजना** -

३२.१ **भुक्तानी बाँकी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकबाट स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत सभाबाट गत वर्षको विभिन्न योजनाको रु.२१,२३,७०,०७५ भुक्तानी बाँकी राखी आ. व. २०८१।८२ मा रु.१७,४४,७१,२६६ भुक्तानी गरेको र यस आर्थिक वर्ष २०८१।०८२ का विभिन्न योजना तथा कार्यक्रम आर्थिक वर्ष २०८२।०८३ को लागि रु.२३,०७,००,०३० भुक्तानी दिन बाँकीको व्यवस्था गरेको जनाएको छ । शाखाहरुले भुक्तानी वाँकीको विवरण राख्ने गरेको तर एकिकृत रुपमा प्रमाणित गरी कम्पोनेन्ट वाईज पालिकामा अद्यावधिक विवरण राखेको पाइएन ।वार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने तथा केही सालबसाली ठेक्काका योजनाको रकम समेत भुक्तानी बाँकीको रुपमा राख्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि उपमहानगरपालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । तलब भत्ता तथा खाना खाजा वापतको रकम चालु प्रकृतिका काममा पहिले नै यकिन हुने भएकोले यस प्रकारको भुक्तानी बाँकी राख्नु उपयुक्त होईन । यसमा पालिकाले खर्च नियन्त्रण गरी थप दायित्व सिर्जना नहुने गरी बजेट खर्च गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु पर्दछ ।

३२.२ **दायित्व भुक्तानी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।साथै आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियममा स्वीकृत दरवन्दीको तलव, महँगी भत्ता, स्थानीय भत्ता ,शरुवा भ्रमण खर्च, घर भाडा ,पोषाक ,खाद्यान्न ,औषधी उपचार, विरामी तथा वन्दीको सिदा, सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रममा शमावेश भएको कुनै व्यक्ती फर्म संस्था वा कम्पनी संग सम्झौता भएको सम्झौता बमोजिमको रकम जस्ता अनिवार्य दायित्वका विषयहरुबाहेक अन्य खर्चहरु भुक्तानी दिन बाँकीको विवरणमा राखेर भुक्तानी गर्न नहुने उल्लेख छ।साथै अनिवार्य दायित्वका विषयहरु भुक्तानी गर्दा भुक्तानी दिन बाँकीको कच्चावारी विवरण महालेखापरीक्षकको फारम नं प्रमाणित गराएर आगामी वर्षको कार्यक्रमको बजेटले भ्याएमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकी खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी सभाको निर्णय बमोजिम यस वर्षको बजेटमा नै समावेश गरी चालु तथा पुजीगत तर्फ समेत गरी कुल रु.१७,४४,७१,२२६ भुक्तानी दिएको छ । पालिकोले उल्लेखित अनिवार्य दायित्वका विषयका खर्च बाहेकका खर्चहरु भुक्तानी दिन दायित्व भनि भुक्तानी दिएको पाईयो ।अनुगमन पश्चात योजना फरफारक भुक्तानी बैठक भनि अनुगमन प्रतिवेदन समेत संलगन नगरी प्राविधिकको ठेक्का वा उपभोक्ता बिलको साराँश अँक संलग्न गरी निम्नानुसार २०८०।८१ को भत्ता खर्च भुक्तानी गरेको पाईयो । सम्बन्धित वर्षमा नै भुक्तानी हुने गरी बजेट व्यवस्था मिलाउनु पर्दछ ।

खर्च शीर्षक	कार्यक्रमको नाम	कारोबारको संक्षिप्त व्यहोरा	भुक्तानी पाउनेको नाम	भुक्तानी दिन बाँकी रकम
	सोनाम ल्होसार कार्यक्रम सन्चालन		सोनाम ल्होसारसमिति	७४९७०
22522	परीक्षा भुक्तानी	मिति२०८१।३।३२गते सिफारिस भएका पदहरुको छुट भुक्तानी माग	विना ठिके	१५३४५
२२७२१	नगरसभा संचालन खर्च		विना ठिके	१५०४२९८
२७२१९	आर्थिक सहयोग सम्बन्धमा	हेटौंडा स्कुल अफ म्यानेजमेन्ट	दिपक जोशी	२०००००
२७२१९	आर्थिक सहयोग सम्बन्धमा	बाल विकास सहजकर्ता	मखमली थापा	१०००००
२११३९	आर्थिक सहयोग सम्बन्धमा	थाहा कला केन्द्र	थाहा कला केन्द्र	१०००००
२२४१३	व्यक्ति करार ज्यालादारी	दैनिक ज्यालादारी तलब ११	व्यक्ति करार ज्यालादारी	१२२००००
२२५२२		८ नं. वडा बालमैत्री घोषणा कार्यक्रम	भगवती रिमाल ८ नं. वडा सचिव	२०००००
	अतिरिक्त समयमा कार्य गरेको खाजा खर्च	शव बहान चालक खाजा खर्च	हरि प्रसाद दहाल	५०६५०
	विपद् फोकल पर्सन	विपद् सम्बन्धि कार्य गरेको प्रोत्साहन	चन्दा खड्का	३२०००
	प्रोत्साहन भत्ता	शक्सन पम्म तान्ने कर्मचारीलाई प्रोत्साहन	गोकर्ण वि.क.	११४००
२२५२२	कक्षा ८ को परीक्षा संचालन र व्यवस्थापन	कक्षा ८ को परीक्षा संचालन शिक्षक/ कर्मचारीको खाजा खर्च	विभिन्न संस्थागत विद्यालयहरु	१५००००
२२५२२	उद्यम विकासका लागि सामाजिक परिचालन र उद्यमशिलता विकास तालिम	तालिम प्राप्त उद्यमीलाईउद्यम विकास अनुदान	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	१९५२५०
२२५२२	दुइ दिने साग खेति तालिम र प्रविधि हस्तान्तरण कार्यक्रम	समुहमा विउँ विजन र प्रविधि हस्तान्तरण	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	६३५०९
२२५२२	वित्तिय सेवामा पहुच कार्यक्रम	तालिम प्राप्त उद्यमीलाई उद्यम विकास अनुदान	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	३७२३०
२२२१३	मोटरसाइकल तथा सवारी साधन मर्मत ज्याला	सर्भिसिङ	राज मोटर्स	३२६८७
२२५२२	एक महिने ढाका ब्याग सिलाउने तालिम	तालिम प्राप्त ढाका उत्पादन कार्यक्रम	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	९९९२०
२२५२२	एक महिने सिलाई वुटिक तालिम	उत्पादनमा उद्यमीको आय आर्जन कार्यक्रम	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	११३८८०
२२५१२	कोपोमिस तालिम संचालन	कोपोमिस सफ्टवयर चलाउन सिकाउने	हिम प्रसाद पौडेल	१२७३२५
२२५२२	उद्यमशिलता विकाश तालिम	उद्यमशिलता विकाश तालिम	हिमवन्ती नेपाल जिल्ला शाखा मकवानपुर	१०००००
२२५२२	अन्तरपालिका सहकारी गोष्ठी कार्यक्रम	सहकारी प्रवद्धन कार्यक्रम	हिम प्रसाद पौडेल	६३५००
२२२१३	मोटरसाइकल तथा सवारी साधन मर्मत ज्याला	सर्भिसिङ	आचार्य ट्रेडिङ कन्सर्न	१६५८८४
२२२१३	मोटरसाइकल तथा सवारी	सर्भिसिङ	समर मोटर ग्यारेज	१८६७८६

	साधन मर्मत ज्याला			
चालु २७२१९	आर्थिक सहायता	पाइप प्लेन पाता	न्यु ब्रदर्स हार्ड वयेर	९९८६६
चालु २७२१९	आर्थिक सहायता	पाइप प्लेन पाता	न्यु ब्रदर्स हार्ड वयेर	९९९००
२७२१९	आर्थिक सहायता	इट्टा ढुंगा	न्यु ब्रदर्स हार्ड वयेर	९९७९१
२७२१९	आर्थिक सहायता	चामल दाल तेल खरिद	एस एस किराना स्टोर्स	१५६६२३
२२५२२	सफा हेटौडा अभियान	सामग्री वितरण	पुजा सप्लायर्स	१९२२११
२२५२२	कक्षा ८ को परीक्षा	कक्षा ८ को परीक्षा संचालन गर्दा परीक्षाकेन्द्रमा खटेका संस्थागत विद्यालयको शिक्षक/ कर्मचारीको खाजा खर्च	विभिन्न संस्थागत विद्यालयहरु	१५००००
२२५२२	उद्यम विकासका लागि सामाजिक परिचालन र उद्यमशिलता विकास तालिम	तालिम प्राप्त उद्यमीलाई उद्यम विकास अनुदान	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	१९५२५०
२२५२२	दुइ दिने साग खेति तालिम र प्रविधि हस्तान्तरण कार्यक्रम	समुहमा विउँ विजन र प्रविधि हस्तान्तरण	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	६३५०९
२२५२२	वित्तिय सेवामा पहुच कार्यक्रम	तालिम प्राप्त उद्यमीलाई उद्यम विकास अनुदान	कमला दर्जी उद्यम (विकास सहजकर्ता) उद्योग शाखा	३७२३०
२११३४	(घ) वर्गको नयाँ दर्ता नामसारीठाउँसारी वैठक भत्ता		हिम प्रसाद पौडेल	१९०००
२२५१२	कोपोमिस तालिम संचालन	कोपोमिस सफ्टवयर चलाउन सिकाउने	सुष्मिता बानियाँ	१५००००
२२५२२	वर्कसप व्यवसाय संचालन		अक्कल बहादुर स्याङ्तान	१०००००
२२५२२	LISA/FRAको समिक्षा कार्यक्रम	आ.व.२०७९।८०मा भएको समिक्षा तथा आगामी आ.व.को लागि तयारी कार्यक्रम	बद्री प्रसाद नेपाल	१२७७५
२२५२२	अतिरिक्त कार्य सुविधा	बजेट निर्माणमा भए गरेको कामको खाजा/ खाना खर्च	बद्री प्रसाद नेपाल	११५००
२२५२२	स्वास्थ्यकर्मी परिचालन गरि PNCजाँच एवं पोषण कोशेली प्रदान गर्ने	आषाढ महिनाको २० गते पछिको अबधि प्रसुती भएका महिलालाई पोषण कोशेली प्रदान गर्ने	उपमहानगरपालिकाका २२ वटा नै स्वास्थ्य संस्थाहरु	२५५०००
२२५२२	म.सा.स्वा.स्वं.से. कार्यक्रम	२०८१ आषाढ महिनाको म.सा.स्वा.स्वं.से.को मासिक बैठकको भुक्तानी गर्नु पर्ने	९१ जना महिला सामुदायिक स्वास्थ्य स्वंम सेविका र २२ वटा स्वास्थ्य संस्था	२४००००
३११५९	खानेपानी तथा बिधुत महशुल भुक्तानी	स्वास्थ्य संस्थाको खानेपानी तथा बिधुत महशुल भुक्तानी दिनु पर्ने	स्वास्थ्य संस्था	९२०००
२२५२२	पोषण बिशेष कार्यक्रमको भुक्तानी	पोषण कार्यक्रममा भएको तालिमको भुक्तानी हुन	केशव तिमल्सिना सि.अ.हे.व.	१४००००
२२५२९	पुर्ण खोप पालिका घोषणा कार्यक्रम	पुर्ण खोप पालिका घोषणा कार्यक्रमको भुक्तानी दिन	सि.अ.हे.व.केशव तिमल्सिना	२५०००
२२२१३	मोटरसाइकल तथा सवारी साधन मर्मत ज्याला	सर्भिसिङ	राईडर्स गियर्स फेब्रिकेशन	१०२८७८
२२२१३	मोटरसाइकल तथा सवारी साधन मर्मत ज्याला	सर्भिसिङ	विश्वकर्मा वाइक वर्कशप	१४६६६०

२२२१३	मोटरसाइकल तथा सवारी साधन मर्मत ज्याला	सर्भिसिङ	बृन्दालक्ष्मी एण्ड अभया ग्रुप प्रा.लि	३०११४
२२२१३	मोटरसाइकल तथा सवारी साधन मर्मत ज्याला	मर्मत	ट्याक्टर नेपाल	५११९०
२२२१३	मोटरसाइकल तथा सवारी साधन मर्मत ज्याला	सर्भिसिङ	हिमालय मोटर्स प्रा.लि	९११९१
२२३११	कार्यालय सामान	दराजमा पेन्ट गरेको	न्यु मनकामना फर्निचर उद्योग	९९२२५
२२३११	कार्यालयसामान	इलेक्ट्रिकजग किट्ली	एसके थर्ड आइ सप्लायर्स	११४४६३
२२३१२१	कार्यालयसामान	विवध कार्यालयसामान	मातासप्लायर्स	७१४६०
२२३११	कार्यालयसामान	कार्यालयकोनिमार्णजन्य सामान	जयकालिका हार्ड वायेर एण्ड सप्लायर्स	४५३०१.७०
२७२१९	आर्थिकसहायता	ड्रेसकपडा सारी खरिद	सुनिलइम्पोरियम	९९९९४
२२३११	कार्यालयसामान	थालपन्यु चम्चा	देबकोटासप्लायर्स	२०००६.००
२७२१९	आर्थिकसहायता	दौरासुरुवाल टोपी खरिद	भूटानदेवी फेन्सी हाउस	१९२००.००
२२३११	कार्यालयसामान	रिमोटवेल	बसन्तइन्टरप्राइजेज	२३७३.००
२२३११	कार्यालयसामान	ब्यागखरिद	बिस्मिल्लाब्याग सप्लायर्स	१२४३०.००
२७२१९	आर्थिकसहायता	पटुकापछ्यौरा खरिद	गणेशस्टोर्स	१००००.००
२७२१९	आर्थिकसहायता	दौरासुरुवाल टोपी खरिद	भूटानदेवी फेन्सी हाउस	१९२००.००
२७२१९	आर्थिक सहायता	दौरा सुरुवाल खरिद	जनता टप टेलर्स	१२७५०.००
		जम्मा		**७९३२७२५**

३३ **सघ संस्था अनुदान** -

३३.१ (२६४/2081-06-18):

बिल भरपाई- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले हेटौँडा स्कुल अफ मेनेजमेन्ट एण्ड सोसल साईन्सलाई नवप्रवर्तन र उद्यमशील प्रवर्द्धन गर्न अनुदान स्वरुप ३ लाख दिएको छ । अनुदान के प्रयोजनको लागि दिएको नखुलेको, अनुदान उपयोग भए नभएको प्रगति पेश नभएको, खर्चको प्रमाण कागजात पेश नभएकोले खर्चको यथार्थता यकिन गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	३,००,०००

३३.२ **अस्पतालको खर्च भुक्तानी-** हेटौडा उपमहानगरपालिकाको अस्पताल सञ्चालन र व्यवस्थापन कार्यविधि, २०७९ को बुँदा नं १२ मा लेखापरीक्षण सम्वन्धमा प्रचलित कानुन अनुसार हुने उल्लेख छ । पालिकाले पदमपोखरी अस्पताललाई रु.७१५५२६ र हटिया अस्पताललाई ६४६९७२ गरी जम्मा रु.१३६२४९८ भुक्तानी गरेकोमा सो संस्थालाई भुक्तानी भई खर्च भएको बिल भरपाई पेश नभएको तथा कार्यविधि अनुसार लेखापरीक्षण प्रतिवेदन समेत पेश नभएकोले खर्चको यथार्थता यकिन हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,६२,४९८

३३.३

खेलकुद संस्था तथा अन्य संघ खर्च- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार दिगो र प्रतिफलयुक्त क्षेत्रमा मात्र साधन स्रोत उपयोग सुनिश्चित हुनुपर्दछ । स्थानीयले खेलकुद सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न पटक पटक विभिन्न संस्थाहरु, क्लव, टोल विकास संस्थाहरु, प्रतिष्ठानहरु र आफैले समेत सञ्चालन गरी प्रत्यक्ष अप्रत्यक्ष रुपमा खेलकुद विकास कार्यक्रम, खेलकुद सामाग्री सहयोग, खरिद तथा संस्थागत सहयोगमा निम्नानुसार रु.१,२५,२३,४३३ खर्च लेखेको छ । अघिल्लो वर्षमा समेत खेलकुद विकास कार्यक्रममा पटक पटक गरी रु.१,६०,१२,१९० खर्च लेखेको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा देखिन्छ । खेलकुद विकास कार्यक्रम सञ्चालन गरी त्यसको अपेक्षित उत्पादत्व र प्रभावकारीता के हुने भन्ने अभिलेख र विश्लेषण नभएको, खेलकुदमा भएको लगानीको अपेक्षित नतिजा निर्धारण र प्रभावकारीता मापन नगरी खर्च गरेको छ । पटक पटक गरेको लगानी र खर्च विचको उपादेयता पुष्टि हुने आधार पेश भएन । खेलकुदको लागि सानातिना खरिद, कार्यक्रम सञ्चालन र संरचनागत सञ्चालन गर्न साना र टुक्रे गरी पटक पटक कार्यक्रम मार्फत खर्च लेखेकोले यसरी गरिने लगानी, खर्च र कार्यक्रमबाट अपेक्षित नतिजा र उत्पादकत्व एकिन गर्न सकिने गरी उपादेयता पुष्टि हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

भुक्तानीपाउने	भुक्तानी रकम
नेपाल होचा (पुड्का) संघ	१८८४५९
नेपाल पत्रकार महासंघ मकवानपुर	१४६८६३
श्री नेपाल अन्तराष्ट्रीय कृष्णभावनामृत संघ, इस्कोन हेटौडा	२४४८५
नेपाल तामाङ्ग घेदुङ्ग संघ	३९३३३३
हिन्दु स्वयंसेवक संघ नेपाल	४८६६७
निर्माण व्यावसायी संघ मकवानपुर	२०००००
नेपाल खेलकुद महासंघ	८०८५३
नेपाल हक्की संघ	४९३१६०
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल	४७६१५
नेपाल मगर संघ , जिल्ला समन्वयसमिती	१८०३८०
तामाङ पत्रकार संघ	४९२८३
नेपाल बुद्धिचाल संघ	२९५९७४
मकवानपुर जिल्ला ब्याडमिन्टनसंघ	४६२८९२
सुचनाको हकका लागि राष्ट्रियमहासंघ	८८०९७
मकवानपुर जिल्ला बक्सिङ संघ	४२५८७७
राष्ट्रिय तेक्वान्दोसंघ-नेपाल, जिल्ला कार्य समिति, मकवानपुर	४५०००
माछा मासु व्यवसायी संघहेटौडा-१०	८८६२८७
मकवानपुर जिल्ला फुटबल संघ	२४३६८५०
मकवानपुर क्रिकेट संघ	३४८०४५
बागमती प्रदेश फुटबल संघ	४४९१५५
जिल्ला बचत तथा ऋण सहकारी संघलि.	३६११९३
मकवानपुर शारीरिक सुगठन तथाफिटनेस संघ	६८७९०५
सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल	९१४१४
चलचित्र पत्रकार संघ नेपालमकवानपू शाखा	३४४१९
मकवानपुर महिला उद्यमी ब्यबसायीसंघ, हेटौडा	१९२३९२
स्थानीय तह कर्मचारी संघ, नेपाल	१९७००
नेपाल उपमहानगरपालिका संघ	११०००००
खानेपानी तथा सरसफाई उपभोक्तामहासंघ नेपाल, जिल्ला शाखा मकवानपुर	१६२८४८

नेपाल सितोरियो कराते संघ	१८७०३०
नारायणीयातायातब्यबसायीसंघ, हेटौडा	७००७४२
बुद्धस्नोकरहाउसलाईस्नोकरप्रतियोगितावापतखर्च	१९५१२७.
नेपालहक्कीसंघजिल्लासमितीमकवानपुरहक्कीखेलकोबिल	४९३१६०.
नेपालवुदिचालमहासंघ	२९५९७४.
क्रियटिभतेकान्दोएकेडमीहेटौडा - १७लाईतेकान्दोप्रतियोगितासंचालनवापत	१४८०६१.
बंगलादेशमाआयोजनाभएकोतेक्वान्दोगेममासहभागीबापतसहयोग	९९,३००.००
मकवानपुरजिल्लाब्याटमिन्टनसंघजिल्लास्तरियब्याडमिन्टनप्रतियोगीता	४६२८९२.
बुद्धस्नोकरहाउसलाईस्नोकरप्रतियोगिता	१९५१२७.
जम्मा	१२५२३४३३

३४ **वितरण प्रकृतिका खर्च** -

३४.१ **वितरणमुखी कार्यक्रमको लागी खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च लेख्दा मितव्ययीता अपनाउनुपर्ने उल्लेख छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा स्विकृत बजेट खर्च गर्दा नियमितता कार्यदक्षता प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । उपमहानगरपालिकाले निम्नानुसारका वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्दा दीर्घकालीनर पुँजी वृद्धि हुने कार्यक्रमको कार्यान्वयन हुन सकेको छैन । वितरणमुखी कार्यक्रममा खर्च लेख्दा पटके खरिद हुने र खरिदमा प्रतिस्पर्धा पनि नभएको स्थिति छ । वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च नगरी दिगो कार्यक्रम प्रवर्द्धनमा ध्यान दिनुपर्ने देखिन्छ ।

गो भौ नं	फर्म	वितरण भएको समुह	विवरण	भुक्तानी रकम
३।६।९	कैलाशनाथ कंक्रिटक्रियसन	प्रगतिटोल विकाससंस्था	गमला लगायत	१७८५९६
७।६।१२	new समझदारी इन्जिनियरिङ वर्क्स	परिवर्तनशीलटोल विकास संस्था	बिजुलीकोतार	५७७९९
८।६।१२	जेआरस्टिल एन्ड ग्रिल उद्योग	बीचरोड बुद्धचोक टोल विकास संस्था	तार	९४५८१
३३।६।१९	हेल्दी and speed construction	नमुनाटोल विकास संस्था	कुर्सी	९७४६२५
६२।९।३	GR स्टिल एन्ड ग्रिल उद्योग	बीचरोड समृद्ध टोल विकास संस्था	विभिन्नसामान	९४५८०
८३।१०।१	मनकामनास्टिल उद्योग	परिवर्तनकालागि युवा	फर्निचर	४९१५५
९३।१०।२८	त्राटकमल्टीपर्पोज प्राली	राजेशक्षेत्री	जुत्तालगायत	३६७९९
१०४।१२।५	ज्योति फर्निचर	समाजकालागि युवा	फर्निचर	६३२८०
११३।१२।८	गौतमइलेक्ट्रिक	शान्तिटोल विकास संस्था	ह्यांगरलगायत	९००६६
११४।१२।८	गौतमइलेक्ट्रिक	पञ्चकन्याटोल विकास संस्था	ब्राकेटलगायत	९१६२०
१२८।१२।२२	गौतमइलेक्ट्रिक	तामाङसेवा समाज	बिजुलीकासामान	३३३८०
१३१।१२।२४	जयकालिका हार्डवेयर	हेटौडापार्क विकास संस्था	विभिन्नसामान	९८४०२
२०१।२।१८	एरोटेकसप्लायर्स	कृष्णप्रणामी युवा परिषद	क्यामेरालगायत	१८५५६७
२२९।३।४	गौतमइलेक्ट्रिक		बिजुलीबत्ती	६२५३९
२७८।३।१८	एसएसहार्डवेयर एन्ड मेसिनरी	पिप्लेयुवा क्लब	विभिन्नमेसिनरी	४३९८४
२८०।३।१८	नवनिर्माणटोल विकास संस्था	नवनिर्माणटोल विकास संस्था	गमला	२१०१२०
२८२।३।१८	कल्पनासिमेन्ट उद्योग	ज्ञानदिपटोल विकास संस्था	कुर्सी	९०३१२६
३१८।३।२३	श्रीआल्दमार टोल विकास संस्था		एमपाइप	१५७७७०
२८४७।३।२३	नेपालहोचापुरका सङ्घ		विभिन्नसामान	१८८४५९
२५३३।३।१३	कृष्णप्रणामी परिषद			९९२००

२५४२।३।१४	ब्रम्हकुमारीराजयोग सेवा केन्द्र	पुष्पलालपार्क व्यवस्थापन		६०१०००
२६०४।३।१७	सिविनवाल हेल्पलाईन		सञ्चालनखर्च	१५००००
२८९२।३।२४	गुगलस्पोर्ट्स्	दि रिभाईभल युथ क्लवलगायत	विभिन्न	३८२३१८
३०१०।३।२५	मकवानपुरशारीरिक सुगठन तथा फिटनेस संघ		वार्षिकरुपमा विविध जम्मा	६८७९०७
३०४४।३।२५	गुगलस्पोर्ट्स्	विभिन्न	विभिन्न	१६४४००
				५६९९२७३

३४.२ **चाडपर्व तथा अन्य उत्सव :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले पर्व उत्सव महोत्सव तथा जात्रा मनाउने कार्यमा खाना खाजा तथा अन्य बिल भर्पाईका आधारमा कार्यक्रम सञ्चालन खर्च भुक्तानी गरेको छ । चाडपर्व र महोत्सव खर्चको लागि पटके र चाडपर्व महोत्सवको नाम नै तोकी फरक फरक छुट्टै बजेट शीर्षक कायम नै गरी खर्च गरेको रकमको मितव्ययीता तथा औचित्यतता समेतलाई ध्यानमा राखी उपलब्धि बिनाको खर्च रकम भुक्तानीमा सुधार गर्नु पर्दछ । केही उदाहरण निम्नानुसार छन् ।

गो भौ नं	वितरण	रकम
२३८९।३।२	तामाङ्ग महोत्सव तामाङ्ग घेदुङ्ग	४०००००
१७८९।१।३	भुटनदेवी पुजा	१०००००
१६०१।१२।२७	कमाने महोत्सव	१६८६१५
१२४२।१०।२९	संयुक्त मधेसि समाज	५०००००
१३८४।११।२७	सोनाम ल्होसार समिति	६७५००
२४३।३।८ समेत	तामाङ्ग संग्रहालय वडा नं १०	१९९२७४६
१२९४।११।११	थारु कल्याणकारी सभा	१९५२४४
२५२८।३।१३	नेवा संस्कृति पुच	४००००
९०४।९।१७	ज्वजलपा नेवा पुजा	४००००
१६०५।१२।२७	नेपाल मगर संघ	२०००००
२७०३।३।२२	साहित्य संगम	२०००००
२७०४।३।२२	एष्ट्रोनोमा फाउण्डेसन विविध	२४५०००
		४१४९१०५

३४.३

खानेपानी महशुल छुट-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च लेख्दा मितव्ययिता अपनाउनुपर्ने उल्लेख छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा स्वीकृत बजेट खर्च गर्दा नियमितता कार्यदक्षता प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । उपमहानगरपालिकाले निम्नानुसारका वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्दा दीर्घकालीन पुँजी वृद्धि हुने कार्यक्रमको कार्यान्वयन हुन सकेको छैन । खानेपानी न्यूनतम महशुल शोधभर्ना (हेटौंडा खानेपानी बोर्ड) प्रभाव अध्ययनको आधारमा व्यवस्थापन गरिने बजेट खर्च शीर्षक कायम गरी खानेपानी महशुल सोधभर्ना ४२,६८,९३५ खर्च भएको छ । यसबाट हेटौँडा खानेपानी वोर्डका ग्राहकलाई न्युनतम शुल्क वापतको रकम तिरिदिने गरेको छ । यस्तो छुट सुविधा संस्था,व्यक्तिलाई दिएकोमा छनोटको आधार केही नभएको र सवै घरधुरीको न्युनतम रकम भुक्तानी हुँदा अनावश्यक थप व्ययभार परेकोले शुल्क तिर्ने क्षमता भएका जनता समेतको सुविधा रकम वितरणमुखी रहेको देखिन्छ ।

अनियमित भएको	४२,६८,९३५

३५ **आर्थिक सहायता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार गरी बजेट विनियोजन गरेको र निश्चित विधि र मापदण्ड बेगर अन्य संस्था सहायता शीर्षकवाट सहायता लगायतमा आर्थिक सहायता वितरण वापत नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको तोकादेशका आधारमा अति विपन्न, सिमान्तकृत र लक्षित वर्गलाई सिफारिसका आधारमा रु.५२,७०,२२२ खर्च गरेको छ । यस बाहेक अन्य विविध सहयोग कार्यक्रमहरुबाट समेत खर्च लेख्ने गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आयतर्फ राजस्व रु.४०,७४,००,४३६ को १.३ प्रतिशत हुन आउँछ । यसरी आर्थिक सहायता जस्तो अनुत्पादक क्षेत्रमा खर्च हुन जाँदा पालिकाको विकास निर्माण तथा सामाजिक विकास जस्ता महत्वपुर्ण क्षेत्रमा बजेटको अभाव हुन सक्दछ । अत: अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण गर्न सूचकमा आधारित कार्यविधि तयार गरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि वास्तविक औषधि तथा स्वास्थ्य परीक्षण प्रमाणका आधारमा सहायता प्राप्त गर्ने व्यक्तिको विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

३६ **अनुदान उपयोग स्थिति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भर्पाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । उपमहानगरपालिकाको कार्यपालिका निर्णय अनुसार नगरपालिका महासंघको भवन निर्माणको लागी आन्तरिक श्रोतबाट रु. ११,००,००० अनुदान दिने निर्णयमा उल्लेख भएअनुसार उक्त अनुदान रु.११,००,००० का सम्वन्धमा पालिकाको अन्तिम लेखापरीक्षण अगावै महासंघले भवन निर्माणको कामको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने उल्लेख छ । उक्त अनुदानको हालसम्म लेखापरीक्षण प्रतिवेदन तथा हालसम्मको कार्यप्रगति समेत प्राप्त भएको छैन । निर्णय तथा सम्झौतामा उल्लेख भएअनुसार अनुदान उपयोगको प्रतिवेदन समेत पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	११,००,०००

३७ **कृषि उपज थोक बजार-**

कृषि उपज थोक वजार निर्माणको लागी कृषि विकास निर्देशनालयवाट ७० प्रतिशत र उपमहानगरपालिकाबाट ३० प्रतिशत हुने लागत सहभागितमा निर्माण गर्ने गरी निर्देशनालयसँग मिति २०७७।५।१४ मा भएको MOU समझदारीपत्रमा सम्झौता भएको ३ वर्ष भित्र निर्माण कार्य सम्पन्न हुने गरी बजेटको व्यवस्था गरी समयमै सम्पन्न गर्ने उल्लेख छ । डिपिआर अनुसार रु.४१६२८१५३८ को लागतको काम सम्पन्न पश्चात् निर्देशनालयले उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने उल्लेख छ । निर्देशनालयले निर्माण व्यवसायी अनक माउन्टेन जे भि सँग मिति २०७८।२।९ मा रु. २४९८०९१६५।७० को सम्झौता भई भेरिएसन समेत रु.३०८७६२७८७।११ कायम भई रु.२९,२६,८५,१२५ को कार्यसम्पन्न भएको छ । भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय हेटौडाले प्रादेशिक तरकारी तथा फलफुल थोक बजार सञ्चालन मोडालिटी सहितको कार्यविधि तयार गर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म सो कार्यविधि तयार

नभएकोले भवनको उद्धेश्य अनुरुप सञ्चालन हुन सकेको देखिएन। यस सम्बन्धमा पालिकाले भवन संचालनको लागि मन्त्रालयसंग समन्वय गरी सञ्चालनमा ल्याउने व्यवस्था गर्नुपर्दछ।

३८ **सवारी साधन मर्मत तथा ईन्धन खर्च**

उपमहानगरपालिकाको आन्तरिक कार्यसञ्चालन निर्देशिका २०८१ अनुसुचि १ अनुसार ईन्धन वापतको सुविधा प्रदान गर्ने र सोहि अनुसारको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । पालिकामा बार्षिक वजेटमा विभिन्न शिर्षकहरु ईन्धनमा रु.२१०१६७४२, नदिजन्य पदार्थ घाटगद्धी कार्यमा रु.१३५०००, ईन्धन सरसफाई र वारुणयन्त्रमा रु.२८९८९९२ समेत गरी कार्यक्रम शिर्षक बाहेकका ३ वटा शिर्षकमा मात्र कुल जम्मा रु.२,५२,६५,७३४ खर्च लेखेको छ । ईन्धनमा मात्र ठुलो रकम खर्च भएको पाईएकोले सवारी साधन प्रयोग तथा मर्मतमा मितव्ययीता अपनाउनुपर्ने देखिएको छ । उपमहानगर कार्यपालिकाको कार्यालयबाट वितरण हुने ईन्धन बाहेकका अन्य सवारी साधनको अद्यावधिक लगवुक पेश नभएकोले वास्तविक खर्च यकिन हुन सकिएन । पालिकाले निजी सवारी साधनलाई समेत ईन्धन दिने गरी प्रत्येक कर्मचारीलाई ईन्धनवापतको रकम तलबी पेरोलमा नै कायम गरी खर्च लेख्ने गरेको छ । पालिकाको वार्षिक प्रगति प्रतिवेदनमा सवारी साधनलाई कार्य बोझका आधारमा परिचालन गर्ने प्रयास गरिएको जनाएतापनी वडा कार्यालय बाहेकको सवारी साधन मर्मतमा जम्मा रु.८५,९९,७६४ (मर्मत रु.६०,९९,७६४ र विपत व्यवस्थापनको मर्मत रु.२५,००,०००) तथा ईन्धनको रु.२,५२,६५,७३४ समेतमा भएको उल्लेखित खर्च रु.३,३८,६५,४९८, आन्तरिक आय रु.४०,७४,००,४३६ को ८.३ प्रतिशत हुन आउँछ । आन्तरिक आयलाई समेत ख्याल गरी वास्तविक आवश्यकता तथा मितव्ययिता समेत ध्यान दिँदै कार्यक्रम कार्यान्वियन, बजेट र योजना समेतलाई ध्यान दिई सवारी साधन प्रयोग तथा मर्मतमा मितव्ययिता अपनाउनुपर्ने देखिएको छ । पालिकाको जे.सी.बि बाट बाटो सफा गर्ने, पहिरो पन्छयाउने लगायतका कार्य गर्ने गरेको, एम्बुलेन्सले बिरामी ओसारपोसार गर्ने उल्लेख गरेकोमा कुन कुन ठाँउमा के कति काम गरेको विवरण एवं कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको र इन्धन प्रयोग गरेको लगबुक पनि अद्यावधिक गरी नराखेको कारण उक्त कार्यबाट हुनुपर्ने आम्दानी समेत अद्यावधिक अभिलेख राखेको छैन । उपकरण संचालन कार्यविधि अनुसार प्रयोग नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

मेशिनरी	संख्या	ईन्धन बाहेक मर्मत रकम	आम्दानी रकम
डोजर	२	१७६५७२३	-
वाटर ट्याङ्कर	१	८०९०८	-
अन्य	१३	३६९२५४३	-

३९ **अन्य निकायको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारमा अन्य कार्यालयको केही खर्च बजेटमा व्यवस्था समेत नगरी भुक्तानी गरेको छ । अन्य निकायको लागि खर्च लेख्दा पालिकाको बजेटको खर्चको उपादेयता र उत्पादकत्व नरहने तथा संघीय तर्फको जिल्लास्थित एकाईहरुको लागि खर्च लेख्दा निकायले तालुक कार्यालयलको स्वीकृती बिना रकम खर्च लेखेको देखिन्छ । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्बन्धित निकायबाट पनि यस्तो बजेट विनियोजन भएकोमा दोहोरो पर्ने लगायतका विषयहरु निरुपण नहुने र तालुक निकायको समेत स्वीकृति बिना खर्च लेखिएको रकम रू. ७४,३२,८२३।०० नियमसम्मत नदेखिएको रु.

गो भौ नं	कार्यालय तथा संस्था	सञ्चालन अनुदान रु.
१३७१।११।२२	जिल्ला समन्वय समिति मकवानपुर	५०००००
६१९।८।१४	नापी कार्यालय मकवानपुर	४०००००
५९८।८।१२	जिल्ला प्रहरी कार्यालय	५०००००
६८९।८।२५	जिल्ला समन्वय समिति मकवानपुर	२०००००
१३७७,१४०१,१७२३	नापि कार्यालय सञ्चालन अनुदान	५०००००
६१४,१३८१	कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुर	५०००००
२२५०।२।१२	मकवानपुर जिल्ला अदालत	५०००००
१३७१।११।२२	जिल्ला प्रशासन कार्यालय मकवानपुर	५०००००
५९९।८।१२	मालपोत कार्यालय मकवानपुर	५०००००
२६३०।३।१८	चितवन प्रदेश लेखा एकाई मार्फत् एक वडा एक कृषि उत्पादन कार्यक्रम कोदो खेती	५३२०५८
२६३१।३।१८	चितवन प्रदेश लेखा एकाई मार्फत् एक वडा एक कृषि उत्पादन कार्यक्रम मेवा खेती	१११५४४३
११५।१२।१०	जिल्ला ट्राफिक कार्यालयसभाहल निर्माण अमृता कन्स्ट्रक्सन	३१४९८४
१३७।१२।२६	राष्ट्रिय अनुसन्धान विभाग मेश निर्माण युनिक नेपाल निर्माण सेवा	९३२५४२
३०१।३।२२	मकवानपुर जेसिस, मकवानपुरगढी गाउपालिका भवन निर्माण ज्याक कन्स्ट्रक्सन	४३७७९६
	जम्मा	**७४३२८२३**

अनियमित भएको	७४,३२,८२३

४० **सहकारी नियमन-**

सहकारी नियमन र सहकारी सञ्चालन स्थिति-सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका,२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकामा जम्मा १९८ वटा सहकारी संस्था रहेको जनाएकोमा सो मध्ये १४१ वटाले सम्पूर्ण विवरण अद्यावधिक गरेको वाँकी ५७ वटाले आंशिक विवरण पेश गरी निष्कृय भएको विवरण पेश भएको छ । उपमहानगरपालिकाभित्रका सहकारी संस्थाहरुले एकिकृत सुचना व्यवस्थापन प्रणालीवाट विवरण दाखिला गरेका छैनन । आर्थिक विवरण बुझाएका सहकारीको हकमा पनि उद्येश्य अनुरुप कारोवार भए नभएको, लगानी सुरक्षित रहे नरहेको, जोखिम कोषको प्रयाप्त व्यवस्था भए नभएको, लगानीको तालिका अनुरुप सावा व्याज असुल भए नभएको जस्ता वित्तीय विवरण विश्लेषण गरी सहकारी संचालनका क्रममा नियमनको लागि चाल्नुपर्ने प्रर्वधनात्मक, निदानात्मक कदम समेत अवलम्वन गर्न सकेको देखिदैन । त्यसैगरी पालिकावाट अनुगमन निरीक्षण गरी तयार पारिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । बचतकर्ताको रकम फिर्ता नदिई सम्पर्कमा नरहेको, व्याजदरमा एकरुपता नरहेको, अनुदान र आर्थिक कारोवार गर्ने उद्धेश्य राखी विषयगत एवं बहुउद्धेश्यीय सहकारी दर्ता गर्ने आउने गरेको र केही निश्कृय रहेको अवस्थाका कारण सहकारीमा समस्या थपिएको देखिन्छ। सहकारीको विस्तृत प्रतिवेदन पेश नभएकोले सहकारी सञ्चालनको अवस्थावारे अध्ययन गर्न सकिएन । पालिकाले उपलव्ध गराएको विवरण अनुसार जम्मा ११५०५५ सहकारी सेयर सदस्य तथा बचतकर्ता रहेकोमा १९८ वटा सहकारी संस्थाको बचत रु.६,२०,०६,९२,३०२ रहेको सो मध्ये ५७ निष्कृय रहेका संस्थामा बचत के कति रहेको पालिकाले यकिन गरेको छैन । निष्कृय सहकारी ५७ वटाको सेयर सदस्यको शेयर रकम रु.३८८४७०० समेतको लगानी र अन्य निक्षेप समेत जोखिममा रहेको देखिन्छ ।

उपमहानगरमारहेका सहकारी संस्थाहरुको बिबरण				
सहकारी संस्थाको प्रकृति/ किसिम	**सहकारीसंस्थाहरुको संख्या**	**शेयरसदस्य**	**शेयर रकम**	**बचत निक्षेप**
सक्रिय सहकारी संस्थाहरु	१४१	११४००८	९३८४१६९६१	६२००६९२३०२
निष्कृय सहकारी संस्थाहरु	५७	१०४७	३८८४७००	०
कुल जम्मा	१९८	११५०५५	९४२३०१६६१	

समस्या आइसकेका र समास्याउन्मुख सहकारी संस्थाहरुको बिबरण			
सहकारी संस्थाको नाम	**उजुरीकोविषय**	**बचतकर्ता संख्या**	**बचतरकम**
टिपिकल वचत तथा ऋण सहकारी हेटौडा २	आर्थिक अपचलन	९६३	२२५१४६१५
श्रीपञ्चमि वहुउद्धेश्यिय सहकारी हेटौडा १२	आर्थिक अपचलन	३६५	८२१९५२५
सृजना वचत तथा ऋण सहकारी हेटौडा ७	आर्थिक अपचलन	९५०	२२७०१२५६
कुल जम्मा		२२७८	५३४३५३९६

उपमहानगरले उपलब्ध गराएको आंशिक रेकर्डका आधारमा १९८ वटा सहकारीमा शेयर तथा बचत लगानी रु. ९४२३०१६६१ रहेको सो मध्ये उजुरी परेका भनिएका समस्याग्रस्त घोषित अघोसित ३ संस्थाको वचत रकम रु. ५ करोड ३४ लाख ३५ हजार रहेको देखिन्छ । जनताको बचत रकम सुरक्षणका लागि उपमहानगरले सहकारी संस्थाको अनुगमन, नियमनको व्यवस्था तत्कालै गरेर वचत तथा ऋण रकमको फिर्ता, लगानीको सुरक्षा एवं सुरक्षित कारोवारको सहजता वनाउन कानुनले तोकेबमोजिमको अनुगमन निरीक्षण नियन्त्रण एवं सहजिकरण को पहल गरी नगरबासीको बचत एवं लगानीको सुरक्षाको आवश्यक प्रवन्ध मिलाउनुपर्दछ ।

४१ **कन्टिन्जेन्सी खर्च-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । वडा वाहेकका विभिन्न योजनाहरुको बजेट रु.३३,०७,१३,४८४ को कन्टीन्जेन्सी बजेट रु.६८,६४,२६९।६८ मध्ये विभिन्न बैठक भत्ता तथा विविध भुक्तानी वापत रु.२२,१९,२९८ अर्थात् ३२.३३ प्रतिशत खर्च लेखेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख अद्यावधिक नगरेको कारण के कस्ता कार्यमा रकम खर्च भएको छ यकिन हुन सकिएन । पालिकाले अभिलेख अद्यावधिक गरी कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित एवं मितव्ययी बनाउनु पर्दछ ।

४२ **पेस्की फस्यौर्ट** -

४२.१ **पेस्की बाँकी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) अनुसार खरिद सम्झौता वमोजिम पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार हालसम्म रु.९,२५,४१,७७४.९१ पेश्की बाँकी रहेको जनाएको छ । हालसम्म बाँकी रहेको विगत वर्षको पेश्की समेत तोकिएको अवधिभित्र असुल फर्छ्यौट हुनुपर्दछ ।

४२.२

चालु आर्थिक वर्षको पेश्की- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) अनुसार खरिद सम्झौता वमोजिम पेश्की फर्स्योट गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्योट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको रु.२०९६८२९५ पेश्की बाँकी रहेकोमा रु.१८५०५००० म्याद ननाघेको र रु.२४६३२९५ म्याद नाघेको देखिन्छ । आर्थिक वर्षको अन्तसम्म फर्स्योट हुन बाँकी पेश्की रकम तोकिएको अवधिभित्र असुल फर्छयौट हुनुपर्ने रु.

पेश्कीलिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्तीफर्म वा कम्पनीको नाम	कर्मचारी भए पद	चालुआ. व.		
					म्याद ननाघेको	म्याद नाघेको	
					रकम		जम्मा
०८/२५/२०८१	६८५	प्रोत्साहनखर्च (दण्ड जरिवाना असुली तथा कर सकंलक टोली)	विष्णुकुमार महत	कार्यालयसहयोगी	०	२०००००	२०००००
१२/२९/२०८१	१७५४	सरसफाईकोलागि स्वास्थ बिमा कार्यक्रम (माली जोखिम क्षेत्रमा काम गर्नेसमेत)	दिपेन्द्रराज शर्मा	सफाइकर्मचारी	०	२२०५००	२२०५००
०५/३०/२०८१	२	Construction of Gaynada Secondary School School Hetauda -१०	आर.एन. / निहारिका जे.भी.		१००००००	०	१००००००
०९/०७/२०८१	६४	समपुरककोष (म्याचिङ्ग फन्ड) वडा नं. १३ र १४(संघीय र प्रदेश योजना)	सुभाष – निभिल – हिलटप जे/भी		१०२५०००	०	१०२५०००
१०/३०/२०८१	५	पदमपोखरीमुख्य सडक विस्तार हेटौंडा-१३	सुभाष – निभिल – हिलटप जे/भी		८२००००	०	८२००००
०१/२६/२०८२	१३	श्रमिकमा.वि. भवन निर्माण हेटौंडा-०४	सनराईज / माँ भवानी / जे /भी		१७७००००	०	१७७००००
०२/०८/२०८२	१८६	वडानं. १ स्थित स्वर्गलोक सडक स्तरोउन्नती (कुल लागत १ करोड ५० लाख बहुबर्षियठेक्कामा)	मयंकाकन्स्ट्रक्सन प्रा.लि.		४९००००	०	४९००००
०२/०९/२०८२	१५	पदमपोखरीमुख्य सडक विस्तार हेटौंडा-१३	शिखरइन्जिनियरिङ्ग / साहारा जे /भी		२०२५०००	०	२०२५०००
०२/०९/२०८२	१९०	समपुरककोष (म्याचिङ्ग फन्ड) वडा नं. १३ र १४(संघीय र प्रदेश योजना)	शिखरइन्जिनियरिङ्ग / साहारा जे /भी		२०२५०००	०	२०२५०००
०३/०५/२०८२	२३३	विभिन्नसडक स्तरोउन्नती (कुल लागत ३ करोड बहुबर्षिय ठेक्कामा) वडा नं. ८	पिईएस। एसआर जे.भि.		२३४००००	०	२३४००००
०३/१५/२०८२	२५	पदमपोखरीमुख्य सडक विस्तार हेटौंडा-१३	शिखरइन्जिनियरिङ्ग / साहारा जे /भी		२०२५०००	०	२०२५०००
०३/१५/२०८२	२६६	समपुरककोष (म्याचिङ्ग फन्ड) वडा नं. १३ र १४(संघीय र प्रदेश योजना)	शिखरइन्जिनियरिङ्ग / साहारा जे /भी		१९२५०००	०	१९२५०००
०३/२३/२०८२	३०६	विभिन्नसडक स्तरोउन्नती (कुल लागत ३ करोड बहुबर्षिय ठेक्कामा) वडा नं. ८	पिईएस। एसआर जे.भि.		२१६००००	०	२१६००००
						0	

१२/२९/२०८१	१४०	वडानं. ४ सडक स्तरोउन्नती (वडा प्रहरी कार्यालय हुदै क्विक २० जाने बाटो)	ए.के.बिल्डर्स		४५००००		४५००००
०१/०५/२०८२	१५६	सवारीसाधन खरिद(श्री कृष्ण आ.वि.बारुते) वडा नं. ६	H६४कृष्ण प्रावि हेटौंडा ६		०	२००००००	२००००००
०३/०३/२०८२	२२६	वडानं. ४ सडक स्तरोउन्नती (वडा प्रहरी कार्यालय हुदै क्विक २० जाने बाटो)	ए.के.बिल्डर्स		४५००००	०	४५००००
०२/१९/२०८२	२४	वडा नं ४ को विविधपुर्वाधार मर्मत हेटौंडा ४	नेपालविधुत प्राधिकरण हेटौडा शाखा		०	४२७९५	४२७९५
		जम्मा			१८५०५०००	२४६३२९५	२०९६८२९5

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **३१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२४५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	२४,६३,२९५

४३ **लक्ष्य-प्रगति स्थिति**

आर्थिक कार्यविधि तथा कार्यविधि नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम तय गर्ने प्रत्येक कार्यालयले नियमावलीले तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । उपमहानगरपालिकाले पेश गरेको विवरण अनुसारर पुँजीगत कार्यक्रमतर्फ वडा वाहेक उपमहानगरपालिकामा मात्र शुन्य प्रगति भएका कार्यक्रम १० वटा, २५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रम ८ र ५० प्रतिशत सम्म प्रगति भएका कार्यक्रम सख्या ४ र ७५ प्रतिशत प्रगति रहेका योजना ४१५ रहेको देखिन्छ । उपमहानगरपालिकाले निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ । साथै उपमहानगरपालिकामा सञ्चालन भएका कार्यक्रमहरुको तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ।

कार्यक्रम/ योजना संख्या पुर्वाधार विकास महाशाखा	खर्च	वार्षिक प्रगति स्थिति			
		शुन्य प्रगति	२५% सम्म प्रगति	५०% सम्म प्रगति	७५ % भन्दा वढी प्रगति
४३७	नखुल्ने	१० वटा	८ वटा	४ वटा	४१५वटा

४४ **पुँजीगत खर्चको स्थिति**

उपमहानगरपालिकाको यस वर्षको वित्तीय प्रतिवेदन २७० अनुसार जम्मा रु.२,०८,५८,०४,४५५.६७ भुक्तानी भएकोमा चालुतर्फ रु.१,५०,११,५६,५८२.६८ अर्थात् ७२ प्रतिशत खर्च भएको र पुँजीगततर्फ रु.५७,४६,४७,८७२.९९ अर्थात् २८ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसरी २८ प्रतिशत मात्र र पुँजीगत खर्च भएको देखिएकोले विकास निर्माण भन्दा चालु प्रकृतिका खर्च बढी भएको देखिएकोले पालिकले प्रशासनिक खर्च तथा वितरणमुखी भन्दार पुँजीगत खर्च बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४५ **सेवा प्रवाहको अभिलेख** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ ।सो अनुसार उपमहानगरपालिका र ५ वडाहरुबाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखि एकीकृत अभिलेख तयार गर्नुपर्नेमा उपमहानगरपालिकाले सो अभिलेख राखेको देखिएन। ऐनले तोकेका क्षेत्रगत सेवा प्रवाहको वडागत समेतको विवरण माग गरेकोमा अभिलेख अद्यावधिक गर्ने नगरेको मौखिक जवाफ दिएकोले सेवा प्रवाहको तथ्यगत प्रगति विश्लेषण गर्न सकिएन । पञ्जिकरणतर्फ, पूर्वाधार विकास, सडक निर्माण, स्वीकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको हालसम्मको अद्यावधिक आकडाँ सहित पालिकाले सेवा प्रवाहको एकीकृत अभिलेख समेत तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । उपमहानगरपालिकाले सेवाप्रवाहको अभिलेख अनिवार्य रुपमा अद्यावधिक गरी प्रवाहलाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउनुपर्दछ ।

४६ **जिन्सी व्यवस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, मूल्य नखुलेको सामग्रीको मूल्य खुलाउनु पर्ने व्यवस्था रहेका छन् । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• उपमहानगरपालिकाले पालिकाको स्वामित्वमा रहेका जिन्सी मालसमानहरुको नियमानुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन ।

• पाम्स अनुसार २०८१।८२ को खर्च भएर नजाने जिन्सी मालसमानको विवरणमा जे.सी बो, व्याकहो लोडर, ट्र्याक्टर, दमकल लगायतका मालसमानको मूल्य नखुलेको देखिएकोले मूल्य खुलाई स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

• पाम्स V1 मा आ.व. २०८०।८१ को कम्प्युटर तथा विद्युतीय सामग्री, मसलन्द तथा छपाई लगायत खर्च भएर जाने सम्पत्ती मौज्दातको पाम्स V2 मा अ. ल्या. सारेर अद्यावधिक भएको पाइएन ।पाम्स V1 को मा खर्च भएर नजाने सामग्रीको मौज्दात विवरण सम्बन्धमा पासवर्ड नभएकोले विस्तृत पेश हुन सकेन । पालिकाले अभिलेख अद्यावधिक गराउपर्दछ ।

• उपउपमहानगरपालिकाले जिन्सी सहायक खातामा अभिलेख अद्यावधिक गरेको नपाइएकोले अभिलेख अद्यावधिक गर्नुपर्दछ।

• पालिकाले इन्धन, मर्मत खर्च लेख्दा पाम्स प्रयोग गरेको पाइएन।

४७ **सवारी साधन खरिद-**

४७.१ (७६/2081-09-26):

समानीकरण अनुदानवाट सवारी साधन खरिद-

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **७,३७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४७.२ (१५६/2082-01-05):

विद्यालय बस खरिद- त्यसैगरी पालिकाले कृष्ण आ वि वारुते वडा नं ६ को लागि नेपाल सरकार समानीकरण अनुदान रु.२० लाख वाट विद्यालय वस खरिद गरेको छ । सवारी साधन खरिदका लागि संघिय कानुनले तोकेको कार्यविधि अनुसार खर्च हुनुपर्दछ ।

४८ **विविध खर्च**

४८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा कार्यविधि स्वीकृत गरेर विविध खर्च गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाको लागि मात्र वडागत बाहेक यस वर्ष विभिन्न १० वटा शिर्षक कायम गरी अतिथि सत्कार खर्च रु.७१,०९,९०८ वडामा अतिथि सत्कार वापत रु.४५,६०,००० र विविध खर्च रु.८,२८,८०८ खर्च समेत जम्मा रु.१,२४,९८,७१६ लेखेको छ । उपमहानगरको आन्तरिक आय रु. ४०७४००४३६ रहेकोमा उल्लेखित कुल विविध खर्च आन्तरिक आयको तुलनामा ३.०७ प्रतिशत हुन आउँछ । अतिथि सत्कार खर्चमा विविध खर्च जनाई भुक्तानी गर्दा बैठक मिति, समय, संख्या, माईन्युट, उपस्थित संख्या तथा बैठकको प्रयोजन समेत खुल्ने गरी पुष्ट्याईका कागजात अद्यावधिक गरी सो को आधारमा मात्र यस्ता खर्चको भुक्तानी गर्नुपर्दछ । यस्ता किसिमका खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। केही उदाहरण निम्न छन् ।

गोभौ नं	विवरण	रकम
३०१	लोकप्रिय प्लसलाईअतिथि सत्कार वापतको खर्च रकम बिल भुक्तानी	१३२४४०
४७८	एभोकाडो एण्डआर्किड रिसर्ट प्रा.ली. लाई गत आ.वको अतिथि सत्कार	११९४३२
२९४६	विष्णु कुमार महतलाई विविध खर्च	२४९५५०
२९४८	विष्णु कुमार महतलाई विविध खर्च	३८७५५०
२९४६	विविध खर्च भुक्तानी	२४९५५०
७७४	लोकप्रीय प्लस लाई अतिथि सत्कारवापत बिल रकम भुक्तानी	१२७३१०

४८.२ **विविध खर्च थप सुविधा -**

नेपालको संविधानको धारा ५७(७) मा नगरसभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्ने उल्लेख छ । साथै बागमती प्रदेश स्थानीय तहका पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा यस ऐनको सुविधालाई अधिकतम मानी सेवा सुविधा निर्धारण गर्न सक्ने उल्लेख छ । जसअनुसार स्थानीय तहले थप सुविधा दिने गरी कानुन बनाउन पाउने देखिँदैन । उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को वुँदा नं ६ मा चियापान र अतिथि सत्कारको लागि नगरप्रमुखको लागि मासिक ५५,०००, नगरउपप्रमुखको लागि मासिक ३५,०००, प्रमुख प्रशासकीय अधिकृतको लागि मासिक २५,००० र वडाध्यक्षको लागि मासिक २०,००० उपलव्ध गराउन सकिने व्यवस्था गरी चियापान र अतिथि सत्कारको लागि मात्र वार्षिक रु.५९,४०,००० खर्च हुने देखिन्छ । उक्त रकम समेत विविध खर्च वापत यस वर्ष रु.१,२४,९८,७१६ खर्च भएको देखिन्छ । यस प्रकारको थप सुविधा वापतको खर्च सम्वन्धित महिनामा नै खर्च लेख्ने नगरेको र पालिकाले सोको छुट्टै अभिलेख समेत राखेको देखिदैंन । यस प्रकारको खर्चमा मितव्ययिता अपनाई विकास निर्माण र सेवा प्रवाहलाई बढावा दिनुपर्नेमा यसरी बागमती प्रदेश स्थानीय तहका पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन विपरीत निर्देशिका वनाई जनप्रतिनिधि सुविधा वापत खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५९,४०,०००

४९ **अध्ययन अवलोकन भ्रमण-**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायति हुनुपर्ने उल्लेख छ । त्यस्तै नियम २१ मा अनुसुचि ६ अनुसारको तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न समयको दैनिक भ्रमण भत्ता वापत निम्नानुसारमा भ्रमण कार्यक्रम र पटके भ्रमण समेतका विभिन्न कर्मचारीलाई भुक्तानी दिएको छ । पालिका कार्यालयले मात्र अध्ययन अवलोकन भ्रमण खर्चमा १९ लाख ८२ हजार ३४१ खर्च गरेको छ । उल्लेखित अध्ययन भ्रमण वाहेक हरेक १९ वटा वडा कार्यालयले अध्ययन भ्रमण वापत प्रति वडा ३ लाख देखि ४ लाख रुपैया सम्म बजेटमा नै व्यवस्था गरी रु.५३ लाख ५० हजार खर्च लेखेका छन् । वडा कार्यालय तथा पालिका कार्यालयबाट मुक्तिनाथ, लुम्विनि, ईलाम लगायतका विभिन्न ठाउँको अवलोकन भ्रमण वापत निम्नानुसारमा एक पटकको भ्रमणमा ४० जनासम्म (गाडी भाडा, खाना खाजा दैनिक भ्रमण भत्ता, विविध लगायत अन्य) खर्च लेखेको पाईयो । अवलोकन भ्रमणमा जाने कर्मचारी तथा जन प्रतिनिधिहरुले असल अभ्यास अवलोकनबाट के सिकेको हो उक्त कुरा पालिकाले कसरी प्रयोगमा ल्याउन सक्छ खुलाएको छैन । अवलोकन भ्रमणबाट प्राप्त असल अभ्यास तथा सिकाई उपलब्धी लाई अभिलेखाङ्कन गरी प्राप्त उपलव्धिको समीक्षा गरी संस्थागत हुनुपर्ने र उपलब्धि नहुने प्रकृतिका अवलोकन भ्रमण नियन्त्रण गर्नु पर्दछ ।

अध्ययनअवलोकन भ्रमण	बजेट	खर्च
अध्ययन अवलोकनभ्रमण-सहकारी	३५११५	२९६७५
जनप्रतिनिधिअध्ययन अवलोकन भ्रमण	५०००००	४९८६०६
कर्मचारीअध्ययन अवलोकन भ्रमण	१५७०००	१५७०००
कर्मचारीअध्ययन अवलोकन भ्रमण	४९७०६०	४९७०६०
जनप्रतिनिधिअध्ययन अवलोकन भ्रमण(बैदेशिक समेत)/ तालिम/ अभिमुखीकरण/ सेमिनार/ गोष्ठी आदी	५०००००	५०००००
अन्यउपमहानगरपालिकाहरुमा असल अभ्यास अध्ययन अवलोकन भ्रमण	३०००००	३०००००
जम्मा	१९८९१७५	१९८२३४१

५० **सभा सञ्चालन खर्च-**

हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को प्रस्तावनामा उपमहानगरपालिकाको दैनिक कार्यसञ्चालनलाई प्रभावकारी बनाउन मितव्ययी र आर्थिक सुशासन कायम गराउने उल्लेख छ । उपमहानगरपालिकाको सभा सञ्चालन कार्यविधि २०७४ मा सभा सञ्चालनको लागी बजेट र खर्च प्रकृया नतोकेको भएता पनि कार्यसञ्चालन निर्देशिका अनुसारमा बजेट अधिवेशनबाट पारित बजेट खर्च गर्ने अख्तियारी पाउने प्रमुख प्रशासकीय अधिकृतले सोही बमोजिम खर्च गर्नुपर्दछ । पालिकाको २ पटकको नगरसभा सञ्चालन खर्च रु.३६,३८,८०५ खर्च भएको र अन्य विविध तथा अतिथि सत्कार शीर्षकबाट समेतबाट अधिकांश खाना खाजाका बिल संलग्न गरी भुक्तानी भएको छ । सभा सञ्चालन खर्चमा मितव्ययिता अपनाउनुपर्दछ । सभा सञ्चालनका खर्चका केही उदाहरण निम्न छन् ।

विवरण	खर्च रकम
palpasa paradise home pvt ltd	६२१४१७
AVOCADO AND ORCHID RESORT PVT. LTD.	६४७४९
bismillah bag suppliers	२०८४७४
विना ठिके	१११३००८
विना ठिके	६२२५४४

५१ **तालिम कार्यक्रम सञ्चालन -**

पालिकाको आ.व. २०८१।८२ को बजेट तथा कार्यक्रममा प्रत्यक्ष लाभान्वित हुने र प्रतिस्पर्धा हुने गरी कार्यक्रम कार्यान्वियन गर्ने उल्लेख छ । पालिकाले यस वर्ष निम्नानुसारका कम्तीमा ६८ वटा तालिम प्रतिस्पर्धा बेगर सोझै सम्झौता गरी कार्यक्रम सञ्चालकको बजेट प्रस्ताव अनुसारकै लागतमा कार्यक्रम सञ्चालन गरी विभिन्न संघ संस्था फर्म तथा परामर्शदाता समेतलाई रु.१ करोड १० लाख ७७ हजार ५१३ भुक्तानी गरेको छ । यस प्रकारका तालिम विगत देखि नै सञ्चालनमा रहेको वार्षिक योजना तथा प्रगति प्रतिवेदनहरुमा देखिएको छ । प्रत्येक वर्ष आन्तरिक तथा सम्झौता गरी वाह्य फर्महरुबाट तालिम कार्यक्रम सञ्चालन हुने तर लाभान्वित तथा सरोकारवालाहरुको अद्यावधिक विवरण र प्रभाव मुल्यांकन (Impact analysis) समेत पालिकाले नगरेको र उद्धेश्यअनुरुप कार्यक्रम सञ्चालन भए नभएको यकिन गरी यस्ता तालिम कार्यक्रमको प्रभाव मूल्याङ्कन, अनुगमन समेत हुने गरेको देखिँदैन । विभिन्न शाखागत रुपमा स्थायी कर्मचारी रहेको, करारमा समेत कर्मचारी भर्ना गरेकोमा अधिकांश तालिम कार्यक्रम संस्थालाई सञ्चालन गर्न दिएको उपयुक्त देखिदैँन । यस्ता संस्थाहरुले कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस् को पालना समेत नहुने भएकोले खर्च मितव्ययी समेत नहुने देखिन्छ । स्वरोजगार सिर्जना गर्ने मुख्य उद्वेश्यबाट सञ्चालित यस्ता सीपमूलक तालिमहरू सम्पन्न भए पश्चात सहभागीहरू स्वरोजगार

भए नभएको तालिमबाट सिकेको सीपको उत्पादकत्व वृद्धि हुने गरी लगानीको प्रभाव मूल्याङ्कन गर्ने गरेको समेत नहुँदा तालिम कार्यक्रम र सोको प्रभावकारिता समेत आकलन गरी यस्ता तालिमहरु जनशक्ति उपलव्ध भएसम्म पालिकाबाटै सञ्चालन गर्ने अन्यथा प्रतिस्पर्धात्मक विधि प्रकृया अवलम्बन गरेर मितव्ययी आउटसोर्सिङ्ग विधिबाट सञ्चालन गर्ने वा आगामी वर्षको लागि पालिका आँफैले तालिम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५२ **परामर्श -**

५२.१ **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ (च१) मा परामर्शकार्यको कार्यक्षेत्रगत शर्तमा परामर्शदाताको मुख्य जनशक्तिको रुपमा प्रस्तावित विज्ञको वारेमा खुलासा गर्नु पर्ने तथा प्रस्तावित जनशक्ति सम्झौता पश्चात् काम गर्न नसक्ने गरी बिरामी भएको दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिव कारणले त्यस्तो कार्य गर्न नसक्ने भएको अवस्थामा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रुपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने कुरा खुलाउनु पर्ने । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। परामर्शदाताहरुले पेश गरेको प्राविधिक प्रस्तावमा परामर्श कार्यको लागि TOR अनुसार आवश्यक पर्ने मुख्य जनशक्ति/ विज्ञहरुको नाम समावेश नगरी प्रस्ताव पेश गरेकोमा सोही अनुसार प्रस्तावको मूल्याङ्कन एवं छनौट गरेको पाईयो । उक्त प्रस्ताव अनुसार आवश्यक पर्ने मुख्य जनशक्तिको उपयोगको नामावली उल्लेख नगरी अन्तिम प्रतिवेदन पेश गरिएकोमा निजहरुको योग्यता र अनुभव घोषणा गर्न लगाई प्रतिवेदनमा समावेश गराउनु पर्ने र प्रतिवेदन तयारीमा संलग्नता प्रमाणित हुनु पर्नेमा सो गरेको देखिएन। के कस्तो योग्यता र अनुभव भएका विज्ञ प्रयोग भएको हो, TOR/ प्रस्तावमा उल्लेखित जनशक्ति नै प्रयोग भए नभएको सम्बन्धमा यकिन हुन सकिएन जसले गर्दा कामको गुणस्तरमा समेत विश्वस्त हुन सक्ने अवस्था देखिएन । परामर्श सेवाको भुक्तानी गर्दा खरिद ऐन नियममा भएका प्रावधान र TOR बमोजिमका प्रावधान पुरा भए नभएको सम्बन्धमा यकिन गरी शर्त पुरा भएको अवस्थामा मात्र भुक्तानी गर्नुपर्दछ।

भौ नं	मिति	परामर्श दाता	कार्य	प्रस्तावमा उल्लिखित विज्ञ	भुक्तानी रकम	कैफीयत
८८२	२०८१।९।१४	पिकासो कन्सल्टेन्सि प्रा लि	भू उपयोग नीति र मापदण्डको प्रतिवेदन तयारी	उल्लेख नगरेको	४९५५६०	प्रतिवेदनमा उल्लिखित १टोली प्रमुख- पुनम बज्राचार्य २ विकास विद - तारादेवी खतिवडा ३ सिभिल ईन्जिनियर - प्रवेश घिमिरे ४Data base expert ५ खरिद विज्ञ
१३८२	२०८१।११।२३	रिलायन्स ईन्जिनियरिङ कन्सल्टेन्सि प्रा लि	GIS system बाट १९ वटै वडामा मेट्रिक प्रणालीमा आधारीत घर नंबर सहितको प्रतिवेदन	१टोली प्रमुख-शहरी योजनाकार, २ सिस्टम डीजाईनर, ३ GIS expert ४Data base expert ५ खरिद विज्ञ	४८६६२०	प्रस्ताव र प्रतिवेदन दुवैमा नामावली तथा व्यक्तीगत विवरण उल्लेख नगरेको

५२.२ **प्रतिवेदनहरु जिन्सि दाखिला** –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७,को नियम ९५ मा जुन सुकै प्रकारबाट प्राप्त जिन्सी समानको ७ दिन भित्र जिन्सी खातामा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । पालिकाले उल्लिखित प्रतिवेदनहरु PAMS V2मा

दाखिला गर्नु पर्नेमा दाखिला गरेको देखिएन । सबै किसिमका प्रतिवेदनहरु जिन्सी दाखिला गरी अभिलेख राखी कार्यान्वियनमा ल्याउनु पर्दछ । उक्त प्रतिवेदनहरु जिन्सी दाखिला गर्नुपर्ने रु.

भौ नं	मिति	प्रतिवेदन	भुक्तानी रकम
८८२	२०८१।९।१४	भु उपयोग नीति र मापदण्डको प्रतिवेदन तयारी	४९५५६०
१३८२	२०८१।११।२३	GIS system बाट १९ वटै वडामा मेट्रिक प्रणालीमा आधारीत घर नंबर सहितको प्रतिवेदन	४८६६२०
जम्मा			९८२१८०

प्रमाण पेश नगरेको	९,८२,१८०

५३ **आन्तरिक नियन्त्रण प्रणाली सुधार योजना :** (१३३८-2081-11-19):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने ।त्यस्तै नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने यथेस्ट विल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुधार योजना तर्जुमा को लागि ईक्वेल एक्सेस ईन्टर प्राईजेज संग सम्झौता गरी प्रतिवेदन पश्चात रु.१९७६९४ भुक्तानी दिएको पाईयो ।पालिकाको आन्तरिक नियन्त्रण प्रणाली रहेका समस्या, अवसर र चुनौतीको र संभावनाको वारेमा पालिकाका अनुभवि कर्मचारी तथा पालिकाको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन अध्ययन अनुसान्धान गरी पृष्ठ पोषण प्रदान गर्ने प्रयोजन करारमा नियुक्त विज्ञ सल्लाहकार वाट सल्लाह लिएर आन्तरिक नियन्त्रण प्रणाली सुधार योजना तर्जुमा गर्नु पर्नेमा आफ्नो आन्तरिक समस्याको विषयमा परामर्श लिएको पाईयो । ईक्वेल एक्सेस ईन्टर प्राईजेज बाट प्राप्त आन्तरिक नियन्त्रण प्रणाली सुधार योजना प्रभावकारी रुपमा कार्यान्वियन गर्नु पर्दछ ।

५४ **योजना तथा कार्यक्रम अनुगमन :** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **३१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

५५ **वैदेशिक भ्रमण -**

५५.१ भारत भ्रमण:-३४५।२०८१।६।२१ स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को दफा ४ ख मा दफा ५ अनुसार सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएमा संघिय मामिला तथा समान्य प्रशासन मन्त्रीस्तरीय निर्णयमा बाट मनोनयन गराउनु पर्ने व्यवस्था छ । कार्यपालिकाको २०७९।८।२१ को निर्णय अनुसार वातावरण समितिका संयोजक १० नं वडा अध्यक्ष भारतको हैदरावाद र भुवनेश्वरमा २०७९।८।२५।देखी २०७९।९।३ सम्म नगर स्तरिय समावेशी सरसफाई CWIS र दिशाजन्य लेदो व्यवस्थापन FSM कार्यक्रममा सहभागिता वापतको २०८०।८१को दायित्व रकम रू. १५२५८२।०० भुक्तानी भएको पाईयो ।उक्त कार्यक्रमको लागि संघिय मामिला तथा समान्य प्रशासन मन्त्रीस्तरीय निर्णयबाट मनोनयन स्वीकृत गराएको पाईएन । निर्देशिका विपरित मनोनयन स्वीकृत नगराई भएको भ्रमण खर्चको भुक्तानी नियमसम्मत नदेखीएको रु

अनियमित भएको	१,५२,५८२

५५.२

वैदेशिक भ्रमण :- स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को दफा ४ ख मा दफा ५ अनुसार सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रीस्तरीय निर्णयबाट मनोनयन स्वीकृत गराउनु पर्ने सो को लागि दफा ६ (२) अनुसार आयोजकले आँशिक खर्च व्यहोर्ने गरी आमन्त्रण गरेको र बाँकी खर्च स्थानीय तहले व्यहोर्नु पर्ने भएमा सो वापतको रकम सम्बन्धित स्थानीय तहको चालू आ.व. को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको सम्बन्धित शीर्षकमा रकम विनियोजन भएको हुनुपर्ने व्यवस्था छ । पालिकाको २०८१।३।२७ को कार्यपालिकाको निर्णय नं २ अनुसार पालिकालाई सदस्यता शुल्क बाहेक अन्य आर्थिक व्ययभार नपर्ने गरी क्यानडाको टोरन्टो शहरमा २०२४ को अगस्त ११देखी १५ सम्म सञ्चालन भएको The International water Associations को आयोजनामा IWA world water congress & Exhibition को लागि २ जना जनप्रतिनिधि तथा ३ जना कर्मचारीहरु गरी ५ जनालाई मनोनयन गरेकोमा निजहरुको उक्त कार्यक्रममा सहभागिता प्रयोजनको रकम गोश्वरा भौचर नंबर विविध खर्च खाता ३२/२०८२।३।३२ बाट रू.४८००००।०० शुल्क निजहरुबाटै पालिकामा जम्मा भएको छ।संस्था संगको आवद्धता नविकरण वापत नगरपालिका चालु गोश्वरा भौचर नंबर ३०२६/ २०८२।३।२५बाट रु.९९६१२।०० खर्च लेखाङ्कन गरेको देखियो।आयोजक संस्थाको आमन्त्रण पत्र र सहभागिता भ्रमण सम्बन्धी प्रमाणहरु पेस नभएकोले उपलब्ध गराउने सेवा सुविधा तथा भ्रमण सम्बन्धमा थप विष्लेषण गर्न सकिएन । संघीय मामिला तथा समान्य प्रशासन मन्त्री स्तरीय निर्णयबाट मनोनयन स्वीकृत गराई भ्रमण प्रकृया शुरु गर्नु पर्नेमा सो प्रकृया अवलम्बन गरेको देखिएन। आगामी दिनमा यस्ता भ्रमण गर्दा तोकिएको निकायबाट स्वीकृति पश्चात भ्रमणको लागि प्रकृया शुरु गर्नु पर्दछ ।संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट स्वीकृत नगराएको भ्रमण प्रयोजनको खर्च नियमसम्मत नदेखिएको रु

अनियमित भएको	९९,६१२

५६ खेलकुद कार्यक्रम सञ्चालन मापदण्ड-

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा आफ्नो अधिकारक्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो ऐन अन्तरगत रहेर नियम, निर्देशिका,कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले खेलकुद कार्यक्रम कार्यक्रमहरु संचालन गर्दा आशिक विषयमा मात्र खर्चका मापदण्ड तयार गरेको देखिएन। पालिकाले आशिक विषयमा खर्चका मापदण्ड बनाएको सो बाहेक पटके निर्णय निर्णयका आधारमा खर्चको क्षेत्र र अंश तोकेर वा नतोकी रकम उपलब्ध गराएको छ ।पालिकाले कार्यक्रम सञ्चालनका मापदण्ड तयार गरी कार्यक्रम मितव्ययी र व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्दछ । पालिकाले आफै , अन्य व्यक्ति तथा संस्था मार्फत विभिन्न खेलकुद कार्यक्रम तथा प्रतियोगिता सञ्चालनमा यो वर्ष रू.१,२५,२३,४३३।०० खर्च गरेको देखिन्छ।यस्तो प्रकृतिका कार्यक्रममा प्रकृया तथा खर्चका मापदण्ड र प्रशिक्षकद्वारा प्रशिक्षण, छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयंसेवक टिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक ,प्रशिक्षक, निर्णायक, रेफ्री ,स्कोरर अम्पायर तथा खेलाडी आदीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तयार गर्नु पर्दछ । खर्चका मापदण्डहरु तयार नगरी कार्यक्रम गर्दा खर्चमा मितव्यीता र एकरुपता कायम भएको देखिएन।पालिकाले यस्ता किसिमका खर्च गर्दा खर्चमा मितव्यीता कायम गर्नुपर्दछ।मापदण्ड बेगर खर्च गरेका केही उदाहरणहरु निम्नानुसार छन्। खेलकुद कार्यक्रमका सवै तह स्तर लाई समेट्नेगरी मापदण्ड समेतको आधारमा खर्चको क्षेत्र र अंश तोकेर रकम उपलब्ध गराउनु पर्दछ ।

सिनं	भौ नं	मिति	भुक्तानीलिने	कार्यक्रम	खर्च	खर्चकाप्रमुख क्षेत्र
१	७४३	२०८१।९।१	अक्कलबहादुर थीङ्	अन्तरपालिका तेस्रो मेयर कप रत्ननगर	२०५३६६	खाना खाजा यातायात
२	१३३९	२०८१।११।९	बागमतीप्रदेश फुटवल संघ	बागमतीप्रदेश फुटवल लिग २०८१	५०००००	खाना खाजा यातायात
३	१४२२	२०८१।१२।१	राममणिशर्मा	उप मेयरसंग युवा अन्तरगत अनुपम घलान फुटवल	६८५१८१	निर्णायक, स्वयंसेवक, अनुगमन, पुरस्कार, रेफ्रि, लाईनमेन खर्च
४	१७५९	२०८१।१२।२९	श्रीहरिचन्द्र सापकोटा	शिक्षकभलिबल प्रतियोगिता	२४७६४१	निर्णायक स्वयंसेवक, अनुगमन, पुरस्कार, लाईनमेन खर्च
५	२३४३	२०८१।२।२६	मकवानपुरशारिरिक सुगठन संघ	शारिरिकसुगठन प्रतियोगिता	५०००००	निर्णायक, स्वयंसेवक,अनुगमन,पुरस्कार, रेफ्रि खर्च
६	२२८९	२०८२।२।१९	केशवलालस्मृती प्रतिष्ठान	भलिवलप्रतियोगिता	८९५८००	निर्णायक, स्वयंसेवक, अनुगमन, पुरस्कार, लाईनमेन, रेफ्रि खर्च
७	२०११	२०८२।१।२२	मकवानपुरजिल्ला व्याडमिन्टन संघ	जिल्लास्तरिय ब्याडमिन्टन प्रतियोगीता	५०००००	निर्णायक, स्वयंसेवक, अनुगमन, पुरस्कार, लाईनमेन , रेफ्रि, पोशाक अम्पायर खर्च
८	२०१४	२०८१।१।२३	नेपालहक्की संघ	हक्कीप्रतियोगिता	५०००००	
९	२१०८	२०८२।२।२	श्रिमकवानपुर जिल्ला फुटबल संघ	शहिदस्मृति मकवानपुर राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगीता	२५०००००	निर्णायक, स्वयंसेवक, अनुगमन, पुरस्कार, लाईनमेन ,रेफ्रि, पोशाक , अम्पायर, यातायात सुरक्षाखर्च
१०	२१५०	२०८२।२।७	श्रीआधुनिक राष्ट्रिय मा.वि लाई	नगर स्तरीयरनिङ्गशिल्ड प्रतियोगीता	९७९३२७	निर्णायक , स्वयंसेवक, अनुगमन, पुरस्कार, लाईनमेन , रेफ्रि, पोशाक ,अम्पायर,यातायात सुरक्षाखर्च
११	विभिन्न	विभिन्न	सहायक स्तरपाचौ श्री राजमणि शर्मा लाई	मेयर कपफुटबल प्रतियोगिता	१५३७८७१	मैदानतयारी , स्टेज निर्माण , साउण्ड सिस्टम ,निर्णायक ,स्वयंसेवक, अनुगमन, पुरस्कार, लाईनमे , रेफ्रि , पोशाक ,अम्पायर, यातायात सुरक्षा खर्च आदी

५७ **अतिरिक्त भत्ता -**

उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका ०८१ को परिच्छेद ३ मा अतिरिक्त सुविधा भुक्तानी गर्दा विद्युतिय हाजिरी अनिवार्य पेश हुनुपर्ने उल्लेख छ । पालिकाले कन्टिन्जेन्सी तथा अन्य नियमित शिर्षकवाट समेत अतिरिक्त समय कार्य सुविधा रकम प्राविधिक कर्मचारीहरुलाई भुक्तानी भएकोमा विद्युतीय हाजिरी पेश नभएको साथै प्रशासन शाखाबाट हाजिर प्रमाणित हुने गरी प्रमुख प्रशासकिय अधिकृतबाट २०८१।१२।२९ मा स्वीकृत भएको तर अतिरिक्त समय काम गरेको काम गरेको जनाएकोमा पुर्वाधार, योजना तथा भवन अनुमति शाखा समेतका ५५ जनालाई भएको भुक्तानीको विद्युतीय प्रमाणित हाजिरी पेश नभएकोले उक्त खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

गो भौ नं	कुल भुक्तानी
३६।३।२५	१७५०००
३७।३।२५	३४३५०
३८।३।२५	४००००
३६८।३।२५	१७५०००
३७०।३।२५	५९०००
३७१।३।२५	३३९९५
३७१।३।२५	३३९९५
७।३।२५ विविध	पुर्वाधार वैशाख जेठ ३२ जना ५४६३००,योजना वैशाख जेठ ३ जना २७९००, भवन अनुमती वैशाख जेठ २० जना १३६८०० समेत कुल रु.७११०००
जम्मा रकम	१२६२३४०

अनियमित भएको	१२,६२,३४०

५८ **विज्ञ सेवा खर्च : -**

हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ अन्तरगत बनेको हेटौंडा उपमहानगरपालिका सल्लाहकार नियुक्ति सम्बन्धी कार्यविधि, २०७९कोदफा ३(२)को सि नं १ अनुसार पालिकाले विज्ञ सल्लाहकार रुपमा मकवानपुर सिमभञ्ज्याङ-६, स्थायी ठेगाना भई हाल हेटौडा उपमहानगरपालिका वडा नं. ५ सिंचाई टोलका डा. कृष्ण प्रसाद धिताल बीच विज्ञ सल्लाहकारको रुपमा २०८१ साल श्रावण १ देखी २०८१ पौष मसान्तसम्म कायम रहने गरी शहरी विकास र व्यवस्थापनका विषयमा आवश्यक सल्लाह सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने,पालिकाका निर्णयहरुको कानुनी प्रतिरक्षाका लागि आवश्यक सहयोग गर्ने, गुरुयोजना (Master Plan) दीर्घकालीन योजना (Prospective Plan), आवधिक योजना Periodic Plan), तथा वार्षिक योजना (Annual Plan) तर्जुमा, वैदेशिक सहयोग परिचालनका लागि कार्य गर्ने , प्रमुखलाई पूर्व जानकारी दिई वैदेशिक दातृ संस्था तथा स्थानीय सरकार सम्बद्ध सरोकारवालासँग सम्पर्क गर्ने एवम् सम्बन्ध विकास गर्ने, बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी/गर्न उपलब्ध गराउने , शहरी शासनका विभिन्न विषय क्षेत्रमा आवश्यकतानुसार सरोकारवाला तथा अन्य विज्ञसँग छलफल, अन्तरक्रिया, सभा-सम्मेलन, गोष्ठी आयोजना जस्ता कार्य गर्ने/ गर्न लगाउने कार्यकालागि सम्झौता गरेको देखिन्छ ।उल्लेखित कार्य गरे वापत नेपाल सरकारले अधिकृतस्तर दशौं तह वा सो सरहको लागि निर्धार्ण गरेको तलब र मासिक उपलब्ध गराउने छ सम्झौता अनुसार निजलाई योवर्ष रु.६९३०९६ भुक्तानी भएको छ । पालिकाको नियमित प्रकृतीका कार्यकालागि प्रयाप्त जनशक्ती रहेकोमा निजबाटै सम्पादन गर्नु पर्ने अतिरिक्त कार्यको लागि लक्ष्य तोकेर कार्यविवरण उपलब्ध गराई सो का आधारमा सम्पादित कामको प्रतिवेदन लिने तथा मूल्याङ्कन गर्ने गरेको देखिएन । अतिरिक्त कार्यको लागि परिमाणात्मक लक्ष्य तोकेर कार्यविवरण उपलब्ध गराई सो का आधारमा सम्पादित कामको मूल्याङ्कन हुनु पर्दछ ।

५९ **उपस्थिति बेगरको अनुगमन भत्ता:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **२,५५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६० **बढी भुक्तानी:**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०८१को अनुसूची ११मा तालिम, गोष्ठी, सेमिनार लगायतका खर्चको मापदण्ड अनुसूचीमा उल्लेखित दरमा खर्च गर्नुपर्ने र सि.नं.४ को स्पष्टीकरणमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख रहेको छ।पालिकाले तपशिल बमोजिमको कार्यक्रम संचालन गर्दा अनुसूचीमा तोकिएको दर भन्दा बढी दरमा विभिन्न भत्ताहरु भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रु.२०४०।- असुल गर्नुपर्ने रु.

भौचर नं र मिति	विवरण	नाम	सेशन संख्या	दिनुपर्ने दर	दिनुपर्ने रकम	भुक्तानी रकम	बढी भुक्तानी कर बाहेक	कैफियत
	नमूना रोजगार सेवा केन्द्र संचालन	सुयस राज पराजुली	२	१६००	१६००	४०००	२०४०	बाह्य
							२०४०	

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **८,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,०४०

६१ **मेयर संग शैक्षिक सुधार कार्यक्रम -**

हेटौँडा उपमहानगरपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड २०७९ को दफा नंबर ७ अनुसार रु २५०००।०० सम्म नगर प्रमुखको तोक आदेशमा र रू.२५०००।०० भन्दा वढी कार्यपालिकाको निर्णय बाट छात्रवृत्ति रकम उपलब्ध गराउने व्यवस्था छ। मापदण्ड अनुसार यो वर्ष १६ शैक्षिक संस्थाका २१९ जना विद्यार्थीलाई रू.१९८३१६० छात्रवृत्ति दिएको पाईयो । छात्रवृत्ति पाउने विद्यार्थी छनोटको लागि गरीब ,जेहन्दार एवं प्राप्ताङ्क लाई समेत आधार लिई छनौट गर्नु पर्नेमा पटके तोक आदेशको आधारमा वितरण गरेको देखियो। यस्तो रकम गरीब तथा विपन्न विद्यार्थीलाई लक्षित गरी मापदण्ड तयार गरी सोही मापदण्डका आधारमा उपलब्ध गराउनु पर्नेमा पटके तोक आदेश र कार्यपालिकाको पटके निर्णय अनुसार दिनु मनासिब देखिएन ।

६२ **कार्य क्षेत्र बाहिर तालिम सञ्चालन :-**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका २०८१ को दफा ४६ मा सरकारी कार्यालयले सेमिनार, तालिम, गोष्ठी, छलफल, बैठक, अन्तर्क्रिया लगायतको कार्यक्रम सम्भव भएसम्म अनलाईन प्रविधिको माध्यमबाट सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने, भौतिक रूपमा नै उपस्थित भई सेमिनार, तालिम, गोष्ठी गर्नु परेमा उपलब्ध भएसम्म आफ्नै सभाहल वा बैठक कक्ष र उपलब्ध नभएमा सार्वजनिक सभाहल वा बैठक हल प्रयोग गर्नु पर्ने, अत्यावश्यक काममा बाहेक अरु काममा आवासीय गोष्ठी गर्न नहुने व्यवस्था छ । पालिकाले Nepal national building code and Gis विषयमा तालिम सञ्चालन गर्न लागत अनुमान तयारर गर्दा नै सौराहा चितवनमा गर्ने गरी ४३ जनाको लागि कार्यक्रमको रू. ४,६१,१००।००को लागत अनुमान तयार गरेको पाईयो । उक्त कार्यक्रममा नगर प्रमुख, नगरप्रमुखका स्वकीय सचिव, नगरप्रमुख सचिवालय प्रमुख, नगरप्रमुखका सवारीचालक , नगर उपप्रमुख, नगर उपरप्रमुखका स्वकीय सचिव, प्रमुख, नगर उपप्रमुख सवारी चालक , १९ र ८ नंबर वडाका अध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकिय अधिकृत सवारी चालक,सामाजिक विकास महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख,पूर्वाधार महाशाखा प्रमुख, प्रशासन शाखा प्रमुख,नक्सा शाखा प्रमुख,आर्थिक प्रशासन शाखा प्रमुख, कानुनी सल्लाहकार,लेखा शाखा २ जना ,सव ईन्जिनियर ८ जना ,सर्भेयर २जना ,अधिकृत छैठौं नक्सा शाखा ,कार्यालय सहायक २ , बच्चा हेरालु १ जना ,वरिष्ठ प्रशिक्षक २ जना तथा सहजकर्ता २ जना गरी ४३ जना मध्ये ४१ जना कार्यालयबाट सहभागिता रहने गरी एच एन एम ईन्जिनियरिङ एण्ड कन्सल्टेन्सी प्रा ली नरेफाँट काठमाडौंबाट रू. ४५७०००को तालिम व्यवस्थापन गर्न परामर्श सेवा लिई २०८१।८।२५ देखि ८।२७ सम्म ३ दिन उक्त तालिम सञ्चालन भएको देखियो ।उपमहानगरपालिकाको सभा हलमा मितव्ययी रुपमा सञ्चालन गर्न सकिनेमा कार्यसम्पादन सँग असम्बन्धित ८ जना समेतलाई सहभागी गराई महङ्गो स्थलमा मितव्ययी नहुने गरी तालिम आयोजना खर्च गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,५७,०००

६३ **भुक्तानीमा कर कट्टी : -**

आयकर ऐन, २०५८ को दफा ८ मा सेवा परामर्शको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमुना छनौट परीक्षण गर्दा निम्नानुसारको भौचर नंबर र मितिबाट नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत नगरपालिका संग सम्झौता गरी परामर्श प्रकृतीका कार्यक्रमहरु सिपमुलक तालिम एवं क्षमता विकास जस्ता कार्यहरु सञ्चालन गरे बापत विभिन्न संघसंस्था एवं सहकारीलाई सञ्चालन वापतको रकम भुक्तानी भएकोमा उक्त संस्थाहरु मू.अ.कर दर्ता नभएको देखिएकोले निजहरुको भुक्तानीमा १५ प्रतिशतका कर कट्टा गर्नु पर्नेमा घटी कर कट्टी गरेको देखिएकोले नपुग कर रकम सम्बन्धितबाट असुल गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.

भौ नं	मिति	संस्था /फर्म	कार्य /सेवा	भुक्तानी रकम	लाग्ने कर रकम	दाखिदा कर रकम	नपुग कर
१८६	२०८१।६।२२	दृश्या एण्ड आभ्या ढाका हस्तकला	४५ दिने ढाका बुनाइ तालिम	३९८९६०	५९८४४	२०२७९	३९५६५
१८२८	२०८२।१।२	महिला एकता सार्थक समाज	पाठेघर तथा स्तन क्यान्सर शिविर सञ्चालन	३००००००	४५०००	१६४६३	२८५३७
२१९	२०८१६।१४	मौवाटार टोलविकास संस्था	एडभान्स सिलाकृइ कटाइ तालिम	२०००००	३००००	१९६०७	१०३९३
४७४	२०८१।७।१३	हेटौडा ढाकाबुनाइ समूह	४५ दिने डाका बुनाइ तालिम	३८५९६०	५७८९४	१५०००	४२८९४
३७८	२०८१।६।२२	समाजका लागि युवा	किशोर किशोरी लाई वृत्ति विकास सम्बन्धी	१६०३१४	२४०४७	८६०४	१५४४३
२०२०	२०८२।१।२३	सहयात्रा नेपाल	विद्यार्थी क्षमता विकास	९२३२०	१३८४८	४७५९	९०८९
१९६४	०१/१७/२०८२	श्री सूचनाको हकका लागी राष्ट्रिय महासंघ	सूचना प्रवाह	१०००००	१५०००	११९०३	३०९७
१९७०	०१/१९/२०८२	दिदि बहिनि महिला समूह	तालिम	१५००००	२२५००	२३२९	२०१७१
२३४६	०२/२७/२०८२	श्री हर्नामाडी स्वरोजगार महिला गार्मेन्ट उद्योग	होजियारी सिलाइ तालिम	४३९४४७	६५९१७	१०१११	५५८०६
१९२९	०१/१४/२०८२	श्री नगरस्तरीय महिला जागरण समुह	दुवोको माला र साईपाटा बनाउने तालिम	१०००००	१५०००	४१९२	१०८०८
२४०४	०३/०४/२०८२	श्री राष्ट्रिय सहकारी बैङ्कलाई	सहकारी कोपोमिस तालिम संचालन	११५८२५	१७३७४	८७७०	८६०४
२९४२	०८१।४।२५	upabhokta hit samrachahhan munch nepal	तालिम	२०००००	३००००	७४८३	२२५१७
	जम्मा			२६४२८२६	३९६४२४	१२९५००	२६६९२४

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१७,५२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१६,३९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **४७,५५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,६६,९२४

६४ **कार्यसम्पादन मूल्याङ्कन वापत भत्ता :-** (७१६-2081-08-27):

आर्थिक कार्यविधि तथा वीत्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ (५) मा उपलब्ध स्रोतको समुचित उपयोग हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । हेटौडा उप महानगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०८०को दफा नं ३ घ मा कार्य प्रकृति अनुसार वैठक सके सम्म मितव्ययी हुने गरी राख्नु पर्ने उल्लेख छ । कार्यालय र कर्मचारीको नियमित तथा अनिवार्य दायित्वको नियमित कार्य भित्र

पर्ने विषय कार्यसम्पादन मूल्याङ्कन कार्यको लागि विहान बेलुका बैठक गरेर विभिन्न मितिमा १३ वटा सम्म बैठक बसी भत्ता वितरण गरेको देखियो । नियमित कार्यका लागि भत्ता वितरण गर्न पाउने भए आधार पेश गर्नु पर्ने अन्यथा असुल हुनु पर्ने रु

सि नं	भुक्तानी लिने	संख्या / दिन	कर बाहेक भुक्तानी रकम
१	कार्यालय प्रमुख सूर्य प्रसाद गौतम	१३	११०५०
२	शिक्षा अधिकृत सिताराम कोईराला	८	६८००
३	उप निर्देशक गोपाल प्रसाद पोखेल	८	६८००
४	उप निर्देशक भिम प्रसाद तिमिल्सिना	२	१७००
५	वरिष्ठ ईन्जिनियर सुवोध थापा	३	२५५०
६	अधिकृत सातौ लक्ष्मण मैनाली	६	५१००
७	अधिकृत सातौ विना ठिके	७	५९५०
८	ईन्जीनियर उद्धव रिमाल	३	२५५०
९	जन स्वास्थ्य अधिकृत सूर्य प्रसाद तिवारी	२	१७००
१०	कम्प्यूटर अपरेटर लोक बहादुर थापा	६	५१००
११	सहायक चौथो श्रीराम पौडेल	७	५९५०
जम्मा			५५२५०

असुल गर्नुपर्ने	५५,२५०

६५ **बत्ती जडान र मर्मत -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । मर्मत संभारकोलागि पालिकावाट खर्च हुने गरेको छ । उज्यालो हेटौंडा कार्यक्रम कान्ति राजपथमा पोल सहितको सडक बत्ती थप कामको लागि २० लाख वजेट विनियोजन भई महालक्ष्मी ईन्जिनियरिङ्ग समेतवाट खरिद भई खर्च भएकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

६६ **बीमा नगराएको -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च बीमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले २० लाख माथी ठेक्काको बीमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी बढी अवधि थप नगरेको र उपभोक्ता समितिहरुले बीमा गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार

ठेक्काको मर्मत अवधि कभर गर्नेगरी ठेक्काको म्याद थपसँगै बीमाको म्याद थप्नु पर्ने र उपभोक्ता समितिहरुले बीस लाखभन्दा माथिको कार्यको बीमा गराउनु पर्दछ । केही उदाहरण देहाय बमोजिम रहेका छन्ः

योजना	पालिका बजेट	लागत अनुमान	मुल्यांकन रकम
हात्तीलेटखहरेको उत्तरी सिमानावाट वहुउदेश्यीय तालिम केन्द्र सम्म सडक निर्माण	५०००००	६२२२८३४.३	२९४९४५३.८१
वडा नं.२ वासुदेव रोड(नमुना सडक निर्माण)	४९०००००	६१२५३८६.८५	५२८३५१२.६८
शंकरज्योतिआधारभुत विध्यालय भवन निर्माण कार्य हेटौडा -११	४५०००००	५००६६७८.४६	४८३१३४५.७७
सिंचाइकुना देखी कर्रा खोला सम्म खाल्सी व्यवस्थापन राजकुलो४ र ५ (नगर कार्यपालिका २०८१।९।२८निर्णय)	४०००००००	४९६००२५.१४	४४३२२६२.०१
भैरवडांडा नकाली सडक स्ल्याव ढलान	३०००००००	३८४९६९१.२२	३६०६२०२.२४
सचेतटोल विकास संस्था ढल तथा नाला निर्माण हे.उ.म.न.पा. ५पिप्ले मकवानपुर	३०००००००	३७२०७६०.३६	२९०९९२६.९९
कोसेलीघर निर्माण (क्रमागत), हेटौडा १०,बसपार्क	३३१४०००	३६८६२४१.९५	३५३०३०५.७५
वडा नं.१६ वडा कार्यालय सामुदायिक भवन निर्माण	३०५००००	३३७५९८६.८३	३२५८८३९.४७
हेटौडा१ चाइना क्वाटर सामुदायिक भवन निर्माण	३०००००००	३३२५६९८.३२	३१६२७८३.६१
खेलकुदमैदान निर्माण	२५५००००	३२०५८४८.६५	३१९४४६४.५६
उप्रेतीडाँडासडक स्तरोउन्नती हेटौडा १९मकवानपुर	२५०००००	३१०२४४९.२	३०००८२२.२८
ज्येष्ठनागरिक पार्क निर्माण हेटौडा उनपा ७ मकवानपुर	२७०००००	२९८८२२२.१८	२७८५५८३.४५
रामकाजीपंधेरो भुमि सिंचाई परियोजना	२६६००००	२९४६९७४.६२	२७००६१३.४८
लालझाडीमैनटार बाटो स्तरीकरण, मैनटार	२३०४०००	२८९०६३४.७४	२८८७९३१.९८
श्रमिकमा वि भवन निर्माण तथा मैदान सुधार	२६०००००	२८८९२६७.६४	२४०६९८६.२९
श्रमिकमा वि भवन निर्माण तथा मैदान सुधार	२६०००००	२८८९२६७.६४	२४०६९८६.२९
दारिमटारवासुदेव खोला तटवन्धन कार्य	२५०००००	२७७७७७१.८९	२६७४०१२.५९
रासीपार्क निर्माण हेटौडा क्रमागत	२५०००००	२७६८९३८.७६	१४६४१२८.१९
साङ्दोङ्गपालरी गुम्बा संरक्षण समिति मर्मत संभार हेटौडा १५	२३०००००	२५४५६७२.४७	२४५२०७६.५३
सिंचाइकुनादेखी गर्दा कर्रा खोलासम्म खाल्ची व्यवस्थापनराजकुल हेटौडा २,४र५	२०००००००	२४८९८८२.९३	१५६८९८८.२५
ज्यामिरेकजवे निर्माण, हेटौंडा-१९	२०००००००	२४८६८०६.१७	२३९३२३७.५४
सरस्वतीमाकृषि सडक निर्माण	२०००००००	२४८४२११.७	२२९४६४२.९
सिरानचँक बेसी टोल कृषि सडक	२०००००००	२४८४१५९.८७	२३९५४५२.०४
नयाँस्कुल रोड पूर्व सिर्जनशील टोल सडक स्तरीकरण शिखरपानी हेटौडा १५	२०००००००	२४८०८५१.८२	२३६६९४४.
फलफुलतथा तरकारी थोक वजार थप निर्माण हेटौडा	२०००००००	२४८०६५९.७६	२४७७१२९.२६
सिमलथलीडुमारे बाटो स्तरीकरण	१९२००००	२४०२३७९.०१	२४२५८६३.१७
मकवानपुरजिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ३ राई टोलमा सडक स्तरोन्नति कार्य	१९२००००	२४०२१३०.८४	२३९९९११.१२
पाठककोकुल गुठिसंगैको रिटेनिङ्ग वाल निर्माण वडा नं. ३	१९२००००	२४००८६३.७	२४००३४०.४
महादेवखोला बेसी टोल बाटो स्तरउन्नती वडा नं.१९	१९२००००	२४००८५९.५७	२४०५८७४.५७
रचितेराय जिम्बा घरजाने बाटो र स्याङ्बो घरबाटो स्ल्याब वडा नं. १८	१९२००००	२४००८११.७९	२४०४८८४.६१

रायकुवरको घर पछाडी डाङ्गडुङ्गे खोल्ची सम्म रिटेनिङ्ग वाल निर्माण वडा नं.३	१९२००००	२४००२८९.९५	२३९८५२४.५९
हेटौडा ६र १६ जोड्ने कल्भर्ट निर्माण	१८०००००	२२३२५१८.४	२१६५९५२.२
जिल्लासहकारी संघको भवन निर्माण	२००००००	२२२८३५१.१८	२०८७४२८.०३
फोहोमैलाव्यवस्थापन Material Recovery Facility (MRF) निर्माण, वडा नं. १०	२००००००	२२२५६२८.७३	२१४८४४९.५७
सामुदायिकभवन	२००००००	२२२२६७३.४८	२१३५६२१.२३
अरनिकोमा.वि. पुर्वाधार निर्माण	२००००००	२२१७७४२.४४	२१३९३५५.२६
बेनुतिलकचेतनशिल सिचाई कुलो निर्माण	२००००००	२२१७०२०.०५	१९९७७८०.८५
गोरक्षनाथमा.वि.शौचालय निर्माण हेटौडा-१८	२००००००	२२१४२७८.७२	२१२४३५३.८२
श्रीकृष्ण प्रणामी बाईजुराज महिला समिति गुरुधाप भवन निर्माण वडा नं. १६	२००००००	२२१४२७१.६९	२१३६४९३.५६
हेटौडा१५ तटबन्धन	२००००००	२२१३९४०.९	२१३०६४१.४५
राजपानीमानिजानन्द धाप पार्क इटा वाल निर्माण वडा नं ८	२००००००	२२१३८६२.८३	१९३७०७०.६३
पनेश खेलमैदान हेटौडा१५	२००००००	२२१३६४७.८४	२१३५९६३.७२
डोदोनछोइलिङ बौद्ध गुम्बा निर्माण	१९२००००	२१३९०५८.५	२१५४७१५.७५
सक्रियटोलबिकास संस्था कालोपानी बजु टोल अगाडी पुर्व पटि तटवन्धन वडा नं. १४	१९२००००	२१३४५१६.१४	२१५२७६०.०२
मिनिघण्टाघर निर्माण	१८३२०००	२०२९८१३.६६	१८०९३५०.५६

६७ **अधुरो कार्य स्वीकार-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम समयमा नसक्ने भएमा सोको जानकारी कार्यालयलाई गराउनु पर्ने र कार्यालयले आवश्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराएका योजनाहरु सम्झौतामा तोकिए अनुसारको काम नगरेको अवस्थामा समेत अधुरो कार्यस्वीकार गरी रकम भुक्तानी दिएको छ। उपभोक्ता समितिसँग ढीला सम्झौता भएकोले पनि काम सम्पन्न हुन नसकेको देखिन्छ । नियमावलीअनुसार ९० प्रतिशत कार्य भई प्रयोग योग्य भएको अवस्थामा मात्र कार्य स्वीकार गर्नुपर्नेमा यसरी अधुरो कार्य स्वीकार गरी भुक्तानी भएका केही उदाहरण देहाय बमोजिम रहेका छन्;

उल्लिखित विवरण अनुसार २९.२० प्रतिशत मात्र सम्पादन गरेकोमा समेत सो सम्पादित कामलाई नै कार्य सम्पन्न मानी रकम भुक्तानी गरी योजना फरफारक गरेको पाइयो । उपभोक्ता समितबाट सम्झौता बमोजिमको कार्य पुरा नगराई अधुरो कार्य स्वीकार गरी भुक्तानी दिएको र बाँकी काम रु.१,९९,५६,७९५ को सम्पन्न गर्न थप पहल नगरेको तथा नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिसँग सम्झौता तोडी बाँकी निर्माण कार्य नगराएकोले उक्त अधुरो कार्य उद्देश्यमूलक तथा प्रतिफलदायी देखिएन । खर्च सान्दर्भिकताको लागि नियमावलीमा व्यवस्था भए बमोजिम सम्झौता अनुसारको काम पुरा गराउनु पर्दछ ।

योजना	सम्झौता मिति	लागतअनुमान तथा सम्झौता	मुल्यांकन	बाँकी काम	कार्यसम्पन्न प्रतिशत	बाँकी काम प्रतिशत	सम्पन्न मिति
हात्तीलेटखहरेको उत्तरी सिमानावाट वहुउदेश्यीय तालिम केन्द्र सम्मसडक निर्माण	१२/१३/२०८१	६२२२८३४	२९४९४५४	३२७३३८०	४७.४	५२.६	०३/२३/२०८२
फुटशलनिर्माण	२०८२।०२।२०	८८५४४०	४२७५४०	४५७९००	४८.२९	५१.७१	०३/२४/२०८२
राप्ती पार्कनिर्माण हेटौडा क्रमागत	०१/३०/२०८२	२७६८९३९	१४६४१२८	१३०४८११	५२.८८	४७.१२	०३/२३/२०८२
पशुपतिभन्ज्याङ देखि दियाले दमार सम्म बाटो मर्मत तथा पहिरोपन्छाउने कार्य	०९/२६/२०८१	२४२२३३	१३५७१४	१०६५२०	५६.०३	४३.९७	०१/१९/२०८२
सुजनसुवेदीको घर जानेबाटो बाटो स्ल्याब ढलान तथा सिडी निर्माण	१२/२०/२०८१	१८६४६०	१०५०६७	८१३९३	५६.३५	४३.६५	०३/१६/२०८२
राजदेवी मन्दिर निर्माण	१२/३०/२०८०	३३३७४०	१९३५१२	१४०२२८	५७.९८	४२.०२	०८/०५/२०८१
भैरव टोलअन्तर्रगत बाटोमा ढल निर्माण	०१/१२/२०८२	४९६२१०	३०१३४७	१९४८६३	६०.७३	३९.२७	०३/२४/२०८२
तामाङ्ग संग्रालयहेटौडा १०	०६/०९/२०८२	१६६६३७७	१०१३९०७	६५२४७०	६०.८४	३९.१६	०३/२५/२०८२
सिंचाइकुनादेखी गर्दोइ कर्रा खोलासम्मको खोल्चीव्यवस्थापनराजकुलो हेटौंडा २,४ र५	१२/२७/२०८१	२४८९८८३	१५६८९८८	९२०८९५	६३.०१	३६.९९	०३/१९/२०८२
चिसापानीटोलको मन्दिर जाने बाटो स्ल्याव ढलान हेटौडा ७	२०८२।०१।०२	४९७५२९	३१४६४८	१८२८८१	६३.२४	३६.७६	०६/२६/२०८२
श्री कृष्णआधारभुत विद्यालय खेल मैदान माटो फिलिङ्ग र घेरावार	२०८२।०२।१३	३३२५९३	२१७१९६	११५३९७	६५.३	३४.७	०३/२३/२०८२
सम्बृद्धीटोल विकास नवराज सरको घर जाने बाटो स्ल्याब ढलान वडा नं. ५	१०/०८/२०८१	४९६००८	३२५२६९	१७०७३८	६५.५८	३४.४२	०३/२२/२०८२
बनस्पतीअधुरो गेट निर्माण वडा नं.१३	०२/१८/२०८२	५५३४५३	३६५८४८	१८७६०५	६६.१	३३.९	०३/२५/२०८२
फुटपाथ तथा नाला निर्माण	१२/२९/२०८१	८६८३७६	५८०७७३	२८७६०३	६६.८८	३३.१२	०३/२३/२०८२
पुष्पलालपार्क दक्षिण तर्फ नाला निर्माण वडा नं.५	१२/०७/२०८१	६२०६३५	४२१५१८	१९९११७	६७.९२	३२.०८	०३/२०/२०८२
विविधपूर्वाधार निर्माण (धर्मपथ टोलविकास संस्था अन्तर्ग स्ल्याबढलान)	०२/११/२०८२	२८६३८३	१९८४८७	८७८९५	६९.३१	३०.६९	०३/२३/२०८२
जलेश्वरमहादेब मन्दिर क्षेत्र संरक्षण समिति मन्दिर निर्माण वडानं.७	२०८१।०३।०७	१६३८६९	११५९०९	४७९६०	७०.७३	२९.२७	१०/१३/२०८१
मक्रान्चुलीसहकारी संस्था भवन मर्मत तथा फर्निसिङ	२०८१।०१।३१	१११५८८५	७८९८५४	३२६०३१	७०.७८	२९.२२	०३/२४/२०८२
दियावतीबाख्रा फर्म जानेबाटौ स्तरोनत्ति	०८/११/२०८१	१२५१३०	९०२५९	३४८७१	७२.१३	२७.८७	०१/२१/२०८२
विश्वज्योतीआधारभुत विधालय वडा नं.१५	०१/११/२०८२	५५३४९९	४१९७५३	१३३७४६	७५.८४	२४.१६	०३/२५/२०८२
हात्तिगौडाओरालो सिडी निर्माण, हेटौडा-१२	०२/०७/२०८२	३७२७६९	२८५०८१	८७६८८	७६.४८	२३.५२	०३/२०/२०८२
शिव पांचयानमन्दिर संरक्षण हेटौडा -९	११/२८/२०८१	११५१२९	८९०४२	२६०८७	७७.३४	२२.६६	०३/२४/२०८२
गणेश मन्दिरनिर्माण वडा न ११	१२/२१/२०८१	२२२०४२	१७२४५७	४९५८५	७७.६७	२२.३३	०३/१२/२०८२
सचेत टोलविकास संस्था ढल तथा नाला निर्माण हे.उ.म.न.पा. ५पिप्लेमकवानपुर	११/०४/२०८१	३७२०७६०	२९०९९२७	८१०८३३	७८.२१	२१.७९	०३/१७/२०८२
खेतीयोग्यजमिनमा सिचाई (परोपकारी संस्थामा साना सिचाई)	०९/०२/२०८१	५५३६१२	४३८६५६	११४९५६	७९.२४	२०.७६	०३/०४/२०८२
दुर्गा कोल्डस्टोर्स उत्तर पट्टी सफल टोल विकास बाटो स्ल्याब ढलानवडा नं.१०	०२/२०/२०८२	६२०८४६	४९२९१५	१२७९३१	७९.३९	२०.६१	०३/२५/२०८२
सशक्त टोलविकास संस्था पेटी निर्माण मन्दिरमा पर्खाल र भञ्याङनिर्माण	२०८१।११।२५	५५८९०७	४४९०१५	१०९८९१	८०.३४	१९.६६	०३/२४/२०८२
किरातेश्वरमहादेव मन्दिर निर्माण	०३/०२/२०८२	२५०३४६	२०३८०९	४६५३७	८१.४१	१८.५९	०३/०२/२०८२
शान्ति बहिरातथा सुस्त श्रवण अ धारभुत विद्यालय	२०८२।०२।१३	२२१६१५	१८०७४४	४०८७१	८१.५६	१८.४४	०३/२४/२०८२
जलेश्वरमहादेब मन्दिर क्षेत्र विकास समिति क्रियापुत्रि भवननिर्माण निर्माण वडा नं.२	२०८२।०१।३१	७७७०३६	६३५८३२	१४१२०५	८१.८३	१८.१७	०३/१८/२०८२
रुद्रेश्वरमन्दिर निर्माण तथा रुद्रेश्वर महादेव मन्दिर अधुरोसंरचना निर्माण	०२/२०/२०८२	९९९१७८	८२२५०६	१७६६७२	८२.३२	१७.६८	०३/२५/२०८२
श्रमिक मा विभवन निर्माण तथा मैदान सुधार	१२/१६/२०७९	२८८९२६८	२४०६९८६	४८२२८१	८३.३१	१६.६९	०१/२८/२०८२
श्रमिक मा विभवन निर्माण तथा मैदान सुधार	१२/१६/२०७९	२८८९२६८	२४०६९८६	४८२२८१	८३.३१	१६.६९	०३/१३/२०८२
महेन्द्रमा.वि. देखी शान्ती टोल स्ल्याब ढलान वडा नं.१३	०३/२२/२०८२	६२३७६१	५२२७४१	१०१०२१	८३.८	१६.२	०३/१२/२०८२

भुटनदेवि मा.वि. भवननिर्माण	१२/११/२०८१	१६७३०९१	१४०५५२४	२६७५६७	८४.०१	१५.९९	०३/२३/२०८२
पूर्णगोलेको घर पछाडी तटबन्धन कार्य	०२/१३/२०८२	१८८७००	१५८७१९	२९९८०	८४.११	१५.८९	०३/१५/२०८२
कोइरालामार्ग स्लयाव ढलान	०२/०९/२०८२	६२४१३९	५२६००५	९८१३४	८४.२८	१५.७२	०३/२४/२०८२
जे. सि. आई.हेटौडा भवन निर्माण वडा नं.९	०२/०६/२०८२	४४२७८९	३७४५४०	६८२४९	८४.५९	१५.४१	०३/२३/२०८२
भाडटार तथाजागरण टोल ढल निर्माण कार्य	१२/०७/२०८१	११२०७७१	९४९०३८	१७१७३३	८४.६८	१५.३२	०३/१६/२०८२
वडा नं. २वासुदेव रोड(नमुना सडक निर्माण)	०६/०९/२०८२	६१२५३८७	५२८३५१३	८४१८७४	८६.२६	१३.७४	०६/०८/२०८२
मसानघाटनिर्माण	०१/१८/२०८१	१६६६८२४	१४४०८८२	२२५९४२	८६.४४	१३.५६	०३/१३/२०८२
रातोमाटेसामुदायिक भवन स्तरिकर हेटौडा१५	०३/०७/२०८१	१६६९६३	१४४९१४	२२०५०	८६.७९	१३.२१	०३/१५/२०८२
चिल्ड्रेनपार्क निर्माण	मिति२०८१।१२।०८	११०८३४२	९६८२५७	१४००८५	८७.३६	१२.६४	०३/१८/२०८२
राजपानीमानिजानन्द धाप पार्क इटाको वाल निर्माण वडा नं ८	०८/०९/२०८१	२२१३८६३	१९३७०७१	२७६७९२	८७.५	१२.५	१२/१०/२०८१
मुक्ति टोलअधुरो स्ल्याव ढलान वडा नं.१३	०२/२३/२०८२	६२२२२७	५४४८९३	७७३३४	८७.५७	१२.४३	०२/२१/२०८२
कृष्णढुङ्गानाको वरि पुच्छर देखी गौरी दंगालको घर सम्म जानेबाटोमा नयाँ ट्र्याकनिर्माण, हेटौडा-१२	०१/०७/२०८२	१२५६३१	११००७३	१५५५९	८७.६२	१२.३८	०२/१८/२०८२
थानीमाइमन्दिर संरचना निर्माण	२०८२।०२।०१	१७४४२५	१५३४९१	२०९३४	८८	१२	०३/१६/२०८२
विविधपुर्वाधार	२०८१।०२।२०	६२०८६६	५४६३६०	७४५०६	८८	१२	०३/१८/२०८२
नविन टोल नाला निर्माण	०९/०५/२०८१	६२०११६	५४७८५०	७२२६६	८८.३५	११.६५	०३/२०/२०८२
लामिडाडा बाटो निर्माण	११/२५/२०८१	५१५१४२	४५५६८५	५९४५७	८८.४६	११.५४	०२/२८/२०८२
कृष्णप्रणामी मंन्दिर मर्मत संभार	०३/०७/२०८१	३३६३३५	२९८४८४	३७८५२	८८.७५	११.२५	०३/२२/२०८२
संगमचोक टोलविकास संस्था इन्टरलक	२०८२।०२।०१	१६२४३२.९	१४४३२३.७८	१८१०९.१२	८८.८५	११.१५	०२/२८/२०८२
तिनताप्केखाडीदमार जोड्ने अधुरो स्ल्याब ढलान कार्य	१२/०६/२०८१	७४५०७३.३४	६६२२५६.१	८२८१७.२४	८८.८८	११.१२	११/२९/२०८१
कर्णावतीआर्यघाट गुम्वाको मुर्ती प्रतिस्थापन हेटौंडा ९	०१/३०/२०८२	४५२४६०.५	४०२५७९.९	४९८८०.६	८८.९८	११.०२	०३/२५/२०८२
मिनि घण्टाघर निर्माण	११/१५/२०८१	२०२९८१३.६६	१८०९३५०.५६	२२०४६३.१	८९.१४	१०.८६	०३/२४/२०८२
बनस्पती चोकदेखी बृन्दाबन संरक्षण गेट सम्म ढल निर्माण वडा नं.१३	०८/१९/२०८१	६०२४६३.९१	५३७९६५.८२	६४४९८.०९	८९.२९	१०.७१	१२/१०/२०८१
सिंचाइ कुनादेखी कर्रा खोला सम्म व्यवस्थापनराजकुलो ४ र ५	११/०४/२०८१	४९६००२५.१४	४४३२२६२.०१	५२७७६३.१३	८९.३६	१०.६४	०२/०५/२०८२
केशवपुडासैनीको घरदेखी रासी पुल सम्म जाने बाटो सिडी निर्माण	०२/२५/२०८२	४९७७५५.	४४४८८६.१९	५२८६८.८१	८९.३८	१०.६२	०३/२३/२०८२
गोङ्वा टोलदेखि घिसिङ् टोल अधुरो स्ल्याव ढलान वडा नं.१३	०२/२३/२०८२	६२२०१६.१६	५५७७४३.९१	६४२७२.२५	८९.६७	१०.३३	०२/२१/२०८२
बहुउदेश्यीयतालिम केन्द्र जाने बाटो करिडोर निर्माण		६०२२८३४.	२९४९५४५.	३०७३२८९.	४८		
सिंचाई कुना राजकुलोनिर्माण		२४०९८८२.९५	१५६८९८९.५२	८४०८९३.	६५		
शहिद प्रितकुमार पार्कनिर्माण		१०६९८४६.१७	३१२३६६.०१	७५७४८०.	२९		
		७३६४०२३०.	५३६८३४३५.	१९९५६७९४.			

६८ **पाईपलाईन विस्तार**- (९४-2081-10-24):

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **५,१५९,१९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६९ **हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिबाट** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिमार्फत गराएको कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ

प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा सम्वन्धित व्यवस्थापन समितिबाट गराउने वा पालिकाले गराउनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी अन्य लाभग्राही समुदाय मार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रू.

गो भौ नं	योजना तथा समिति	भुक्तानी रकम
१९८।१२।११	मोहन बज्राचार्यशहरी स्वास्थ्य केन्द्र भवन नि.उ.स.हेटौडा-४	१३१८७२२
१२०।१२।१५	नकौलीशहरी स्वास्थ्य केन्द्र भवन नि.उ.स.हेटौडा-१	८८७०९०
१२०।१२।१७	सृजनशीलबौद्ध अनाथ प्राथमिक बिद्यालय हेटौडा-१९	९५५९९
	जम्मा	२३०१४११

अनियमित भएको	२३,०१,४११

७० **बढी भुक्तानी:** (३३-2082-03-24):

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **५७,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७१ **शर्त सहितको पेश्की जमानतः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१,०५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **४,०७८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७२ **कोटेशनबाट खरिद-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा प्रतिस्पर्धालाई सिमित गर्न नहुने उल्लेख छ । यसै गरी सार्वजनिक खरिद ऐनको दफा ३१ बमोजिम २० लाखभन्दा बढीको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले निम्नानुसारका खरिदका लागि कम्प्युटर प्रिन्टर तथा औजार खरिद वाहेकमा पटके कोटेशनबाट मात्र खरिद गरेको छ । वार्षिक खरिद योजना बमोजिम खरिद कार्यलाई व्यवस्थित गरी वार्षिक खरिद आँकलनको आधारमा सम्भव भएसम्म प्रतिस्पर्धाको माध्यमवाट मितव्ययी खरिद गर्नुपर्नेमा सो प्रकृया पुरा नगरी थोरै मुल्यमा पटके कोटेशनबाट समेत खरिद गरेको पाईयो । सिलवन्दी तथा ठेक्काको माध्यमबाट खरिदमा प्रतिस्पर्धा हुने तर सोझै कोटेशनबाट खरिद गर्दा प्रतिस्पर्धा कम हुने देखिन्छ । वार्षिक रुपमा खरिद हुने सामानको खरिद एकाईले पूर्व आँकलन गरी खरिद योजना बनाउने र प्रतिस्पर्धा र मितव्ययिता कायम गर्न वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा खरिद योजना नवनाई आवश्यक्तानुसार कोटेशनबाट खरिद गरेको नियमसम्मत नदेखिएको रु.

विवरण	खरिद रकम	सिलवन्दी ठेक्का रकम	सोझै खरिद
फर्निचर तथा फर्निसिङ्ग	३३९३०६१	-	३३९३०६१
कम्प्युटर प्रिन्टर तथा औजार खरिद	६२४५७२१	१३,२२,१००	४९२३६२१
कार्यालय सञ्चालन	३४२७१४३	-	३४२७१४३
मसलन्द	३३८८३४५	-	३३८८३४५
जम्मा			१५१३२१७०

अनियमित भएको	१,५१,३२,१७०

७३ **दहत्तर बहत्तर शुल्कः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा बिक्री गर्न सक्ने व्यवस्था छ । संचित कोषको वित्तीय प्रतिवेदन अनुसार पालिकाले यस वर्ष दहत्तर बहत्तर शुल्क बापत रू.१८७८५३३१.४२ संकलन गरेको छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्;

७३.१ उपमहानगरपालिकाले प्याकेज नं २ अन्तर्गत २१३३० घनमिटर नदिजन्य पदार्थ संकलनको लागि २०८१।११।१३ मा सुचना प्रकाशन गरी थाहा निर्माण सेवा एण्ड सप्लायर्शसंग मिति २०८२।१।२१ मा रु ७४८६१२४.२३ को सम्झौता भएको छ। सम्झौता अनुसार २०८२।३।३१ सम्म सम्झौता अनुसारको परिमाण संकलन गर्नुपर्नेमा २०८२।२।१६ मा विभिन्न स्थानमा स्थानीय वाधा विरोध भएको र कतिपय स्थानमा माटोको मात्रा धेरै आएको उल्लेख गरी ६८६६ घनमिटरमात्र संकलन गर्न सकेको उल्लेख गरी निवेदन पेश गरेको छ। सो अनुसार उपमहानगरपालिकाको प्राविधिक समितले ७१०५ घनमिटर संकलन गरेको प्रतिवदेन पशे भएको देखिन्छ। संकलन कर्ता निर्माण व्यवसायीले उक्त आय ठेक्का सम्झौता अनुसार संकलन गरेको परिमाणमा नपुग हुने १४२२५ घनमिटर नदीजन्य पदार्थ जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरको अनुमतिमा उत्खनन् संकलन गर्न लागिएको क्षेत्रबाट उक्त परिमाण सोधभर्ना दिने सम्बन्धी २०८२।२।२३ मा कार्यपालिकाबाट निर्णय सहमति प्रदान भएको छ। यसरी थप सहमति प्रदान गरेकोमा बाँकी रहेको ८ दिनमा सो अनुसारकै परिमाणमा संकलन गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाइएन।उक्त सप्लायर्शले २०८२।७।१९ मा उक्त थप परिमाण घाटगद्दि गरेकोले बिक्रि वितरण र ढुवानी सहमति माग गरेकोमा पालिकाले सोहि दिन सहमति दिएकोमा सोहि परिमाणमा घाटगद्दि भए नभएको सम्बन्धमा प्राविधिकबाट स्टक प्रमाणित समेत नगराई सहमति दिएको देखिन्छ ।

७३.२ **नपुग रकम**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२,१९८,०४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३.३ हेटौडा उपमहानगरपालिका अन्तर्गत वडा नं ६,७,८,१५,१६,१७ र १८ मा बग्ने खहरे खोलाहरुबाट नदिजन्य पदार्थ संकलनको लागि मिति २०८१।२।१६ मा स्वीकृत भएको छ। उक्त प्रतिवेदन अनुसार विभिन्न १४ स्थानबाट ७१८५६ घनमिटर संकलन गर्न सकिने देखिन्छ।उक्त क्षेत्रमा नदिजन्य पदार्थ संकलन सहमतिको लागि पालिकाले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई पत्राचार गरेकोमा मिति २०८१।१०।२१ मा प्रतिदिन दैनिक ३०० घनमिटर सम्म मात्र उत्खनन् संकलन गर्न सकिने भएकोले गर्दा जेठ मसान्त सम्मको जम्मा बाँकी दिनको हिसाबले गर्दा IEE भन्दा कम ३९५२१ घनमिटरमात्र उत्खनन् गर्ने अनुमति दिएको देखिन्छ।सोहि अनुसार पालिकाले उक्त परिमाणलाई २ प्याकेज बनाई आय ठेक्का व्यवस्थापन गरी दहत्तर बहत्तर शुल्क संकलन गरेको छ। विकास समितिबाट संकलन अनुमति प्रदान गर्दा उत्खनन चौहद्‌दि क्षेत्र तोकिएको GPS कोर्डिनेट, नक्शा, नापको आधारमा स्पष्ट निर्धारण गरी कार्यान्वयन गर्ने, दैनिक ३०० घन मिटर भन्दा बढी संकलन गर्न नहुने, उत्खनन् गर्ने स्थलमा तोकिएको गहिराई मापन गर्ने स्पष्ट

डिभाइस जस्तै Graduated peg राख्ने, उत्खनन् संकलन कार्य तोकिएको कार्यदिन भित्र गर्ने र बढीमा आगामी २०८२ जेठ मसान्तसम्म गर्नेर अन्तिम स्वीकृत परिमाणमा उत्खनन् संकलन कार्य पुरा हुँदासाथ सो घाट क्षेत्र बन्द गर्ने, उत्खनन् संकलन गर्ने स्थलमा सबैले देख्ने गरी प्रस्तावित क्षेत्र, परिमाण, विधि, समयावधी, व्यवसायी, राजस्व आदि व्यहोरा खुलाएर होडिङ् वोर्ड राख्ने, उत्खनन्, संकलन कार्य सम्बन्धित प्राविधिकको प्रतक्ष्य सुपरभिजनमा मात्र गर्ने, गराउने व्यवस्था मिलाउने र प्राविधिकले सो को प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित पालिकामा पेश गर्ने, उत्खनन्/ संकलनको अनुगमन प्रतिवेदन र अन्तिम प्रगति प्रतिवेदन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिमा पेश गर्नपर्ने उल्लेख छ। त्यस्तै पालिकासंग भएको सम्झौतामा नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गरी घाटगद्दी क्षेत्रबाट विक्रि वितरण गर्ने क्रममा उल्लेखित शर्तहरुको पालना भए नभएको सम्बन्धमा उपमहानगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिने, शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाइ यस कार्यालयमा छाप लगाई प्रमाणित गराई रसिद नियन्त्रण खातामा दाखिला गरेरमात्र उठाउन पाउने, सम्झौता अनुसारको शर्त कार्यान्वियनका सम्बन्धमा उपमहानगरपालिकाबाट नियमित अनुगमन गर्ने लगायतका उल्लेख भएकोमा सो अनुसार भए नभएको सम्बन्धमा अनुगमन एवं प्रगति प्रतिवेदन तयार गरेको पाइएन।जसले गर्दा तोकिएको अवधिमा र तोकिएको परिमाणमा सम्झौता एवं शर्तको पालना गरी उत्खनन् भए नभएको सम्बन्धमा यकिन हुन सकिएन। पालिकाले अनुगमनलाई प्रभावकारी बनाउनु पर्दछ ।

७३.४ हेटौडा उपमहानगरपलिका भएर बग्ने किसेडी खोला तथा राप्ती नदीको विभिन्न बगर क्षेत्रबाट ढुंगा गिटी तथा बालुवा उत्खन्न/संकलन गर्न मिति २०८२।१।३१ मा पाठक बिल्डर्स एण्ड सप्लायर्ससंग रु ४५७८०४८ को सम्झौता भएको छ। सम्झौतामा नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गरी घाटगद्दी क्षेत्रबाट विक्रि वितरण गर्ने क्रममा उल्लेखित शर्तहरुको पालना भए नभएको सम्बन्धमा जिल्ला नदीजन्य पदार्थ अनुगमन समिति तथा उपमहानगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिने, बिक्री मूल्य, वा दस्तुर, शुल्क, तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्ने, शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टाछुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाइ यस कार्यालयमा छाप लगाई प्रमाणित गराई रसिद नियन्त्रण खातामा दाखिला गरेरमात्र उठाउन पाउने, उत्खनन् संकलन गर्ने स्थलमा सबैले देख्ने गरी प्रस्तावित क्षेत्र, परिमाण, विधि, समयावधि, व्यवसायी, राजस्व आदि व्यहोरा खुलाएर होर्डिङ् बोर्ड राख्ने, सम्झौता अनुसारको शर्त कार्यान्वियनका सम्बन्धमा उपमहानगरपालिकाबाट नियमित अनुगमन गर्ने र अनुगमनबाट शर्त उल्लङ्घन भएको पाइएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्ने लगायतका प्रावधान रहेका छन। कार्यालयले सो सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको पाइएन। ठेक्का सम्बन्धी फाइलमा विभिन्न समयमा सप्लायर्सलाई तोकिएको समयमा मात्र उत्खनन् गर्न, मापदण्डबाट तोकिएको गहिराईमा १० से.मी. बढाएकोले तत्कालै सुधार गर्ने लगायतका निर्देशन दिएकोमा सो निर्देशन कार्यान्वियन भए नभएको अनुगमन गरेको प्रमाण पेश भएको छैन ।

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	४५,०००

९७ **निजी विद्यालय छात्रवृत्तिः**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धीत विद्यालयको वेभसाइटबाट सार्वजनिकीरण गर्नु गराउनु पर्दछ।

९८ **मेगा किचेन कार्यक्रमः** (३-2082-03-25):

मेगा किचेन आचारसंहिता, २०८१ को दफा ५मा मेगा किचेन कार्यक्रमको सेवा क्षेत्रभित्रका विद्यालयलाई विद्यालय सञ्चालन भएको प्रतिदिन प्रति विद्यार्थीका दरले विद्यालयलाई प्रदान गरिने दिवा खाजा व्यवस्थापनको रकम कार्यक्रम सञ्चालन पश्चात् स्थानीय तहले प्रचलित कानूनको अधीनमा रही मेगा किचेन कार्यक्रम अन्तर्गत दिवा खाजाको एकीकृत एवम् केन्द्रीकृत आपूर्ति संयन्त्र परिचालन एवम् खाजा तयारी र आपूर्ति गर्ने सेवा खरिद गर्न लागि खर्च व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । प्रदेश सार्वजनिक खर्चको मापदण्ड,२०७८ को दफा नं २२(१)मा कार्यक्रम आयोजना गर्दा मितव्ययिता कायम गर्नुपर्ने व्यवस्था छ।पालिकाको कार्यपालिकाको मिति २०८२।२।२५ को बैठकको निर्णय अनुसार वडा ६,१६,१७ र १८ का जम्मा १० वटा विद्यालयका सबै कक्षाका विद्यार्थीहरुलाई दिवा खाजा खुवाउन पालिका र बालबोध मा.वि. बीच मिति २०८२।३।१ मा रु.५००००००।- को सम्झौता भएको छ। कुल ४३४५ जना विद्यार्थीलाई २०८२।३।९ देखि २०८२।३।३२ सम्म संचालन भएकोमा जम्मा रु.३६५६०००।- खर्च भएको देखियो।प्रति विद्यार्थी रु.४० को दरले लागत लागेको उक्त कार्यक्रमको संचालन खर्च जस्तै खाजा पकाउने भाँडाकुडामा रु.९०३९७१।- तथा विविध खर्चमा रु.६२२५००।- समेत जम्मा रु.१५२६४७१।- (करीब ४२%) संचालन खर्च देखिएकोमा नियमित दिवा खाजा प्रति विद्यार्थी रु. १५ भन्दा २ गुणा भन्दा बढी लागत लागेको छ।वर्षान्तको अन्त्यमा २१ दिनको लागि मात्र संचालन गरी कार्यक्रम खर्च जति नै सोको संचालन खर्च हुनुले कार्यक्रम मितव्ययी नहुनुको साथै प्रभावकारी देखिएन। खाजा पकाउने भाँडा रु.९०३९७१।- को खरिद गरेकोमा पालिकाले जिन्सी दाखिला गरेको देखिए पनि उक्त भाँडा प्रयोग विहीन समेत रहेको देखियो। अतः मितव्ययी तवरले कार्यक्रम संचालन खर्च कम गरी सो भन्दा विद्यार्थीको खाजालाई लक्षित गरी समयमै संचालन गर्नुपर्दछ।

९९ **आधुनिक राष्ट्रिय मा.विः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को ९.५(क) मा नमुना विद्यालयको रुपमा छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र यस केन्द्रबाट पहिलो चरणमा विज्ञान विषयका लागि छनोट भएका

विद्यालयका लागि विद्यालयमा २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने व्यवस्था छ। यस बजेटबाट विद्यालयबाट स्वीकृत विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत विद्यालय विकास योजनाका आधारमा विद्यालयले आफ्नो जिल्ला भित्रका स्थानीय तहमा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको सिफारिस सहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी छात्रबृति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला अद्यावधिक, गुणस्तर अभिबृद्धि कार्यक्रम, क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण लगायत स्वीकृत गुरुयोजना बमोजिम नमुना विद्यालय विकासका लागि बाँकी काम गर्न सक्ने व्यवस्था छ।पालिकाले यस विद्यालयलाई निजको बिल भरपाई समेतको विवरणको आधारमा रु.५४०५५४५।- अनुदान दिएकोमा देहायका व्यहोरा देखिएका छन्

९९.१ (५४१-2082-03-24):

कर कट्टी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९९.२ **छात्रवृत्तिः** आधुनिक राष्ट्रिय मा.वि.को विद्यालय व्यवस्थापन समितिको मिति २०८१।१०।२८ को निर्णयमा कक्षा ११-१२ मा विज्ञान मूल विषय लिइ अध्ययन गरेको २४ जना विद्यार्थीलाई प्रति महिना रु.२०००।-का दरले वार्षिक २४०००।-प्रदान गर्ने साथै कार्यविधि अनुसार स्थानीय पालिका वडा कार्यालयबाट सिफारिश प्राप्त गर्न नसकेका १५ विद्यार्थीलाई समेत (जम्मा ३९ जनालाई) छात्रवृत्ति दिने उल्लेख छ। विद्यालये पेश गरेको भरपाई तथा विवरणमा जम्मा ५२ जना लाई छात्रवृत्ति दिएको देखिएकोमा स्थानीय सिफारिश प्रापत् गर्न नसकेका कस्ता विद्यार्थीहरु हुन, कार्यविधिमा उल्लेख भए बमोजिमका विद्यार्थी नै रहेको सम्बन्धमा यकीन गरेको विवरण पेश भएको देखिएन। विद्यालय व्यवस्थापन समितिको निर्णय तथा स्थानीय तहको सिफारिश बेगर ११ जना बढी विद्यार्थीलाई रु.३१२०००। छात्रवृत्ति बाँडेको आधार नदेखिएकोले ११ जना विद्यार्थीको छात्रवृत्ति अनियमित देखिएको रु.

अनियमित भएको	३,१२,०००

१०० **औषधि खरिदः**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वा औषधिको उत्पादन मितिको ७० प्रतिशत म्याद वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। पालिकाले भौचर नं ३१६।०८२।२।६ बाट रू.१०९२०२८।० को कुल ६४ प्रकारका र भौचर नं ५५३।०८२।३।२५ बाट समेत १०५९७३५।०को कुल रू.२१५५४०६को नियमित प्रकृतिको औषधि र औषधिजन्य सामग्री खरिद गरेकोमा औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन।पालिकाको स्वास्थ्य शाखा तथा खरिद शाखाको फाइलहरु जलेर नष्ट भएको र औषधिको खरिद फायल समेत सोही आगजनीमा परेकोले खरिद प्रक्रियाको परीक्षण गर्न सकिएन। पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

१०१ **उद्यम सम्वर्धन केन्द्र (बजिनेश इन्कुबेशन)संचालनः**

उद्यम सम्वर्धन केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१को दफा १५अनुसार प्रशिक्षार्थी/नवउद्यमी छनौट गरी अनुसूची ५ बमोजिम सम्झौता गर्नुपर्ने व्यवस्था छ।पालिकाले उद्यम सम्वर्धन केन्द्र संचालन तथा व्यवस्थापन गर्न उद्योग महासंघ, हेटौडा संग रु.२००००००।- लागत साझेदारीमा सम्झौता गरेको देखिएका व्यहोरा तपशिल बमोजिम छन्

१०१.१(१-2082-03-24):

मिति २०८१।१।८ को उद्योग महासंघ र पालिकाको संयूक्त बैठकको निर्णयानुसार उक्त उद्यमीहरुले बढीमा ३ वर्ष भित्र एकमुष्ट वा किस्ताबन्दीमा उद्योग महासंघ, मकवानपुरलाई फिर्ता गर्ने र सो रकम उद्योग संघ मकवानपुरले हेटौंडा उमनपाको समन्वयमा बिजनेश इन्कुबेशन सेन्टरमा सहभागी नयाँ उद्यमीहरुलाई लगानी गर्ने उल्लेख भएकोमा उत्कृष्ट ३ जना नवउद्यमी आस्तिक दहाललाई रु.१२००००।-, अभिज्ञ सुवेदी लाई रु.१०५०००।– र श्रृष्टि लामालाई रु.७५०००।- समेत जम्मा रु.३०००००।- व्यवसाय प्रवर्धनको लागि नगद बीउ पुँजी उपलब्ध गराएको छ।पालिकाले महासंघ सँगको सम्झौतामा यस रकमको फिर्ता सम्बन्धमा कुनै व्यवस्था गरिएको देखिएन। उक्त रकम महासंघमा फिर्ता आउने भएकोले पालिकाले स्वयं समेत यस्तो कार्यक्रम संचालन गर्न सक्षम भएको अवस्थामा समेत दीर्घकालीन रुपमा महासंघ माथि निर्भर हुनुपर्ने बाध्यता रहेको देखियो।अतः यस प्रकारका सम्झौता गर्दा दीर्घकालीन सोचको आधारमा गर्नुपर्दछ साथै उक्त बीउपुँजी रकम पालिकामा नै फिर्ता हुने व्यवस्था गर्नुपर्दछ।

१०१.२नवउद्यमीलाई बीउ पुँजी दिँदा कार्यविधिको अनुसूची ५ बमोजिम सम्झौता गरी बैंक खातामा दिनुपर्नेमा सम्झौता बेगर नगद रु.३०००००भुक्तानी दिएको देखियो। उपरोक्त नवउद्यमीको रकम बमोजिम कार्यविधि अनुसार सम्झौता गरी उक्त रकम पालिकामा फिर्ता हुने व्यवस्था गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,००,०००

१०२ **नयाँ धानबाली पकेट विकास कार्यक्रमः** (५०१-2082-03-21):

प्रधानमन्त्री कृषि आधुनिकीकरण म्यानुअलको दोस्रो संशोधन, २०८१ को ४.१.९.१ मा स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको पकेट क्षेत्रका कृषक समूह, सहकारीहरु, समिति तथा कम्पनीहरु मध्येबाट इच्छुक लक्षित समुदाय/ वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन अनुसूची ९ बमोजिमको ढाँचामा आवेदन दिनुपर्ने, अनुसूची ११ बमोजिमको मूल्यांकनको आधारहरुमा प्राविधिक समितिले मूल्यांकन गरी स्थलगत प्रमाणीकरण र स्थानीय तहमा उपलब्ध बजेटको आधारमा लक्षित वर्ग आवेदन स्वीकृत वा अस्वीकृत गर्ने व्यवस्था छ।म्यानुअलको ४.१.१२ख मा एक मात्र संस्थाले पकेट संचालन गर्ने भएमा सोही संस्थाले पकेट संचालन समन्वय समितिको भुमिका निर्वाह गर्नुपर्ने र उक्त समितिले पकेट क्षेत्र अन्तर्गत पूर्वाधार विकास,समन्वय,सहजीकरण गरी पकेटको प्रोफाइल तयार गर्न समेत सहजीकरण गर्नुका साथै चौमासिक तथा वार्षिक प्रतिवेदन समेत तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले नयाँ धानबाली पकेट विकास कार्यक्रम संचालन गर्न कुल लागत रु.२४०२०००।- को ५० प्रतिशत साझेदारीमा साना किसान कृषि सहकारी संस्था लि. सँग सम्झौता गरेको देखियो।सम्झौता गर्दा म्यानुअलमा उल्लेखित उपरोक्त व्यहोराहरु समावेश गरेको देखिएन, सहकारीले समेत पकेट प्रोफाइल तयार गरी चौमासिक तथा वार्षिक प्रतिवेदनहरु पेश गरेको देखिएन।पालिकाले सम्झौता गर्दा म्यानुअल र नियम कानुनमा भएको व्यवस्थाको पालना गरी कार्यक्रमलाई प्रभावकारी तवरले संचालन गर्नुपर्दछ।

१०३ **कार्यसम्पादनमा आधारित अनुदानः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को ९.५ (ख) मा ख) शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय बाहेक विषय सञ्चलित नमुना विद्यालयमा १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय १५ लाख उपलब्ध गराउने व्यवस्था छ । जनप्रिय माध्यमिक विद्यालयले उक्त अनुदान रकमबाट जनशक्ति व्यवस्थापन, म्याथ ल्याब, माइक खरिद, शैक्षिक भ्रमाण तथा अतिरिक्त कक्षा संचालन व्यवस्थापन गरेकोमा यस सम्बन्धमा तपशिलका व्यहोरा देखिएका छन्

१०३.१**दोहोरो भुक्तानी**

(✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०३.२ **दोहोरो भुक्तानी**

(✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०३.३ मंसिर देखि फागुन सम्मको खाली घण्टी व्यवस्थापन गर्न विद्यालयले स्वयंसेवक शिक्षकलाई कक्षा ८ सम्मको प्रति कक्षा रु.८० र कक्षा १०को रु.१०० को दरले व्यवस्था गरेकोमा कुल ७२८ घण्टी खालि रहेको र सो वापत सोही विद्यालयका ११-१२ पढ्ने विद्यार्थिलाई स्वयंसेवक शिक्षकको रुपमा खटाएर खालि घण्टी व्यवस्थापन गरेको देखियो। उपरोक्त ४ महिनामा मात्र ७२८ खालि घण्टी अस्वभाविक समेत देखिएकोमा विद्यालयले स्थायी, राहत तथा अनुदान शिक्षकको हाजिरीको विवरण विश्लेषण गरेको देखिएन।खाली घण्टी व्यवस्थापनमा विद्यालयलाई थप आर्थिक भार पर्नुका साथै नियमित पठनपाठन समेत प्रभावित भएकोले शिक्षकको हाजिरी अनुगमन गरी शिक्षकको अनुपस्थिति दर कम गर्नुपर्दछ।

१०३.४ कक्षा १० को बिहान र बेलुका कोचिङ कक्षा संचालन गर्दा ३ शिक्षकहरुलाई जम्मा २५९ पिरियडको प्रति पिरियड रु.३४०।- को दरले भुक्तानी गरेकोमा शिक्षक राम अशिष मण्डलले जम्मा ९० पिरियडको रु.३०६००।-, नमराज अर्यालले १६ पिरियडको रु.५४४०। र राम कृष्ण विश्वकर्माले १५३ पिरियडको रु.५२०२०।- समेत जम्मा रु.८८०६० भुक्तानी भएकोमा कोचिङ कक्षाको विषय, अवधि,समय तथा शिक्षकको नाम समेत खुल्ने गरी रुटीन तयार नगरेको, शिक्षकको पिरियड बमोजिमको हाजिरी समेत पेश नभएकोले कोचिङ कक्षा संख्या यकीन गर्न सकिएन। निज शिक्षकहरुको उपरोक्त उल्लेखित पिरियड संख्या खुल्ने हाजिरी सहितको विवरण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८८,०६०

१०४ **संघीय समपुरक अनुदान**

नेपाल सरकारले जारी गरेको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, ७७ को दफा ३ (२) ख मा उपमहानगरपालिका वा महाउपमहानगरपालिकाबाट कार्यान्वियन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान पाँच करोड रुपैयाँदेखि पच्चीस करोड रुपैयाँसम्मको हुनुपर्ने दफा ५ मा समपुरक अनुदान माग गर्ने प्रस्तावनामा आयोजना वा कार्यक्रमको कुल लागत, सम्पन्न गर्ने लाग्ने समय लगायतका विवरण स्पष्ट रुपमा खुलाउनु पर्ने उल्लेख छ।त्यस्तै सोहि कार्याविधीको दफा १० मा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र आयोजना/ कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतवाट सम्पन्न गर्नु पर्नेछ उल्लेख छ। कार्यालयले संघीय समपुरक अनुदान अन्तर्गत पदमपोखरी मुख्य सडक विस्तारको लागि यस वर्ष प्रदेश सरकारको ३ करोड ५० लाख विनियोजन भएकोमा यस वर्ष कार्यालयले २ वटा ठेक्का व्यवस्थापन गरेको छ। पालिकाले ८ महिनामा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।५।३० मा सुभाष निभिल हिलटप जे.भिसंग रु. २४९५३३६५.२६ को सम्झौता गरेको छ भने मिति २०८२।६।९ मा कार्यसम्पन्न गर्ने गरी शिखर इन्जिनियरिङ् साहारा जे.भि संग रु ४८७३२७६९.५४ को सम्झौता भएको छ।सो आयोजनाको लागि संघीय सरकारकमा पेश भएको प्रस्ताव लेखापरीक्षणको क्रममा उपलव्ध नभएकोले कुल लागत कति हो, कति रकमको प्रस्तावना गरेको, योजना सम्पन्न गर्नुपर्ने अवधि कति हो यकिन हुन सकेन । सो सम्बन्धमा पालिकाले १ वर्ष भन्दा बढी अवधिको लागि बजेट सुनिश्चित गर्न गाह्रो हुने भएकोले

सालबसाली बजेट अनुसारको ठेक्का व्यवस्थापन गरेको उल्लेख गरेको छ।उक्त योजनामा २०८२।८३ पनि बजेट व्यवस्थापन भएको देखिन्छ। पालिकाले योजनाको लागत टुक्राएर ठेक्का व्यवस्थापन नगरी स्वीकृत प्रस्तावना अनुसारकै लागतमा ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१०५ **वडा नं १ कार्यालय**

१०५.१ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ३७ वटा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा ५ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजीगत कार्यक्रममा १४ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

१०५.२ **स्वास्थ्य विमा कार्यक्रम :** स्वास्थ्य बीमा वोर्डवाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन हुने गरेकोमा बीमित व्यक्तिको ५ जनासम्म परिवारको लागि रु. १ लाख र ५ जनाभन्दा बढी सदस्य भएको परिवारको प्रत्येक सदस्यको थप रु.२०००० का दरले अधिकतम रु.२ लाख सम्मको औषधोपचार वापतको रकम यस कार्यक्रमवाट व्यहोरिने र सो को सोधभर्ना स्वास्थ्य बीमा वोर्डबाट हुने गरेको छ । सो कार्यक्रममा वडामा स्थायी वसोवास भएका सर्वसाधारणले तिर्नुपर्ने विमा शुल्क रकम वडाले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत जम्मा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २८ जनाको रु.३५०० का दरमा जम्मा रु.९८००० भुक्तानी गरेको छ । संघीय सरकारको कार्यक्रमको लागि जनताले तिर्ने अंशलाई शत प्रतिशत नै पालिकाले व्यहोरेको छ । संघको कार्यक्रमको लागी वडावाट सर्वसाधारणको तर्फवाट शुल्क भुक्तानी विमा गराएको देखिन्छ । एक वर्षको लागि विमा भएपश्चात् सोको नविकरण अर्को वर्ष कार्यान्वयन स्थिति समेत मुल्यांकन गरेको देखिएन । स्वास्थ्य विमा कार्यक्रम लागत साझेदारीको मोडलमा कार्यान्वियन गरी कार्यक्रमको अपनत्व लाभग्राहीलाई हुनेगरी योजना तथा कार्यक्रमको प्रस्ताव गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१०५.३ **बिल भरपाई**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०५.४ **अग्रिम कर -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१०,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **९,१७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०५.५ **बजेट अबण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले अवण्डा स्वरुप विविध पुर्वाधार कार्यक्रममा २० लाख विनियोजन गरी

रु.१९,४०,६५३ खर्च गरेको छ । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१०५.६ **कार्यालयका काम उपभोक्ता समितिवाट गराएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजनागर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाईनै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै सरकारी स्वामित्वका भवन र कार्यालयमा उपभोक्ता समिति मार्फत् काम गराई रु.११,५७,२२० भुक्तानी दिएको पाइयो। पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागि बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

गो भौ नं	निर्माण कार्यको विवरण	भुक्तानी रकम
२६।१।२६	नकौलि शहरी स्वास्थ्य केन्द्र भवन	३८४०००
५७।३।१३	लालझाडी खोप केन्द्र निर्माण	२९३२२०
१९।१।१६	वाराहि आ वि शौचालय निर्माण	४८००००
	जम्मा	**११५७२२०**

अनियमित भएको	११,५७,२२०

१०५.७ **बत्ती जडान र मर्मत**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात् ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले उज्यालो वडा कार्यक्रम अन्तर्गत वडाका विभिन्न टोलहरुमा स्ट्रिट लाइट सेट जडान र सि सि क्यामेरा खरिदको लागी रु.११९७७८९ खर्च लेखेकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ।

गो भौ नं	फर्म	रकम	कैफियत
२४।१।२१	मुक्तिनाथ ईलेक्ट्रिक	३१८७३६	३७६ पिस वत्ति जडान
४३।२।२६	ईभान स्मार्ट वर्कस्	६९९०४६	१० वटा क्यामेरा
५२।३।८	ओम ईलेक्ट्रिक	११५५९७	एल ई डि वल्व १७० वटा
६०।३।२२	ग्रामिण सप्लायर्स	६४४१०	७६ वटा व्राकेट
	जम्मा	**११९७७८९**	

१०५.८

अतिरिक्त समय भत्ता : ५५।२०८१।१।११ र ११२।२०८२।३।२५ स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट बेर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को बुँदा नं ५ मा कार्यालय समय बाहेक कम्तीमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको अवस्थामा विद्युतीय हाजिरीको आधारमा सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम वडा कार्यालयले विभिन्न समयमा अतिरिक्त समय काम गरेको जनाई वडा सचिव समेत विभिन्न ८ जनालाई रु.४८९०० भुक्तानी भएकोमा कामको प्रमाणित अभिलेख राखेतापनि विद्युतीय हाजिरी राखेको पाइएन । यसरी विद्युतीय हाजिरीमा अतिरिक्त समय काम गरेको देखिने प्रमाण पेश नगरी भुक्तानी गरेको सम्बन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई कामको लगत र विद्युतीय हाजिरी भिडान हुने गरी खर्च व्यवस्थित गर्नुपर्दछ ।

१०५.९(८२-2082-02-12):

फरक शीर्षकमा खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८(२क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकिन गरी खर्च निकासा दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयले हेटौडा क्याम्पसलाई शैक्षिक अनुदान अन्तर्गतको छात्रवृति कार्यक्रमको लागि २ लाख अनुदान दिएकोमा विभिन्न १८ जना आंशिक प्राध्यापकको कार्तिक महिना समेतको तलब भुक्तानी गरेको छ । उक्त खर्चको बिल भरपाई समेत पेश नभएको र फरक शीर्षकमा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,००,०००

१०५.१० **वितरणमुखी खर्च** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ। साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरे वापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमुखी प्रकृयामा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । केही उदाहरण निम्न छन्

गो भौ नं	विवरण	रकम	वितरणमुखी सामान
१६।१०।६	आर जे स्पोर्ट्स् वुटिक प्रा लि	१३३३४०	खेलकुद सामाग्री
३०।१०।२०	स्वर्गद्धारी महिला पन्चेबाजा समूह	९९४४०	वाजा खरिद
५७।१।११	५ नं वडाको ग्रामिण विकास सुधार केन्द्र	१००००	खाद्यान्न
९१।३।२	गतिशिल सहकारी संस्था	१०००००	खैजडि भवन तालिम सामाग्री
१०६।३।२२	एन एस सप्लायर्स	१५८४१५	खेलकुद सामाग्री
६७।३।२४	ईसिटि ट्रेडर्स	९२१२२	खेलकुद सामाग्री
	जम्मा	**५९३३१७**	

१०५.११(८९-2082-02-26):

भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ता-स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई

अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५)मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ।हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता बापत रु..१९४०००।०० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,९४,०००

१०६ **वडा नं २ कार्यालय**

१०६.१ **बजेट अबण्डा** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले अवण्डा स्वरुप विविध पूर्वाधार विकास निर्माणमा ११९७००० लाख बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयबाट रु.४८५७५६ खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१०६.२ (४-2081-07-05):

बिल भरपाई-

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२९२,८०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०६.३ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ५० वटा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा १८ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजीगत कार्यक्रममा ३६ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

१०६.४ (३९-2082-03-10):

बत्ती जडान र मर्मत- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवम् सि सि क्यामोरा मर्मत बापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले सडक वत्ती खरिद

तथा जडानको लागि गौतम ईलेक्ट्रिक लगायतका फर्मवाट रु. ३ लाख र कार्यालय परिसरमा सि सि क्यामेरा जडानको लागि यु जि टेक्नोलोजी समेतसँग रु.६८२७९३ को खरिद गरेकोमा सोको वारेन्टी पेश भएको छैन ।उक्त भुक्तानीमा सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

१०६.५ **वितरणमुखी खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेबापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका अनुत्पादक कार्यक्रमहरु सञ्चालन भएको देखियो । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमुखी प्रकृयामा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । केही उदाहरण निम्न छन् ।

गो भौ नं	संस्था	रकम	कार्यक्रम
५।७।८	विकासका लागि सहायता	१९९९५	तिज कार्यक्रम
७।७।१३	सुरज वर्तौला समेत	६३१३५	खेलकुद विविध

१०६.६ (१३-2081-08-17):

कोटेशन बेगर खरिद - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा फर्मवाट लिखित प्रस्ताव वा दरभाउ माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । वडा कार्यालयले बालमैत्री वडा घोषणा कार्यक्रम रामप्रसाद गुरागाईलाई सोधभर्ना तथा भुक्तानी रु.२५३८३६ को खर्च भएकोमा होटल एभोकाडोलाई एकै दिनको ५१३ प्याकेट खाजा र २५० प्याकेट खाना वापत रु.२०७५९९ भुक्तानी भएको छ । नियमावलीमा भएको व्यवस्था विपरितको यस प्रकारको खरिद नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२,०७,५९९

१०६.७ **अतिरिक्त समय भत्ता :** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को वुँदा नं ५ मा कार्यालय समय बाहेक कम्तिमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको अवस्थामा विद्युतीय हाजिरीको आधारमा सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम वडा कार्यालयले विभिन्न समयमा अतिरिक्त समय काम गरेको जनाई वडा सचिव समेत विभिन्न ५ जनालाई रु.४०२०० भुक्तानी भएकोमा कामको प्रमाणित अभिलेख राखेतापनी विद्युतिय हाजिरी राखेको पाइएन । यसरी विद्युतिय हाजिरीमा अतिरिक्त समय काम गरेको देखिने प्रमाण पेश नगरी भुक्तानी गरेको सम्वन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई कामको लगत र विद्युतीय हाजिरी भिडान हुने गरी खर्च व्यवस्थित गर्नुपर्दछ ।

१०६.८ (१५-2081-10-13):

उपभोक्तावाट खरिदका कार्य - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने उल्लेख छ । वडा कार्यालयले वि पि संग्रहालय पुर्वाधार निर्माण समितिलाई

सोफासेट खरिदको लागि रु.४९,९९९ भुक्तानी भएकोमा समितिले त्रिवेणि ईन्जिनियरिङ्ग मार्फत सोफासेट खरिदको विल विल पेश गरी भुक्तानी भएको छ । खरिद नियमावली अनुसार उपभोक्ता समिति मार्फत सामान खरिद गर्न मिल्ने देखिदैन । यसरी उपभोक्ता समितिलाई खरिदको जिम्मा दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४९,९९९

१०७ **वडा नं ५ कार्यालय**

१०७.१ **बजेट अबण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले अवण्डा स्वरुप विविध पुर्वाधार कार्यक्रममा १७,२२,००० विनियोजन गरी रु.१०,६८,०५३ खर्च गरेको छ । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१०७.२ **कार्यक्रम र प्रगति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ६७ वटा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा १३ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजीगत कार्यक्रममा १९ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

१०७.३ **सामुदायिक भवन निर्माण** - (गो भौ नं ५३।२।२६, ५९।३।८) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । हाल वडा कार्यालय सञ्चालन भईरहेको भवन; वडा कार्यालयले ५ नं वडा कार्यालय सामुदायिक भवन निर्माण को लागि उपभोक्ता समिति निर्माण गरी हालसम्म पटके लागत अनुमान तयार गरी विभिन्न बिलबाट रु.७६,५०,७१८ बराबरको काम गराएको छ । बाँकी थप केही काम गराउन प्रदेश सशर्त शीर्षकवाट यस आर्थिक वर्ष २०८२।०८३ मा ३० लाख विनियोजन भएको छ । थप बजेटको समेत काम गराउदाँ उक्त वडा कार्यालय सामुदायिक भवनको लागि रु.१,०६,५०,७१८ को लागत लाग्ने देखिन्छ ।सो सम्बन्धमा सुरुमा डिपिआर तयार भएको तर सो डिपिआरको लागत अनुमानलाई टुक्रा गरी काम हुँदै आएको वडा कार्यालयबाट जानकारी प्राप्त भएको छ । उक्त जग्गा सरकारी स्वामित्वमा समेत नरहेको र उपभोक्ता समितिबाट काम गराउने सीमा नाघ्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

१०७.४ (१९-2081-08-23):

उपभोक्ता समितिलाई म्याद थप - सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय कार्यहरु सम्झौता गरेका वखत सम्झौता अनुसारकै काम सम्पन्न हुन नसकेको कारण म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । वडा कार्यालयले मूर्ति तथा पार्क निर्माण उपभोक्ता समितिसँग २०८०।११।२० मा रु.१७,७८,०८४ को लागतमा मिति २०८१।२।३० सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको छ ।समितिले सम्पन्न गर्नुपर्ने भन्दा १६४ दिन ढिला गरी अर्को आर्थिक वर्ष २०८१।०८२ को २०८१।८।१६ मा मात्र सम्पन्न गरी यस वर्ष १६ लाख भुक्तानी भएको छ । म्याद थप समेत नभएको र उपभोक्ता समितिसँग वहुवर्षे सम्झौता समेत नहुने भएकोले यस्तो भुक्तानी दिन मिल्ने देखिदैन।पालिकाले कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनुपर्ने देखिन्छ ।

१०७.५ (93-2082-03-10):

बिल भर्पाई -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले गरीब विद्यार्थी छात्रवृत्ति वापत २५००० विनियोजन गरी मकवानपुर बहुमूखी क्याम्पस १५००० र हेटौडा बहुमुखी क्याम्पस १०००० भुक्तानी गरेकोमा भरपाई पेश भएको छैन । नियमावलीमा भएको व्यवस्था अनुरुप भरपाई पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२५,०००

१०७.६ **बत्ती जडान र मर्मत**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले उज्यालो वडा कार्यक्रम अन्तर्गत ८ लाख विनियोजन गरी रु.७९२७५३ खर्च गरेकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

१०७.७ **वितरणमुखी खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभाबकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेवापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । वडा कार्यालयले खेलकुद प्रवर्द्धनका लागि सामाग्री वितरण समेतको लागि रु.११,८८,७८२ र आर्थिक सहायता वापत रु.१६३३७० भुक्तानी भएको छ । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकासका कार्यक्रम सञ्चालन विपरीत वितरणमुखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उद्देश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । केही उदाहरण निम्न छन्

गो भौ नं	विवरण	संस्था	रकम
४।७।२	खेलकुद सामान	वडास्तरीय युवा क्लव	९९६९५
११।८।२१	खेलकुद सामान	एन एस सप्लायर्स	९००००
१२।८।२३	खेलकुद सामान	एन एस सप्लायर्स	९००००
२२।९।१२	विभिन्न सामान	रुद्रेश्वर समुह	३००००
२८।९।१६	खेलकुद सामान	खेलकुद महासंघ वडा नं ८ समिति	३००००
३९।१०।३०	जिलला अधिवेसन	नेपाल राष्ट्रिय शिक्षक संगठन	१००००
४०।११।२	खेलकुद सामान	पिप्ले युवा क्लव	२९८९९५
६२।१२।२०	खेलकुद सहयोग	विवेक शर्मा	३००००
८५।२।२६	बक्सिङ्गका सामान	मकवानपुर बक्सिङ्ग संघ	७४५००
८९।३।३	आर्थिक सहयोग	राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान	२५०००
९६।३।१३	मेयर कप खेलकुद	शान्ता दाहाल	२९८३१३
१२२।३।२४	नेपाल स्पोर्ट सेन्टर	खाना खाजा	५००००

१०७.८**योजना फरफारक समिति तथा अनुगमन भत्ता** :(गो भौ नं ४६।११।२३ र १०२।३।२०) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानी सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ को दफा ५६(५)मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ।हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु.२५०००० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकूल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२,५०,०००

१०७.९ (७७-2082-01-06):

बिल भरपाई :

(….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०८ **वडा नंबर ६**

१०८.१

योजना अनुगमन तथा भुक्तानी फरफारक समिति-७०/२०८२।३।१५ र ४१/२०८१।१२।३१ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ।हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु.१५५५५०।०० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,५५,५५०

१०८.२ **वितरणमुखी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता उल्लेख गरिएको छ ।स्थानीय तहले पुँजी सृजना हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वितरणमुखी र उपयोगिता नदिने प्रकृतिका खर्चहरुलाई न्यूनीकरण गर्नु पर्दछ। पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा वडाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यववस्था समेत छैन । यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ।केही उदाहरण निम्न छन्

भौ नं	**मिति**	**भुक्तानी पाउने**	**प्रयोजन**	रकम
४४	२०८२।३।५	जन कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड	फर्निचर , कम्प्यूटर , प्रिन्टर	१९७०००
४२	२०८२।२।२९	टोल विकास संस्था वडा समन्वय समिति	अफिस दराज ९ थान	९९९९९
विभिन्न	विभिन्न	विपन तथा असक्त तथा रोगी २७ व्यक्ती	विपन तथा औषधी उपचार सहयोग	१५५०००

१०८.३ (२०-2081-11-23):

सिमेन्ट कुर्ची खरिद -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ ।वडा कार्यालयले अमित इन्फ्रा विल्डर्स प्रा ली हेटौडा ७ बाट सिमेन्ट कुर्ची खरिद ३९ थानको रु.२९९७८९ भुक्तानी गरेकोमा उक्त कुर्चिहरु कसलाई वुझाएको र जडान भएको स्थान प्रमाणित समेत गरेको नदेखिकोले जडान प्रमाण पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	२,९९,७८९

१०८.४ (३१-2081-12-31):

विद्युत पोल जडान नभएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले न्यू समझदारी ईन्जिनियरिङ वर्क्स हेटौडा ५ बाट विद्युत पोल (ब्राईकेट फलाम) १२५ थान रु १२४३०० मा खरिद गरेकोमा उक्त सामान जडान गरेको प्रमाण पेश नभएकोले जडान प्रमाण पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	१,२४,३००

१०८.५ **बत्ती / सि सि क्यामेरा खरिद एवं मर्मत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक बत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतीय सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक बत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले वडाका विभिन्न टोलहरुमा स्ट्रिट लाइट सेट जडान र सि सि क्यामेरा खरिदको लागि रु.६२७८७४.९४ खर्च लेखेकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

भौ नं	मिति	आपूर्तक	सामान	परिमाण	मुल्य
४१	२०८२।२।२१	ओम ईलेक्ट्रोनिक्स एण्ड चेन सप्लायर हेटौडा ४	लाईट वल्व २२७ थान समेत अन्य फिटिङ सामान	२२७	१०९९९१.९४
१८	२०८१।१०।३०	मुक्तीनाथ ईलेक्ट्रिक हेटौडा	बक्स टाईप वन वे स्वीच ए जी सि १.५sqmm holder, एल इ डी १८ वाट B 22 Dob	१९० थान, २६०३६४ थान, थान ३० coil,	२१७८८३
४६	२०८२।३।१३	नारायण उर्जा शक्ती तथा सप्लायर्स	4 mp fired focal camera for cctv जडान समेत	५ सेट	३०००००
			जम्मा		**६२७८७४.९४**

१०९ **वडा नं ७ कार्यालय**

१०९.१ (८-2081-07-13):

बैठक भत्ता

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०९.२

योजना फरफारक समिति तथा अनुगमन भत्ता :स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५)मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउँनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउँनु पर्ने उल्लेख छ।हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगर भित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु. ३२८०००।००भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

गो भौ नं	नाम	रकम
७५।२।२६	राधा पाण्डे समेत ११ जना	१५२०००
१०८।३।१७	राधा पाण्डे समेत १० जना	४००००
१०७।३।१७	राधा पाण्डे समेत १२ जना	७२०००
५२।३।२३	विभिन्न (कन्टिन्जेन्सीवाट खर्च भएको)	६४०००
जम्मा		३२८०००

अनियमित भएको	३,२८,०००

१०९.३ **पेश्की बाँकी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ ।वडा कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई विभिन्न विद्युतीय सुधार वापत रु.१०५६५० पेश्की दिएकोमा समयमा फस्यौर्ट नभएकोले नियमावलीमा भएको व्यवस्था अनुसार असुल फस्यौर्ट हुनुपर्ने देखिएको रु.

पेश्किलिने	प्रयोजन	पेश्किरकम		
		म्यादनाघेको	म्यादननाघेको	जम्मा
नेपालविद्युत प्राधिकरण	पोलव्यवस्थापन	१०५६५०	०	१०५६५०

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१,०५,६५०

१०९.४

अतिरिक्त समय भत्ता -(गो भौ नं १५।९।७, ९९, १००, १०१/३।१७) स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को बुँदा नं ५ मा कार्यालय समय बाहेक कम्तिमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको अवस्थामा विद्युतीय हाजिरीको आधारमा सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम वडा कार्यालयले विभिन्न समयमा अतिरिक्त समय काम गरेको जनाई वडा सचिव समेतलाई रु.१०८८०० भुक्तानी भएकोमा कामको प्रमाणित अभिलेख राखेतापनी विद्युतीय हाजिरी राखेको पाइएन । यसरी विद्युतीय हाजिरीमा अतिरिक्त समय काम गरेको देखिने प्रमाण पेश नगरी भुक्तानी गरेको सम्बन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई कामको लगत र विद्युतीय हाजिरी भिडान हुने गरी खर्च व्यवस्थित गर्नुपर्दछ ।

१०९.५ **वितरणमूखी कार्य :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेबापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरीत वितरणमूखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । केहि उदाहरण निम्न छन्;

गो भौ नं	विवरण	खर्च रकम	वितरण सामान
४४।१।१२	नागस्वोति भेट्रान्स	१५००००	खेलकुद सामान
	विभिन्न फर्म	४००००	योग मार्ट वितरण
	नवज्योति टोल विकास संस्था	९७०००	फुटवल सामान
	नागस्वति युथ क्लव	९९९४६	वाजा
१८।११।२८	कल्पना उद्योग मार्फत विभिन्न	१४८१४३	कुर्सि वितरण
६८।३।२५	बनदेवि सहकारी लगायत	४०००००	काउम्याट लगायत

१०९.६ (८३-2082-02-28):

कर छुट देखिएको -

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२,६२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०९.७ **बत्ती जडान र मर्मत-** (गो भौ नं २४।२।२४, ४४।३।२०) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक बत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन ।

वडा कार्यालयले न्यु समझदारी ईन्जिनियरिङ्ग र ओम ईलेक्ट्रिकबाट सडक बत्ती वापत रु.३९००६९ भुक्तानी भएकोमा सो सामानको वारेन्टी नभएको तथा मर्मतमा समेत खर्च लेख्ने गरेको पाईयो । यस सम्बन्धमा वडा कार्यालयले ध्यान दिनुपर्दछ ।

१०९.८ **कार्यक्रम र प्रगति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ३२ वटा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा ५ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजीगत कार्यक्रममा १६ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

११० **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ८० वटा चालु तथा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा १८ योजना कार्यान्वयन हुन नसकेको अर्थात् वडा समितिले २२.५ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको, त्यस्तै पुँजीगत कार्यक्रममा मात्र ३९ वटा योजना रहेकोमा ९ वटfमा अर्थात २३.०७ प्रतिशत योजनामा शुन्य प्रगति देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

१११ **वडा नं ८ कार्यालय**

१११.१(१२३-2082-03-22):

बढी भुक्तानी -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२२,१६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१११.२(१२२-2082-03-22):

कक्षा खेल सामाग्री - पालिकाले चन्द्रोदय मावी लाई प्ले स्टेशन १ सेट , डबल डोर मेरी गो रो १ सेट , See saw २ सेट , डबल रकर स्ट्याण्डर ४ सेट जस्ता बाल खेल सामान खरिद गरी पेश गरेको विलअनुसार कक्षा खेल सामाग्री खरिद वापत रू ५०००००।०० भुक्तानी दिएको पाईयो ।उल्लिखित सामान हरु खरिदको लागि खेलकुद सामानको स्पेशिफिकेशन (विवरण) र लागत अनुमान तयार गरेको पाइएन ।यसरी स्पेशिफिकेशन (विवरण) र लागत अनुमान बेगर खरिद गरेका सामानको आपूर्ति पश्चात पनि निरीक्षण प्रतिवेदन तयार नगरी अनुदान दिनु उचित देखिएन ।यसमा सुधार हुनुपर्दछ।

१११.३ **बिल भरपाई :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले बिपन्न तथा जेहेन्दार विद्यार्थीलाइ छात्रवृति कार्यक्रम अन्तर्गत विभिन्न क्याम्पसलाई ४ लाख भुक्तानी खर्च जनाएकोमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको भरपाई पेश भएको छैन । नियमावलीमा भएको व्यवस्था अनुरुप भरपाई पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,००,०००

१११.४ **वितरणमुखी खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा

मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता निर्धारण गरी खर्च गर्नुपर्नेमा वडा कार्यालयले विभिन्न धार्मिक साँस्कृतिक प्रवर्धन कार्यक्रम एवम सामाग्री वितरणमा मात्र निम्नानुसारमा रु.१३,४६,८०९ खर्च गरेको छ । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमुखी प्रकृयामा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । केही उदाहरण निम्न छन्

गो. भौ. नं.। मिति	विवरण	रकम	कैफियत
१०।८१।८।२	तीजको शुभकामना आदान प्रदान	३४५००	
१४।०८१।९।९	शक्तिश्वर महादेव टोल विकास समिति	१००००	नवदुर्गा पुजा आयोजना कार्यक्रम
१५।०८१।९।७	नवदुर्गा पुजा समारोह समिति	७४००३	
१९।०८१।९।२२	नवदुर्गा भवानी संरक्षण समिति	१५०००	
२०।०८१।९।२१	सिजन म्युजिक ग्यालरी	१०००००	भजन समूहलाई वाद्यवादन खरिद गरी वितरण
४४।०८१।११।१८	कमाने महोत्सव मुल समिति	६९९८७	स्टल निर्माण,सजावट,साउन्ड सिस्टम,सुरक्षा
३७।०८१।१०।१५	कमाने महोत्सव मुल समिति	४२३३१९	
६५।०८२।१।२८	कल्याणेश्वर महादेव मन्दिर तथा बुद्ध स्तुपा व्यवस्थापन समिति	२००००	
५४।०८१।१२।३१	एकल महिला सशक्तिकरण समूह	३०००००	बाखा वितरण
९३।०८२।२।२७	कर्णवती उद्यमी महिला कृषक समूह	३०००००	बाखा वितरण
	जम्मा	१३४६८०९	

१११.५(१९-2081-12-20):

बत्ती जडान र मर्मत- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले पुडासैनी हार्डवेयरवाट रु.१७०३०२ का सामान खरिदको भुक्तानी खर्च लेखेको समेत यस वर्ष विद्युत सामग्री खरिद र मर्मत कार्यक्रम अन्तर्गत रु.६००००० का सामान खरिद गरेकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्बन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

१११.६ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा १०२ वटा चालु तथा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा २६ योजना

कार्यान्वयन हुन नसकेको अर्थात् वडा समितिले २५ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको, त्यस्तै पुँजीगत कार्यक्रममा मात्र ५२ वटा योजना रहेकोमा ८ वटfमा अर्थात १५.४ प्रतिशत योजनामा शुन्य प्रगति देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

१११.७ **बजेट अबण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले अवण्डा स्वरुप युवा तथा खेलकुद प्रवद्र्न कार्यक्रममा १० लाख विनियोजन गरी रु.९९७२६९ खर्च गरेको छ । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१११.८ (११५-2082-03-29):

अतिरिक्त समय भत्ता : (गो भौ नं.११५।८२।३।२९ समेत) स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ ।पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को बुँदा नं ५ मा कार्यालय समय बाहेक कम्तिमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको अवस्थामा विद्युतीय हाजिरीको आधारमा सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम वडा कार्यालयले विभिन्न समयमा अतिरिक्त समय काम गरेको जनाई वडा सचिव समेत विभिन्न ५ जनालाई रु६९३००.०० भुक्तानी भएकोमा कामको प्रमाणित अभिलेख राखेता पनी विद्युतीय हाजिरी राखेको पाइएन । यसरी विद्युतीय हाजिरीमा अतिरिक्त समय काम गरेको देखिने प्रमाण पेश नगरी भुक्तानी गरेको सम्बन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई कामको लगत र विद्युतीय हाजिरी भिडान हुने गरी खर्च व्यवस्थित गर्नुपर्दछ ।

११२ वडा नं ९ कार्यालय

११२.१ **पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट् गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । वडा कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई विभिन्न विद्युतीय सुधार कार्यको लागि रु.४२,८३७ पेश्की दिएकोमा आर्थिक वर्षको अन्तसम्म पनि फस्यौर्ट नभएकोले नियमावलीमा भएको व्यवस्था अनुसार असुल फस्यौर्ट हुनुपर्ने देखिएको रु.

पेश्की	४२,८३७

११२.२ **CCTV जडानः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर यथेष्ट बिल भरपाई तथा प्रमाणका आधारमा मात्र भुक्तानी दिई खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालयले महेन्द्र राजमार्गमा जडान गर्न एडभान्स टेक्नोलोजी ग्रुपबाट CCTV camera सेट तथा यससँग सम्बन्धित सूचना प्रविधि सम्बन्धी सामान रू. ४९३५२० मा खरिद गरेकोमा वारेन्टी पेश नहुदा मर्मतमा थप खर्च हुन सक्ने देखिन्छ । खरिद भएका विद्युतीय सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्बन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

११२.३ **वितरणमुखी खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता उल्लेख गरिएको छ ।स्थानीय तहले पुँजी सृजना हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वितरणमुखी र उपयोगिता नदिने प्रकृतिका खर्चहरुलाई न्यूनीकरण गर्नुपर्दछ। पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा जेसीस

भवन उपभोक्ता समिति, हेटौंडालाई भौचर नं.२६।०८१।१२।१४ बाट रु.३००००० को एयर कन्डीसन, भ्याकुम क्लीनर लगायतका मेशिनरी समानहरु र भौचर नं ६०।०८२।३।२४ बाट रु.३४४०१०।-को जेसीस भवन हेटौडाको पालेघर निर्माण गरी आर्थिक सहायता उपलब्ध गराएको छ । साथै विभिन्न संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यववस्था समेत छैन । यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ ।केही उदाहरण निम्नानुसार छन्

भौ नं	मिति	भुक्तानी पाउने	प्रयोजन	रकम
१५	२०८१।९।२८	जेष्ठ नागरिक मिलन केन्द्र	बृद्ध बृद्धा भोजन	१५०००
२८	२०८१।१०।९	जेष्ठ नागरिक मिलन केन्द्र	बृद्ध बृद्धा भोजन	४९८७०
१८	२०८१।९।२८	एफ सि विजय युथ	खेल सामान	१५०००
३९	२०८१।१२।१०	रोटरी क्लव अफ मकवानपुर	खेल सामान तथा	२४०००
२३	२०८१।१०।२८	५ वटा संस्था	आर्थिक सहयोग	५१९१०
१०७	२०८२।३।२२	विभिन्न संस्था	खेलकुद सामान	७२६२७
१०२	२०८२।३।२१	विभिन्न संस्था	खेलकुद सामान	१३०१५८
६२	२०८२।१।२८	ग्रामिण जिवनस्तर सुधार मञ्च	खाद्यान्न	२००००
३३	२०८१।१०।६	नेपाल राष्ट्रिय शिक्षक संगठन	संस्कृती/ सरस्वती पुजा	२००००
४८	२०८१।१२।१२	श्रृजना टोल विकास संस्था	बृद्ध बृद्धा तीर्थाटन	५००००
५५	२०८२।१।५	कुष्माण्डा सरोवर त्रिवेणी धाम विकास समिति	भजन रेकर्डिङ	९९९९

११२.४(१०१-2082-03-21):

भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ताः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानी सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । सोहि आधारमा यस प्रकारका खर्च आन्तरिक श्रोतवाट खर्च लेख्नुपर्ने देखिन्छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५)मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउँनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउँनु पर्ने उल्लेख छ। पालिकाले योजनाको अनुगमनको लागी पालिकाको कार्यसञ्चालन निर्देशिका अनुसार आन्तरिक श्रोतवाट व्ययभार पर्ने गरी आन्तरिक श्रोत शिर्षकमा बजेट विनियोजन गरेको र वडा अध्यक्ष सुकराम के सी समेत ९ जनालाई २७००० भुक्तानी भएको छ । पदाधिकारीहरुको सेवा सुविधाको भुक्तानीमा नियन्त्रण गरी ऐनमा भएको व्यवस्थाको कार्यान्वयनमा वडाध्यक्ष समेतलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२७,०००

११२.५ **उज्यालो वडा कार्यक्रमः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी वडा कार्यालयबाट विभिन्न स्थानका सडक वत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । यस वडा कार्यालयले भौचर नं ११।०८१।९।१४ बाट अंकुश इलेक्ट्रिक एण्ड पार्टसबाट रु.९३७३३ को एलइडी बल्ब (१३०थान), होल्डर स्वीच समेत, भौचर नं२५।०८१।१२।१३ बाट रु.९८६२०।-, भौचर नं ४४।०८२।३।१७ बाट रु.१४४६४५।- र भौचर नं ५३।०८२।३।२४ बाट रु.९७२६४ समेत जम्मा रु.४३४२६२।- को विद्युतीय सामग्रीहरु खरिद गरेकोमा खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा उपरोक्त विवरणहरु तयार नगरी न्यूनतम वारेन्टी पिरियड समेत कायम नगरेकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

११२.६ **बजेट अबण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले अबण्डा स्वरुप विविध पूर्वाधार शिर्षकमा १५ लाख विनियोजन गरी शत प्रतिशत खर्च गरेको छ । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

११३ **वडा नं १० (आंशिक क्षति)**

११३.१ **लक्ष्य प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ३९ वटा पूँजिगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा ३ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पूँजिगत कार्यक्रममा ८ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

११३.२ **बत्ती तथा क्यामेरा जडान र मर्मत-** (बजेट संकेत नं ४६२.२१.१.५३१ लगायत) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक बत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले सडक वत्ति स्मार्ट लाईट खरिद तथा जडान र सि सि क्यामेरा जडानको लागि विभिन्न फर्मवाट रु.१६२६३९४ को खरिद गरेकोमा सोको वारेन्टी पेश भएको छैन ।उक्त भुक्तानीमा सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

११३.३ **अनुगमन भत्ता :** (बजेट संकेत नं ४६२.२१.१.५२७) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तैअर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु.१००००० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

११४ **वडा नं ११ कार्यालय (क्षतिग्रस्त)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौर्ट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । वडा कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई विभिन्न विद्युतीय सुधार वापत रु.६,९९,९४५ पेश्की दिएकोमा आर्थिक वर्षको अन्तसम्म फस्यौर्ट भएको नदेखिएकोले नियमावलीमा भएको व्यवस्था अनुसार असुल फस्यौर्ट हुनुपर्ने देखिएको रु.

पेश्की	६,९९,९४५

११५ **वडा नं १२ कार्यालय**

११५.१(९-2081-09-09):

अतिरिक्त समय भत्ता : स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धीत स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को वुँदा नं ५ मा कार्यालय समय बाहेक कम्तिमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको अवस्थामा विद्युतीय हाजिरीको आधारमा सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम वडा कार्यालयले विभिन्न समयमा अतिरिक्त समय काम गरेको जनाई वडा सचिव समेत विभिन्न ४ जनालाई रु. ३९१५०।००भुक्तानी भएकोमा कामको प्रमाणित अभिलेख राखेतापनी विद्युतीय हाजिरी राखेको पाइएन । यसरी विद्युतीय हाजिरीमा अतिरिक्त समय काम गरेको देखिने प्रमाण पेश नगरी भुक्तानी गरेको सम्वन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई कामको लगत र विद्युतीय हाजिरी भिडान हुने गरी खर्च व्यवस्थित गर्नुपर्दछ ।

११५.२ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा १४१ वटा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा २४ योजना कार्यान्वियन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजीगत कार्यक्रममा १७ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

११५.३ (५४-2082-03-17):

भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ता: स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानी सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तैअर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु. २०४००० ।००भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,०४,०००

११५.४ **नाफामूलक संस्थालाई भौतिक सामाग्री सहयोग:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका नाफामूलक सहकारीलाई भौतिक सामाग्री खरिद गरी वितरण गरेको देखियो । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरीत वितरणमुखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा नाफामूलक संस्थालाई समाग्री खरिद गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

सहकारीको नाम	**सामान**	**रकम**
आधुनिक महिला सहकारी	प्रिन्टर	४९६०७
कञ्चनजंगा सहकारी	कम्प्युटर	४९६२०
प्राकृतिक वचत सहकारी संस्था	कम्प्युटर	४९७२०
जनमुखी वचत सहकारी संस्था	फर्निचर	४९९९९
	जम्मा	१९८९४६

अनियमित भएको	१,९८,९४६

११५.५ **बिल भरपाई**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११६ **वडा नं १३ कार्यालय**

११६.१ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति

विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ९१ वटा पुँजिगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा १८ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजिगत कार्यक्रममा २० प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

११६.२(७९-2082-03-25):

अनुत्पादक खर्चः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले भ्यु टावर निर्माण उपभोक्ता समिति गठन गरी वडा नं १३ मा भ्यु टावर निर्माण गरेवापत रु.४,९०,००० भुक्तानी गरेको छ । वडा कार्यालयले यसरी अनुत्पादक क्षेत्रमा लगानी गरेकोले वडा समिति समेतलाई जिम्मेवार बनाउनुपर्ने रु.४,९०,०००

अनियमित भएको	४,९०,०००

११६.३(६७-2082-03-24):

बत्ती जडान र मर्मतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवं सि स क्यामोरा मर्मत बापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले उज्यालो वडा कार्यक्रम अन्तर्गत वडाका विभिन्न टोलहरुमा स्ट्रिट लाइट सेट जडान रु.२९५८३४ र सि सि क्यामेरा खरिदको लागी रु.९८००० समेत रु.३९३८३४ खर्च लेखेकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

११६.४ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । वडा कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई विभिन्न विद्युतीय सुधार वापत निम्नानुसार रु.१७,९९,५४४ पेश्की दिएकोमा समयमा फछ्र्यौट् नभएकोले नियमावलीमा भएको व्यवस्था अनुसार असुल फछ्र्यौट् हुनुपर्ने देखिएको रु.१७९९५४४

पेश्किलिने	**पेश्किलिने**	**पेश्किलिने**
नेपालविद्युत प्राधिकरण	सिरानटोललाईन	२९९५८४
नेपालविद्युत प्राधिकरण	जडिवुटीसहारा टोल लाईन विस्तार	१४९९९६०
	जम्मा	**१७९९५४४**

पेश्की	१७,९९,५४४

११६.५(७१,३३-2082-03-28):

कार्यालयका काम उपभोक्ता समितिवाट गराएको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै

हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै वडा कार्यालयमा तला थप कार्यक्रमको लागि वडा कार्यालयले वडा कार्यालय तला थप उपभोक्ता समिति मार्फत् काम गराई रु.२०,७८,२५७ भुक्तानी दिएको पाइयो। त्यस्तै युग चेतना मा वि भवन निर्माण उपभोक्ता समिति गठन गरी रु.३९२००० भुक्तानी दिएको पाईयो । यस्ता खर्च उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेतरू .२४,७०,२५७ मा उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२४,७०,२५७

११६.६ (२-2081-06-16):

बिल भरपाई: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले निम्नानुसारका शिक्षण संस्थालाई तलव तथा अन्य अनुदान भुक्तनी गरेकोमा सो खर्चको यथार्थता खुल्ने कागजात पेश भएको छैन। उक्त खर्चको बिल भरपाई पेश हुनुपर्ने रु.

गो भौ नं	शिक्षण संस्था	रकम	कैफियत
१३।१०।६	युगचेतना आ वि	२०००००	विभिन्न
१४।१०।६	महेन्द्र मा वि	९८४५७	छात्रवृत्ति
५७।३।२५	महेन्द्र मा वि	१०००००	छात्रवृत्ति
२।६।१६	महेन्द्र मा वि	६०००००	वस चालक सहचालक शिक्षक
		९९८४५७	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१७१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	९,९८,४५७

११६.७ (४५-2082-03-18):

कार्यक्रम सञ्चालन तथा विल भरपाई: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले पदमपोखरी अस्पताल स्वास्थ्यकर्मी अभिमूखीकरण कार्यक्रमको लागि रु. १३०००० भुक्तानी गरेकोमा अस्पतालसँग भएको सम्झौताको बुँदा नं ४ मा खर्चको लेखापरीक्षण अस्पतालले गराउने उल्लेख छ। अस्पतालले उक्त खर्चको रकम खुल्ने गरी लेखापरीक्षण प्रतिवेदन पेश गरेको नदेखिएकोले खर्चको यथार्थता यकिन हुन सकेन । नियमावली तथा सम्झौतामा भएको शर्त अनुसारमा प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,३०,०००

११६.८ **वितरणमुखी खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेवापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमुखी प्रकृयामा रुपान्तरण हुनुले

कार्यक्रमको उद्धेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । वडा कार्यालयले वितरणमुखि खर्च गरेको केही उदाहरण निम्न छन् ।

गो भौ नं	संस्था वा प्राप्त गर्ने समुह व्यक्ति	रकम	कैफियत
२६।१।१७	पदमपोखरी समिति	४०००००	पदमपोखरी महोत्सव
२९।१।२२	पदमपोखरी युथ क्लव	८०००००	खेल सामान खरिद गर्न
२०।१२।११	टासि छ्योलिङ् गुम्वा समिति	१०००००	ल्होसार
	जम्मा	**१३०००००**	

११६.९ **भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानी सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तैअर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु. १३१०००.।०० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकूल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,३१,०००

११६.१०(५४-2082-03-25):

अतिरिक्त समय भत्ताः स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को वुँदा नं ५ मा कार्यालय समय बाहेक कम्तिमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको अवस्थामा विद्युतीय हाजिरीको आधारमा सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम वडा कार्यालयले विभिन्न समयमा अतिरिक्त समय काम गरेको जनाई वडा सचिव समेत विभिन्न १० जनालाई रु. १८५०००।००भुक्तानी भएकोमा कामको प्रमाणित अभिलेख राखेतापनी विद्युतीय हाजिरी राखेको पाइएन । यसरी विद्युतीय हाजिरीमा अतिरिक्त समय काम गरेको देखिने प्रमाण पेश नगरी भुक्तानी गरेको सम्वन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई कामको लगत र विद्युतीय हाजिरी भिडान हुने गरी खर्च व्यवस्थित गर्नुपर्दछ ।

११७ **वडा नं १४ कार्यालय**

११७.१ **पेश्की बाँकी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५९९,२६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

११७.२(३१, ५२-):

वडा कार्यालयका काम उपभोक्ता समितिवाट गराएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै भवन कम्पाउण्ड निर्माण तथा मर्मतको काम वाल निर्माण उपभोक्ता समिति मार्फत गराइ रु.१४,६६,५०० समितिलाई भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागि बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१४,६६,५००

११७.३ **स्वयंसेवक शिक्षकः** पालिकाले आफ्नो क्षेत्र भित्रका स्वीकृत दरबन्दी अनुसार नियमानुसारको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा वडा कार्यालय समेतले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ.व. २०८१।८२ मा वडा भित्रका सामुदायिक विद्यालयमा २ शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरी तलवमा कुल रु. ७,२०,००० खर्च लेखेकोले वडा कार्यालयलाई थप व्ययभार पर्न गएको छ । वडा तथा पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था यकिन गरी आवश्यकताको आधारमा मात्रै योग्य करार शिक्षकलाई नियुक्ति गर्नुपर्दछ ।

११७.४ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ५१ वटा पुँजिगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा ७ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजिगत कार्यक्रममा १४ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

११७.५ **वितरणमुखी खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता उल्लेख गरिएको छ ।स्थानीय तहले पुँजी सृजना हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वितरणमुखी र उपयोगिता नदिने प्रकृतिका खर्चहरुलाई न्यूनिकरण गर्नु पर्दछ। पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा वडाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यववस्था समेत छैन । यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ। केहीउदाहरण निम्न छन्

भौ नं	मिति	भुक्तानी पाउने	प्रयोजन	रकम
१७	२०८१।१०।७	युनिक बक्सिङ क्लव	खेलकुद सामाग्री	५५०००
२०	२०८१।१०।७	वडा खेलकुद समिति	खेलकुद सामाग्री	१०००००
२३	२०८१।१०।७	समाजकल्याण युवा क्लव	खेलकुद सामाग्री	१०००००
३२	२०८१।१२।१८	छोर्वा बोम्बो डम्फु सेलो व्यवस्थापन उपभोक्ता समिति	पोषाक भेषभूषा	५००००
४८	२०८२।१।२६	१२ वटाटोल विकास संस्था	खेलकुद सामाग्री	१९९६८५

११७.६ **अग्रिम आयकरः** आयकर ऐन, २०५८ को दफा ८ मा सेवा परामर्शको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा नमूना छनौट परीक्षण गर्दा निम्नानुसारको तालिम एवं क्षमता विकास कार्यक्रम सञ्चालन गरे बापत युवा विकासको लागि युवा एकतालाई रु ५०००० भुक्तानी भएकोमा उक्त संस्थाहरु मू.अ.कर दर्ता नभएको देखिएकोले निजहरुको भुक्तानीमा १५ प्रतिशतका कर कट्टा गर्नुपर्नेमा घटी कर कट्टी गरेको देखिएकोले नपुग कर रकम रु.५०५५ असुल गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला रु.

भौ नं	मिति	संस्था / फर्म	कार्य / सेवा	भुक्तानी रकम	लाग्ने कर रकम	दाखिला कर	नपुग कर	
५०	२०८२।२।१	युवा विकासको लागि युवा एकता	प्रशिक्षण	५००००	७५००	२४४५	५०५५	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रु **५,२७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,०५५

११७.७ (५१-2082-02-26):

भेटनरी प्रमाणपत्रः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाई संलग्न गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । मानवाधिकारका लागि महिला एकल महिला समुहले रू.२००००० मा खरी जातका १६ वटा बाख्रा खरिद गरेकोमा भरपाईमा जमुना पारी बाख्रा खरिद भनि भरपाई गराएको पाईयो। विक्रेताको विलमा तौल,जात र शुद्धता प्रतिशत तथा निरोगिताको भेटेनरी प्रमाण पेश गरेको देखिएन ।बाख्राको जात फरक पर्दा खरिद रकममा समेत फरक पर्ने हुनाले यसमा वडा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।साथै रकम भुक्तानी गर्दा सबै प्रकृया पुरा भई आएपछि मात्र रकम उपलब्ध गराउनु पर्दछ ।

११७.८ **भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ताः** (गो भौ नं ४१/०८२।१।२,१२/२०८१।८।२५र ५१/२०८२।२।२५) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा

१२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तैअर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु.१३३०००।०० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकूल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,३३,०००

११७.९ (५५-2082-03-22):

गैह्र सरकारी संस्था अनुदानः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा ३ वटा फर्मवाट लिखित प्रस्ताव वा दरभाउ माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । वडा कार्यालयले एकीकृत ग्रामीण विकास केन्द्र संस्था तोकेर नै जैविक खेती कार्यक्रमको लागि रु.५ लाख बजेटमा नै विनियोजन गरी कार्यक्रम गराएको छ । केन्द्रले जैविक खेतीको लागि विभिन्न स्थानमा टनेल तथा खेती प्रवर्द्धका काम गराएको जनाई रु.५,००,००० भुक्तानी लिएकोमा उक्त संस्था छनोटको आधार समेत देखिदैन । यसरी गैर सरकारी संस्थाको नाम नै तोकेर वजेटमा नै व्यवस्था गर्नुको कारण पेश नभएको र खरिद प्रकृया समेत पालना नगरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,००,०००

११७.१(४०-2081-12-28):

बाख्रा वितरणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाई संलग्न गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।वडा कार्यालयले देवी दलित महिला समुहमार्फत् रमन्थली कृषि तथा पशुपञ्छी फार्म पदमपोखरी वाट रू. २००००० मा २२ वटा बाख्रा खरिद गरेकोमा सदस्यहरुलाई वितरण भरपाईमा बुझिलिनेको सम्पर्क नंबर उल्लेख नगरेको बाख्राको जात, तौल, ट्याग नंबर, निरोगिताको भेटेनरी प्रमाण तथा शुद्धताको प्रतिशत उल्लेख गरेको देखिएन । रकम भुक्तानी गर्दा सबै प्रकृया पुरा भई आएपछि मात्र रकम उपलब्ध गराउनु पर्दछ ।

११८ वडा नं १६ कार्यालय

११८.१ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ५८ वटा पुँजिगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा ११ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजिगत कार्यक्रममा १९ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

११८.२ **बजेट अवण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले अवण्डा स्वरुप विविध पूर्वाधार निर्माणमा ६ लाख बजेट अबण्डामा राखी वडा

समितिको पटके निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

११८.३(१२८-2082-03-01):

भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ताः

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानी सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागिहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेतलाई अनुगमन भत्ता बापत रु.११४००० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,१४,०००

११८.४(१४२, १४४-):

बिल भरपाई : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले मकवानपुर वहुमूखी क्याम्पस समेत ३ क्याम्पसलाई रु.११७९०० र हेटौँडा जनप्रिय क्याम्पसलाई अनुदान रु.२००००० भुक्तानी गरेकोमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको भरपाई र खर्चका बिल भरपाई पेश भएको छैन । नियमावलीमा भएको व्यवस्था अनुरुप रु . ३१७९००को भरपाई पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,१७,९००

११८.५ **विल भरपाई :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रित पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न क्याम्पसलाई उच्च शिक्षा छात्रबृती सहायता विद्यार्थी छात्रवृति वापत रु.७४०००० भुक्तानी गरेकोमा छात्रवृत्ती प्राप्त गर्ने विद्यार्थीको भरपाई पेश भएको छैन । भुक्तानी भएका क्याम्पस वडा कार्यालयले यकिन गरी नियमावलीमा भएको व्यवस्था अनुरुप भरपाई पेश हुनुपर्ने रु.७४००००

प्रमाण पेश नगरेको	७,४०,०००

११८.६(१४५-2082-03-23):

हेटौडा खानेपानी व्यवस्थापन वोर्ड : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले हेटौँडा खानेपानी व्यवस्थापन वोर्डलाई रु.४००००० भुक्तानी दिएकोमा वोर्डसँग मिति २०८१।१२।२७ को सम्झौता को वुँदा नं ५ मा लेखापरीक्षण प्रतिवेदन पेश गर्ने र वुँदा नं ३ मा कार्यान्वयन भएको सम्वन्धमा प्रगति प्रतिवेदन समेत उपलव्ध गराउने उल्लेख भएकोमा

अन्तिम लेखापरीक्षण अवधिसम्म पनि सम्झौता अनुसारको लेखापरीक्षण प्रतिवेदन तथा कामका सम्वन्धमा प्रगति प्रतिवेदन पेश भएको छैन । सम्झौताका अनुसार प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,००,०००

११८.७ **सडक बत्ती जडान र मर्मत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक बत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । भौ.न.३१।०८२।२।१८ बाट उज्यालो वडा कार्यक्रममा सडक बत्ती प्रयोजनका विभिन्न विद्युतिय सामग्री खरिद वापत आर.जे इलेक्ट्रोनिक्सलाई रु.रु.१९३१५०।- भुक्तानी भएकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

११८.८ **वितरणमुखी खर्च :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता उल्लेख गरिएको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेवापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । वडा कार्यालयले खेलकुद प्रवर्द्धन र मेयर कप खेलको लागि मात्रै रु ६ लाख बजेट विनियोजन गरी रु.५,४०,८२४ खर्च गरेको छ । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकासका कार्यक्रम सञ्चालन विपरीत वितरणमुखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।पुँजी सृजना हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वितरणमुखी र उपयोगिता नदिने प्रकृतिका खर्चहरुलाई न्यूनीकरण गर्नु पर्दछ। पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा वडाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, संस्कृति खेलकुद कार्यक्रम जस्ता कार्यक्रममा आर्थिक सहायता दिन सक्ने कानुनी व्यवस्था समेत नभएको हुँदा यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ।कही उदाहरण निम्न छन्;

गो. भौ. नं.। मिति	विवरण	रकम	कैफियत
५,५१,७८	स्वास्थ्य बीमा	१३३०००	जम्मा ३८ जनाको
२८/ ०८१/ ९/ १६	कृष्ण प्रणामी युवा परिषद् नेपाल	१०००००	कृष्ण प्रकट उत्सव मनाउन
३१/ ०८१/ ९/ १६	अशोकवाटिका दुर्गा पुजा मूल समारोह समिति	२५०००	
२०/ ०८१/ ८/ २३	नवदुर्गा पुजा आयोजक समिति	२५०००	
२१/ ०८१/ ८/ २३	श्री कृष्ण प्रणामी वाइजुराज महिला समिति गुरु आश्रम्	५००००	
१०२/ ०८१/ १/ २३	श्री मदभागवत ज्ञान संचार वृद्धाश्रम	२५०००	
२४/ ०८१/ १२/ २९	सन्तोष नगरकोटी	४००००	जस्ता छाना
२७/ ०८२/ १/ १६	भिम बहादुर थिङ	४००००	घर निर्माण सामग्री
४३/ ०८२/ ३/ १५	सुनिता राई	३७६४८	जस्ता छाना
विभिन्न	वडा कार्यालय	५४०८२४	खेलकुद प्रवर्द्धन र मेयर कप खेल
	जम्मा	**१०१६४७२**	

११९ वडा नं १७ कार्यालय

११९.१ **वितरणमुखी खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेवापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमुखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । केही उदाहरण निम्न बमोजिम रहेको छ ।

गो भौ नं	विवरण	रकम
४।७।१२	ज्ञानसञ्चार सहयोग	१९३७३०
३।६।२२	वाखा वितरण विभिन्न	६००००
३७।१२।१७	संस्कति सेवा केन्द्र	५००००
३९।१२।१७	वैष्णव परिषद	३५०००
५९।१।७	दलित महिला संघ	७५०००
७७।३।४	कृषि चुन वितरण विभिन्न	३०००००
८१।३।११	विभिन्न आर्थिक सहायता	६००००
१०६।३।२५	टिसर्ट वितरण	६५९९९
	असहाय उपचार	२०५०००
खेलकुद विशेष		
विभिन्न	नेपालचौर टोल विकास संस्था, खेल सामाग्री	५५०००
	उपमेयर कप भलिवल सहयोग	१२५०००
	वडाध्यक्षकप फुटवल सहयोग	५०००००
	विविध खेलकुद सहयोग	३७२४४८
	जम्मा	**२०९७१७७**

११९.२ **बजेट अबण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले अबण्डा स्वरुप विविध कार्यक्रम रु.३७५४८७ र विविध पूर्वाधार कार्यक्रम रु.८३४६४४ समेत रु.१२१०१३१ वजेट कायम गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

११९.३ **अन्य निकायको खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा कार्यालयमा कार्यालय प्रयोजन र शान्ति सुरक्षा नेपाल प्रहरी ईन्धन तथा विद्यालय वस ईन्धन वापत पेट्रोल पम्पलाई रु.२९९२१८ भुक्तानी भएको छ । अन्य कार्यालयको खर्च बजेटमा व्यवस्था नगरी भुक्तानी गरेको खर्च रकम मितव्ययी र प्रभावकारी भएको देखिएन । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्बन्धित निकायवाट पनि यस्तो बजेट विनियोजन भएकोमा दोहोरो पर्ने लगायतका विषयहरु निरुपण नहुने भएकाले नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,९९,२१८

११९.४ **बिल भरपाई :**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले हेटौँडा मा वि लाई विद्यार्थी छात्रवृति वापत

रु.१५०००० भुक्तानी गरेकोमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको भरपाई पेश भएको छैन । नियमावलीमा भएको व्यवस्था अनुरुप भरपाई पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५०,०००

११९.५ **स्वास्थ्य विमा कार्यक्रम :** स्वास्थ्य बीमा वोर्डवाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन हुने गरेकोमा बीमित व्यक्तिको ५ जनासम्म परिवारको लागि रु. १ लाख र ५ जनाभन्दा बढी सदस्य भएको परिवारको प्रत्येक सदस्यको थप रु.२००००।०० का दरले अधिकतम रु. २ लाख सम्मको औषधोपचार वापतको रकम यस कार्यक्रमवाट व्यहोरिने र सो को सोधभर्ना स्वास्थ्य बीमा वोर्डबाट हुने गरेको छ । सो कार्यक्रममा वडामा स्थायी बसोबास भएका सर्वसाधारणले तिर्नुपर्ने विमा शुल्क रकम वडाले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत जम्मा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत ९० जनाको रु.३५०० का दरमा जम्मा रु.३१५००० भुक्तानी गरेको छ । संघीय सरकारको कार्यक्रमको लागि जनताले तिर्ने अंशलाई शत प्रतिशत नै पालिकाले व्यहोरेको छ । संघको कार्यक्रमको लागि वडावाट सर्वसाधारणको तर्फवाट शुल्क तिरी बीमा गराएको देखिन्छ । एक वर्षको लागि बीमा भएपश्चात् सोको नवीकरण अर्को वर्ष कार्यान्वियन स्थिति समेत मुल्यांकन गरेको देखिएन । स्वास्थ्य बीमा कार्यक्रम लागत साझेदारीको मोडलमा कार्यान्वियन गरी कार्यक्रमको अपनत्व लाभग्राहीलाई हुनेगरी योजना तथा कार्यक्रमको प्रस्ताव गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

११९.६ **बत्ती जडान र मर्मत:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक वत्ती एवं सि सि क्यामोरा मर्मत बापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । वडा कार्यालयले उज्यालो वडा कार्यक्रम अन्तर्गत रु.५४४८२० र सि सि क्यामेरा खरिदको लागि रु.१९७६०१ समेत रु.७४२४२१ खर्च लेखेकोमा उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्वन्धमा वडा कार्यालय जिम्मेवार हुनुपर्दछ ।

११९.७ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ६० वटा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा १३ योजना कार्यान्वियन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पँजीगत कार्यक्रममा २१ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

११९.८ (९८-2082-03-24):

भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ताः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तैअर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाँउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागिहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र

कर्मचारी समेतलाई अनुगमन भत्ता वापत रु. २,०९,००० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२,०९,०००

११९.९ **अतिरिक्त समय भत्ताः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धीत स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को वुँदा नं ५ मा कार्यालय समय बाहेक कम्तिमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको अवस्थामा विद्युतीय हाजिरीको आधारमा सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम वडा कार्यालयले विभिन्न समयमा अतिरिक्त समय काम गरेको जनाई वडा सचिव समेत विभिन्न ५ जनालाई रु.४०९००।०० भुक्तानी भएकोमा कामको प्रमाणित अभिलेख राखेतापनी विद्युतीय हाजिरी राखेको पाइएन । यसरी विद्युतीय हाजिरीमा अतिरिक्त समय काम गरेको देखिने प्रमाण पेश नगरी भुक्तानी गरेको सम्वन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई कामको लगत र विद्युतीय हाजिरी भिडान हुने गरी खर्च व्यवस्थित गर्नुपर्दछ ।

१२० **वडा नं १८ कार्यालय**

१२०.१ (७०-2082-03-24):

भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ता -स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानी सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तैअर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौँडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगरभित्रका सञ्चालिन कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागिहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप वडाध्यक्ष समेतका जनप्रतिनिधि र कर्मचारी समेत९ जनालाई अनुगमन भत्ता वापत रु. .१,५१,०००।०० भुक्तानी भएको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,५१,०००

१२०.२ **बिल भरपाई :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । वडा कार्यालयले हेटौँडा मा वि लाई विद्यार्थी छात्रवृति वापत रु.१५०००० भुक्तानी गरेकोमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको भरपाई पेश भएको छैन । नियमावलीमा भएको व्यवस्था अनुरुप भरपाई पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,४७,५४०

१२०.३

वितरणमुखी खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख छ । वडा कार्यालयले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरे वापतको भुक्तानीमा अधिकाशं वितरणमुखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । वडा कार्यालयले पर्यटन प्रवर्द्धन तथा गुम्बाडाँडा महोत्सव वडा नं १८ को लागी १० लाख वजेट विनियोजन गरी रु.९,९६,२४३ खर्च गरेको र स्थानीय जिल्ला लगायत विभिन्न खेलकुद प्रतियोगिताहरूमा सहभागिता, सहकार्य तथा खेलकुद सामाग्री वितरण गर्न ९ लाख वजेट विनियोजन गरी ९ लाख नै खर्च गरेको समेत रु.१८,९६,२४३ खर्च गरेको छ । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमुखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालीन पुँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

१२०.४ **विविध वितरण** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता उल्लेख गरिएको छ । स्थानीय तहले पुँजी सृजना हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वितरणमूखी र उपयोगिता नदिने प्रकृतिका खर्चहरुलाई न्यूनिकरण गर्नु पर्दछ। पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा वडाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यववस्था समेत छैन । यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ।केही उदाहरण निम्न छन् ।

भौ नं	मिति	भुक्तानी पाउने	प्रयोजन	रकम
९	२०८१।७।१३	ठूलो दमार टोल विकास समिति	तीज पर्व	१०००००
विभिन्न	विभिन्न	विभिन्न २१ जना	आर्थिक सहयोग	१३००००
३४	२०८१।९।५	टोल विकास समिति	पिङ डोरी	२००००
५७	२०८१।१०।३०	टोल विकास समिति	संचालन तथा सङगित सामान	२२६४२९
१२६	२०८२।२।१	गुम्वाडाँडा महोत्सव समिती	पर्यटन प्रवर्द्धन तथा गुम्वाडाँडा महोत्सव	९९६२४३
१२३	२०८२।२।१	गुम्वाडाँडा महोत्सव समिती	सरसफाई	३१६८०
१४९	दसरथ गुरागाँईघ	वातावरण दिवस टोल विकास संस्था वडा समन्वय समिति	सरसफाई	२३३००
३९	२०८१।९।१८	विभिन्न	पोशाक	९६३७७
विभिन्न	विभिन्न	विभिन्न १० व्यक्ती तथा संस्था	खेलकुदका सामान	३१५४४३
४५पुजीगत	२०८२।१।११	टोल विकास समितिहरु	सिमेन्ट कुर्ची	१४८१४३

१२०.५(२-2081-06-21):

दुध एनालाईजर मेशिन सेट खरिद :- सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा प्रतिष्पर्धा सिमित हुने गरी खरिद प्रकृया अवलम्वन गरी खरिद गर्न नपाईने उल्लेख छ ।रत्नदेबी दुग्ध उत्पादक कृषि सहकारी संस्थालाई दुध एनालाईजर मेशिन सेट खरिद प्रयोजन स्पेशिफिकेशन तयार गर्दा FAT SCAN EVEREST BRAND को ब्राण्ड नाम तोकेर स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरेको पाईयो । FAT SCAN EVEREST BRAND को दुध एनालाईजर मेशिन सेट खरिद प्रयोजन रू ६३६३८२.०६ को लागत अनुमान तयार गरी ३ वटा कोटेशन माग गरी सबैभन्दा कम कबाोल गर्ने नेपाल चिलिङ भ्याट ईन्डस्ट्रिज प्रा ली हेटौडाको

कोटेशन स्वीकृत गरी रु ४४२९२९ भुक्तानी भएको छ ।ब्राण्ड तोकेर लागत अनुमान तयार गरी निश्चित कम्पनीको उत्पादनलाई प्राथमिकता दिई खरिद गर्ने कार्य नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,४२,९२९

१२०.६ **कार्यक्रम र प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । वडा कार्यालयका जम्मा ६६ वटा पुँजीगत कार्यक्रम अन्तर्गतका योजना रहेकोमा १२ योजना कार्यान्वयन हुन सकेको देखिएन । यसरी वडा समितिले विभिन्न पुँजीगत कार्यक्रममा १८ प्रतिशत कार्यक्रममा शुन्य प्रगति भएको देखिएकोले योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा वडा समिति जिम्मेवार हुनुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	**सवारी साधन खरिद-** स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुँदा नं ५.१५ मा नेपाल सरकारबाट उपलव्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ ।पालिकाले नेपाल सरकारको समानीकरण अनुदानबाट उपमहानगरपालिका पुँजीगत शीर्षकबाट अग्नि ईन्कर्पोरेटेड प्रा लि मार्फत् १ थान स्कोर्पियो रु.७३७५००० मा खरिद गरेको पाईयो । यसरी संघीय सरकारको कानुन विपरीत हुने गरी आन्तरिक श्रोतबाहेकको संघीय अनुदानबाट सवारी साधन खरिद गर्नु उपयुक्त देखिएन । समानीकरण अनुदानबाट सवारी साधन खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	०
२	स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ।त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५)मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । हेटौडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बूँदा नं २८ मा उपमहानगर भित्रका सञ्चालित कार्यक्रम तथा योजनको अनुगमन गरे वापत सहभागीहरुलाई प्रतिव्यक्ति रु १००० अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप जनप्रतिनिधि समेत कर्मचारीलाई अनुगमन प्रयोजनको भत्ता वापत निम्नानुसार रु. ३०२०००।०० भुक्तानी भएको छ। पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु जन प्रतिनिधी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकूल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.	३,०२,०००

क्र.सं.	बेरुजुको विवरण								रकम
	सि नं	भौचर नंबर	मिति	अनुगमन / वैठक विवरण	अनुगमन र सो प्रयोजनको भत्ता पाउने	अवधी	भत्ता रकम रू	कैफियत	
	१	१२२४	२०८१। १०।२८	योजना अनुगमन जँचपास समितिको बैठक	बैठक संख्या ६ -जनप्रतिनिधि ४ कर्मचारी ७ जना उपस्थिति ४८	२०८१ भाद्र ३१ देखि पौष २५ सम्म ६वटा बैठक ,उपस्थिति ४८	४८०००		
	२	१३४३	२०८१। ११।११	सामुदायिक विद्यालयको अनुगमन	प्रमुख प्रशासकीय अधिकृत समेत १८ जना कर्मचारी	९ वटा अनुगमन ,उपस्थिति १५६	१५६०००		
	३	१४२२	२०८१। १२।१	घलान स्मृति फुटवल प्रतियोगिता अनुगमन	अधिकृत आठौ हरि चन्द्र सापकोटा समेत ५ जना	२ वटा अनुगमन, उपस्थिति १०	१००००		
	४	६३१	२०८१। ८।१७	कोपोमिस तालिम अनुगमन	अनुप न्यौपाने समेत ३ जना	३ जना २ दिन ,उपस्थिति ५	५०००		
	५	८३३	२०८१। ९।५	सेल्फ डिफेन्स तालिमअनुगमन	अधिकृत आठौ हरि चन्द्र सापकोटा समेत ३ जना	३ जना २ दिन, उपस्थिति ९	९०००		
	६	११५७	२०८१। १०।२१	महिला क्रिकेट महोत्सव	कार्यालय प्रमुख माधव कोईराला समेत कर्मचारी ४जना उपस्थिति ८	४ जना २ दिन, उपस्थिति ८	८०००		
	७	१२४२	२०८१। १०।२९	कार्यक्रम अनुगमन	सामाजिक विकास तथा वित्त महाशाखा प्रमुख डा .भिम प्रसाद तिमिस्सिना समेत ५ जना	५ जना १ दिन, उपस्थिति ५	५०००		
	८	१२२२	२०८१। १०।२९	बि टि सि/ पि टि सि तालिम	अधिकृत आठौ हरि चन्द्र	५ जना १ दिन, उपस्थिति ५	५०००		

क्र.सं.					बेरुजुको विवरण				रकम
					सापकोटा समेत ५ जना				
	९	१८३२	२०८२।१।१	महाशाखाको अनुगमन	सीता राम कोईराला समेत ८ जना	८ जना ,उपस्थिति ५६	५६०००		
	जम्मा						३०२०००		
३	**कवाडी करः** उपमहानगरपालिकाले पालिका भित्रको कवाडी तथा जीवजन्तुको आय संकलनको लागि मु.अ.कर बाहेक रु.६००००००.०० न्युनतम लागत कायम गरी आय ठेक्का व्यवस्थापन गरेकोमा स्याङ्तान इन्फ्रा प्रा.लि. संग मिति २०८१।३।३० मा मु.अ.कर समेत रु.१५२०९८००.०० को सम्झौता भएकोमा सम्झौताको बुँदा नं ५ मा सम्झौता रकम विभिन्न ४ किस्तामा कार्यालयमा दाखिला गर्नुपर्ने उल्लेख छ। उक्त प्रा ली ले सम्झौता बखत पहिलाे किस्ता वापतको रु ३८०२४५०.००, मिति २०८२।३।२५ मा रु ६००००००.००, मिति २०८२।३।३१ मा रु.१०००००० र मिति २०८२।८।२ लगायतको रु.३५०००००० समेत कुल जम्मा रु.१४३०२४५० दाखिला भएको विवरण पेश भएको छ । सम्झौता अनुसारको बाँकी रु.९०७३५० मा नियमानुसार लाग्ने व्याज समेत पालिकाले यकिन गरी गरी असुल गर्नुपर्ने देखिएको रु.								९,०७,३५०
४	जरिवानाःउपमहानगरपालिकाले पालिका भित्रको कवाडी तथा जीवजन्तुको आय संकलनको लागि मु.अ.कर बाहेक रु.६००००००.०० न्युनतम लागत कायम गरी आय ठेक्का व्यवस्थापन गरेकोमा स्याङ्तान इन्फ्रा प्रा.लि. संग मिति २०८१।३।३० मा मु.अ.कर समेत रु.१५२०९८००.०० को सम्झौता भएकोमा सम्झौताको बूदा नं.५ मा कबोल रकमको पहिलो किस्ता सम्झौता हुँदाका बखत, दोश्रो किस्ता २०८१ कार्तिक मसान्त, तेस्रो किस्ता २०८१ फाल्गुण मसान्त र अन्तिम किस्ता २०८२ जेठ मसान्तसम्म बुझाउनुपर्ने र तोकिएको समयमा रकम दाखिला नगरेमा प्रचलित कानुन बमोजिम दण्ड जरिवाना लगाउने उल्लेख छ। निज प्रा.लि.ले सम्झौतामा तोकिएको समयमा किस्ता नबुझाएकोले ढिला बुझाएको रकमको वार्षिक १० प्रतिशतका दरले व्याज रकम रु. ५७०५९८ असुल हुनुपर्ने रू.								५,७०,५९८

किस्ता	किस्ता बुझाउनुपर्ने मिति	पालिकामा दाखिला भएको मिति	ढिला दिन	रकम
पहिलो किस्ताः ३८०२४५०	सम्झौता बखत	सम्झौता बखत	०	०
दोश्रो किस्ताः ३८०२४५०	२०८१।७।३०	२०८२।३।२५	२३५	२४४८१५
तेस्रो किस्ताः ३८०२४५० मध्ये रु ६०४९०१ बाँकी	२०८१।११।२९	२०८२।३।२५ मा २१९७५४९	११७	७०४४२
		२०८२।३।३१ मा १००००००	१२२	३३४२४
तेश्रो किस्ता ६०४९०१ र	२०८२।२।३१	२०८२।८।२ मा १५ लाख	१५२	६२४६६
चौथो किस्ताः ३८०२४५०		२०८२।१२।२७ मा १० लाख	२६७	७३१५०
		०८३।१।१५ मा १० लाख	३१५	८६३०१
				५७०५९८

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>५</td><td>शर्त सहितको पेश्की जमानतः पदम पोखरी मुख्य निर्माण कार्यको लागि उपमहानगरपालिका र निम्नानुसार निर्माण व्यवसायीबीच भएको सम्झौताको जि.सि.सि ५७.१ मा मोविलाईजेशन पेश्की लिने प्रयोजनको लागि पेश हुने पेश्की जमानत शर्त रहितको हुनुपर्ने उल्लेख छ ।कार्यालयले निर्माण व्यवसायीलाई निम्नानुसार रु. ५१२८०००।- पेश्की दिँदा बैंकबाट जारी भएको पेश्की जमानत शर्त (It is a condition to any claim and payment under this guarantee to be made that the advanced payment referred to the above must have been received by the contractor on its account number .. at NABIL Bank limited.) सहितको भएको देखिएकोले शर्त रहितको जमानत पेश गर्नुपर्दछ। अन्यथा उक्त रकम फिर्ता हुनुपर्ने देखिन्छ।
<table>
<tr><td>ठेक्का नं</td><td>निर्माण व्यवसायी</td><td>बैंकको नाम</td><td>जमानत रकम</td></tr>
<tr><td>६-२०८०।८१</td><td>सुभाष निभिल हिलटप जे भि</td><td>नबिल बैंक लि</td><td>१०५००००</td></tr>
<tr><td>७-२०८१।८२</td><td>शिखर इन्जिनियरिङ् साहारा जे भि</td><td>नबिल बैंक लि</td><td>४०७८०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५१२८०००</td></tr>
</table>
</td><td>०</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : हेटौडा उप महानगरपालिका, मकवानपुर , हेटौडा उप-महानगरपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भरत गौतम	२०८१-११-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	जेकप श्रेष्ठ	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९,३२३,०९५	५६,२६७,०९९	२४,१५५,९४३	०	०	८,५३७,१३४
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	९८,२८३,२७१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	३५,०७४,०६१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१,७७९,९४८
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६४,९८९,१५८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२५६०६७११६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१६९५४२९८०५	चालु खर्च	१५०११५६५८१
प्रदेश सरकारबाट अनुदान	१२४३३००००	पूँजीगत खर्च	५७४६४७८७३
राजश्व बाँडफाँट	४८९९३३३०८	वित्तीय/अन्य व्यवस्था	८१०७७४५३५
आन्तरिक आय	४०७४००४३६		
अन्य आय	१०१६३५१४४		
कुल आय	२८१८७२८६९३	कुल खर्च	२८८६५७८९८९
बाँकी मौज्दात		१८८२१६८२०	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

हेटौडा उपमहानगरपालिका
उपमहानगर कार्यपालिकाको कार्यालय, मकवानपुर
कार्यालयको कोड : ८०३३२३०१३००
वित्तीय प्रतिवेदन (आ.व. : २०८१/८२ अवधि : २०८१/०४/०१ - २०८२/०३/३२)
प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	७०,८४,१९,२८२.३९	७०,६६,५२,९३३.३६
१३०००	अनुदान	१,१०,५६,८९,२७७.७५	१,१०,६६,५७,८४२.३०
१४०००	अन्य राजस्व	१८,७९,१८,१४१.३३	१२,६६,३१,३१०.२०
१५०००	विविध प्राप्ति	९,९६,३२२.००	६४,९८,०६९.१०
३३१४३	अन्य संस्थाहरूबाट ऋण प्राप्ति	१,४८,४२,११७.००	०.००
क	कुल जम्मा प्राप्ति	२,०१,७८,६५,१४०.४७	१,९४,६४,४०,१५४.९६
३	चालु	१,५०,११,५६,५८२.६८	१,३९,९६,९४,४४१.६५
२१०००	पारिश्रमिक / सुविधा	८७,१०,८२,७२०.०४	८४,९८,८८,४९६.७३
२२०००	मालसामान तथा सेवाको उपयोग	४१,४३,२४,१५५.६८	३९,९६,८६,५४४.५३
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	७७,४६,४७०.५१	६२,९८,१०८.९९
२५०००	सहायता (Subsidy)	१२,९८,७०,२९३.२२	९,९८,०६,८२६.७०
२६०००	अनुदान	४,४३,०१,१००.३९	५३,९७,३०८.३६
२७०००	सामाजिक सुरक्षा	२,६५,८९,६५४.५३	२,३२,२५,७२९.००
२८०००	अन्य खर्च	७२,४२,१८८.३१	१,५३,९१,४२७.३४
४	पूंजीगत	५७,४६,४७,८७२.९९	९३,३७,२६,२४८.८०
३१११०	भवन तथा संरचना	३,६७,६२,०४८.८१	२,१३,४२,९००.४३
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	५,००,५२,३५४.०४	६,१४,७४,१६८.००
३११३०	अन्य पूँजीगत खर्च	५१,५१,६२८.००	५३,९४,६७९.५०
३११५०	सार्वजनिक निर्माण	४७,५६,३०,९२८.१४	७९,६८,३६,२७८.०७
३११६०	निर्मितसरचनाको सुधार खर्च	१६,४५,५४३.००	२२,७९,७५०.००
३११७०	पूँजीगत सुधार खर्च	४९,०५,३८०.००	४,६३,९८,४७२.८०

३१२२०	मौज्दात सामानहरु	४,९९,९९१.००	०.००
५	वित्तीय	१,००,००,०००.००	९९,९९,९९९.९९
३३१९५	ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी	१,००,००,०००.००	९९,९९,९९९.९९
ख)	कुल जम्मा भुक्तानी	२,०८,५८,०४,४५५.६७	२,३४,३४,२०,६९०.४४
ग)	बचत /कमी (ग = क-ख)	(६,७९,३९,३१५.२०)	(३९,६९,८०,५३५.४८)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	८९,०१८.९४	(२,४०,१३,४९९.१३)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(६,७८,५०,२९६.२६)	(४२,०९,९४,०३४.६१)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	२५,६०,६७,११६.३९	६७,७०,६१,१५१.००
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१८,८२,१६,८२०.१३	२५,६०,६७,११६.३९

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

प्रारम्भिक प्रतिवेदनमा यस दफामा संलग्न गरिएको पालिकाको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फाराम नं. २७०) हाल यसै प्रतिवेदनको दफा नं. २ संग सम्बन्धित अनुसूचिमा समावेश गरिएको छ ।

बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -५

पालिकाको सभा वाहेक कार्यकारी निर्णयवाट भएकायोजनाको नाम र खर्च		
सि.नं.	योजनाकोनाम	खर्चरकम
१	फुटवलचौर स्तरन्नोती हेटौडा, मिलन चोक	४०००००
२	जनप्रियमाध्यमिक विधालयशौचालय निर्माण हेटौडा १६	४०००००
३	वसपार्कमा पालिकाद्धारा निर्मित भवन मर्मत हेटौडा १०	२४९४६७
४	उपमहानगरपालिकाभवनको कोठा मर्मत हेटौडाउपमहानगरपालिका	१००००००
५	विन्दामाया घलानको घर मर्मत हेटौडा ३	२५००००
६	सवदाहमेशिन मर्मत सभार हेटौडा १०	५०००००
७	वाईपाससडक मर्मत हेटौडा १०	१००००००
८	राष्ट्रियअपाग महासंघ नेपाल कम्पाउण्ड मर्मत हेटौडा २	७००००
९	लेवटप्रहरी चौकी नरसिंह डाडा हुदै खाडीदमार जम्वु चौतारा सम्म जोडने सडक मर्मत (टेक वहादुर महत तथाहिरा कुमारी महतको घर नजिक) हेटौडा ३	३०००००
१०	मोहनवज्राचार्य शहरी स्वास्थ केन्द्र भवन मर्मत हेटौडा ४	६८००००
११	वडाकोविभिन्न सडक मर्मत हेटौडा १८	१००००००
१२	सशस्त्रप्रहरी वल नेपाल मद्दती तथा सेवा गुल्मको सुरक्षा पोष्ट तथा मेश मर्मत हेटौडा ८	३०००००
१३	जम्वुचौतारा टोल विकास संस्था अन्तर्गत जम्वु चौतारा हुदै वौराटार जाने वाटोमाविधुतको पोल स्थानान्तरण गर्ने कार्य हेटौडा ३	२१६८०।०६
१४	मेनरोडवाट सात तल्ले सम्म जाने वाटो स्लवा ढलान कार्य हेटौडा १६	१५०००००
१५	आग्रालीटोल अन्तर्गत शव अन्त्येष्टी स्थलमा शौचालय निर्माण हेटौडा १२	३०००००
१६	लेखपानीटोल विकास संस्था अन्तर्गत कैलाश लामाको घर देखी हरियो गोदाम सम्म सरस्वतीखोलामा रिटेनिंग वाल निर्माण हेटौडा ३	१००००००
१७	नागस्वतीपार्क निर्माणहेटौडा ७	३०००००
१८	वडाकार्यालय नजिक पार्क निर्माण हेटौडा ७	३०००००
१९	पिसपार्क निर्माण हेटौडा १५	८०००००
२०	वुध्दचोक खेल मैदान मर्मत संभार हेटौडा १३	५०००००
२१	सफलटोल विकास संस्था कर्रा दुर्गा सडककोभित्री सडक स्लाव ढलान हेटौडा १०	५०००००
२२	सिमलथलीडुमारे वाटो मर्मत हेटौडा १९	१००००००
२३	राजदेवीगुवावारी वलराम अधिकारीको घर जाने वाटो मर्मत सम्भार हेटौडा १७	१००००००
२४	साजवोटेवुंगे खोला सडक मर्मत हेटौडा १७	१००००००
२५	ट्रष्टनिर्माण हेटौडा १	६५०८१
२६	वासस्थाननिर्माण पदम खडका हेटौडा ५	४०००००

२७	पर्खालनिर्माणअस्मिना उप्रेती हेटौडा ११	२५००००
२८	हेटौडाउपमहानगरपालिका कार्यालय प्रवेश स्थलमा फलामको सपोर्ट निर्माण हेटौडा २	८५२७८
२९	प्राथनाभवन देखि काजिमान टोल जाने वाटो स्लाव ढलान हेटौडा १८	५०००००
३०	मानेडाडा स्लाव ढलान निर्माण (विच टोल जाने वाटो) हेटौडा १८	५०००००
३१	विरवहादुरको घर देखि गोपाल लामाको घर सम्म अधुरो वाटो स्लाव ढलान हेटौडा १२	५०००००
३२	फुटसलनिर्माण हेटौडा ६	१५०००००
३३	हिरावहादुर थिंगको घर देखि तोप वहादुर सिन्तानको घर सम्म कंकिट सडक निर्माणहेटौडा १३	१०००००
३४	डिपवोरींग पाईप लाईन विस्तार हेटौडा १३	२०००००
३५	सिरानटोल विकास संस्था अन्तर्गत मजुवाटोल गौरीटोल स्लाव ढलान हेटौडा १३	१०००००
३६	मिलनचोकमा सत्य वचन ट्रष्ट निर्माण हेटौडा १३	३०००००
३७	माधवदुलालको घर देखि केशव थापाको घर सम्म स्लाव ढलान हेटौडा१३	३०००००
३८	पिपलटारछमुरे खोल्सी कल्भर्ट निर्माण हेटौडा १८	४०००००
३९	प्रल्हादपुडासैनीको घर देखि लिलानाथ चौलागाईको घर सम्म अधुरो वाटो निर्माण हेटौडा6 रामनगर	१५००००
४०	लोकतान्त्रीककृषि सहकारी संस्थाको भवन निर्माण हेटौडा १२	५०००००
४१	लालिगुरास टोल जाने वाटोमा रहेको सम्झना हुमागाईको घर देखि विकास विडारीको घर वाटोमर्मत संभार हेटौडा १२	१०००००
४२	नागस्वतीमारहेको अधुरो वक्स कल्भर्ट निर्माण हेटौडा ७	२०००००
४३	विभिन्नस्थानमा सडक मर्मत एवं विस्तार हेटौडा १६	६०००००
४४	वडानं.४ को विविध पुर्वाधार मर्मत हेटौडा ४	१०००००
४५	१२नं.वडा कार्यालयको शौचालय मर्मत हेटौडा १२	५०००००
४६	फरेष्ट्रीगेट देखि कालिका मन्दिर सम्म पोल स्थानान्तण कार्य हेटौडा ४	५०८०३९
४७	सडकक्षेत्र पिउने पानी आयोजना मर्मत संभार हेटौडा ११	५६०००
४८	कोकोमेन्दो टोल विकास संस्था अन्तर्गत भुमिगत सिचाई योजनाको ट्रान्सफर्मर मर्मतहेटौडा १३	१५२०००
४९	पशुसेवा कार्यालय भवन स्तरन्नोती हेटौडा १७	१०००००
५०	वसपार्क ढल व्यवस्थापन हेटौडा १०	१४५००००
	जम्मा	**१७८१६३९९**
विविधपुर्वाधार		
१	भुवनसिंहपथ गर्दौई टोलको नाग मन्दिर जोडने सडक स्तरन्नोती हेटौडा ४	१०००००
२	लेखपानीटोल विकास संस्था अन्तर्गत चुरीयामाई मन्दिर मर्मत सम्भार हेटौडा ३	३०००००

३	हरियालीटोल विकास अन्तर्गत भुवन सिंह पथ संग जोडिएको राम तिमल्सिनाको घर देखि दक्षिणतर्फ नाल निर्माण हेटौंडा ५	२०००००
४	युध्दप्रसाद पथवाट पंचेश्वर पशुपति मन्दिर जाने सडक निर्माण हेटौंडा ४	२०००००
५	गोठदमार टोल विकास संस्था अन्तर्गत चुरीयामाई मन्दिर भवन निर्माण हेटौंडा १२	१०००००
६	जम्वुचौतारा खानेपानी टंकि संरक्षण हेटौंडा ३	१५००००
७	गोठदमार टोल विकास संस्था अन्तर्गत पंचकन्या मन्दिर निर्माण हेटौंडा १२	२०००००
८	वुध्दमुर्तिको वरपर मर्मत संभार हेटौंडा १८	२०००००
९	राजकुमारखतिवडाको घर देखि चन्द्र प्रसाद दुलालको घर सम्म जाने वाटो निर्माणहेटौंडा ६	४०००००
१०	शौचालयनिर्माण हेटौंडा १९ ज्यामिरे	१०००००
११	खानेपानीटंकि निर्माणहेटौंडा ३	२०००००
१२	लक्ष्मिआधारभुत विधालय पर्खाल निर्माण हेटौंडा ५	१३५०००
१३	खानेपानीव्यवस्थापन हेटौंडा १९	५००००
१४	कालिदेवीटोल विकास संस्था अन्तर्गत कालि देवी मन्दिर रंगरोगन हेटौंडा १४	२५०००
१५	घरेडीडाडा देखि भोर्ले जोडने वाटो सरसफाई हेटौंडा १२	४११५१
१६	लेवटटोल विकास संस्था अन्तर्गत नरसिंह डाडा लेवट प्रहरी चौकि जाने सडकको ढल मर्मतहेटौंडा ३	४११५१
१७	शिवपांचयान मन्दिर संरक्षण हेटौंडा ९	१०००००
१८	गुप्तेश्वरक्षेत्र विकास कोष हेटौंडा १२ अन्तर्गत नागथान मन्दिर मर्मत तथा वत्ति व्यवस्थापन	२०००००
१९	ईमानुयलवाईवेल मेस्नरी भवन मर्मत संभार हेटौंडा १७	२०००००
२०	खानेपानीकार्यालय अधुरो भवन मर्मत हेटौंडा १३	४०००००
२१	विजयसामुदायिक भवन मर्मत हेटौंडा १५	४०००००
२२	पुरानोफायरलाईन देखि श्री पंचकन्या प्रा.वि. सम्म अधुरो स्लाव ढलान हेटौंडा १७	४०००००
२३	हरीयालीटोल विकास संस्था अन्तर्गत कृया पुत्री घर निर्माण हेटौंडा १३	५०००००
२४	चिसापानीटोलको मन्दिर जाने वाटो स्लाव ढलान हेटौंडा ७	४०००००
२५	वुध्दपार्क भोर्लेमा शौचालय निर्माण हेटौंडा १२	३०००००
२६	हातिगौडापदमपोखरी सिचाई हेटौंडा १२	२०००००
२७	राहुलपरियार घर निर्माण सहयोग हेटौंडा ९	२०००००
२८	आरामपुरमारहेको प्राथना भवन निर्माण हेटौंडा १८	३०००००
२९	किरातेश्वरमहादेव मन्दिर निर्माण हेटौंडा ३	२०००००
३०	कालिदेवीटोल विकास संस्था अन्तर्गत रमेश आलेको घर देखि ज्ञान वहादुर थापाको घर जानेअधुरो स्लाव ढलान र कालिदेवी मन्दिरको चौतारा देखि मिठु माया आलेको घर जाने वाटोस्तरन्नोती हैटौंडा १४	३०००००

३१	सिध्देश्वरमहादेव मन्दिर निर्माण हेटौडा १७	२०००००
३२	चुरीयामाईटोल विकास संस्था अन्तर्गत नया वस्ति स्लाव ढलान हेटौडा १४	५०००००
३३	जयरामपौडेलको घर वाट सरोज सरको घरको भाईको घर जाने वाटो हेटौडा ६	४०००००
३४	पिप्लेचोकविकास संस्था अन्तर्गत शान्ति नगर र वानिया टोल कुलोलाई रिटेनिंग वाल निर्माणहेटौडा ५	२०००००
३५	नामग्यालसिन्तानको घर निर्माण हेटौडा १	३०००००
३६	वनस्पतीटोल विकास संस्था अन्तर्गत ढल निर्माण हेटौडा १३	२०००००
३७	ढिकुरेपाटि निर्माण हेटौडा ११	२०००००
३८	कृयापुत्री घर निर्माण हेटौडा ५	२०००००
३९	मनकामनाचोकमा कल्भर्ट निर्माण हेटौडा २	५०००००
४०	सिध्दार्थपथ देखि रुम्वाटोल जाने वाटो निर्माण हेटौडा ११	६०००००
४१	सरस्वतिवसामाडी जोडने सडक निर्माण हेटौडा ११	१०००००
४२	दक्षिणकालीमन्दिर देखि पदमपोखरी चोक जाने नाला निर्माण हेटौडा १३	५०००००
४३	अम्विकाचौलागाईको घर जाने वाटो हेटौडा ६	५०००००
४४	हातिलेटदेखी 16 र 17 कुमलटार जाने कल्भर्ट निर्माण हेटौडा ६	५०००००
४५	पिसपार्क जाने वाटो स्तरीकरण हेटौडा ६	७०००००
४६	कान्छीमाया थोकरको घर हुदै रामशरण मुक्तानको घर जाने क्रकिट सडक निर्माण हेटौडा १४	३०००००
४७	कर्णावतीआर्यघाट गुम्वाको मुर्ती प्रतिस्थापन हेटौडा ९	४०००००
४८	फरेष्टीगेटवाट कालिका मन्दीर जाने वाटो स्तरीकरण हेटौडा ४	३०००००
४९	सिचाईनिर्माण हेटौडा १२	१५०००००
५०	सानोपोखरा कल्भर्ट पुल उत्तर वस्ती संरक्षणको लागि मेशिनरी वाल नि.हेटौडा ५	२००००००
५१	मठमन्दिरमा ईन्टरलक लगाउने कार्य हेटौडा ११	५०००००
५२	कालिपोखरीस्थित पंचदेवी वाटो स्तरीकरण गर्ने कार्य हेटौडा हेटौडा ६	५०००००
५३	विकासटोल विकास अन्तर्गत मनमोहन मार्गको उत्तर तर्फ राज कुमार वस्नेतको घर जाने वाटोसडक स्तरीकरण हेटौडा ८	३०००००
५४	चुरियामाईमन्दिर मर्मत हेटौड ३	५००००
५५	नेपालतिर्थ प्रकाश संघ भवन निर्माण हेटौडा ९	५०००००
५६	दिव्यसेवा निकेतनमा शौचालय निर्माण हेटौडा १५	३०००००
५७	राजनढकालको घर देखि तिरतिरे जाने मुख्यसडक स्लाव ढलान हेटौडा ११	४०००००
५८	सिचाईनिर्माण हेटौडा १२	१५०००००

	जम्मा	**१७९९२३०१**
धार्मिक संस्था पुर्वाधार निर्माण		
१	कालिकामन्दिर ट्रस निर्माण (खोरांग टोल) हेटौडा १२	४०००००
२	पांचकन्यामाताको मन्दिर मर्मत हेटौडा १३	३०००००
३	गौरवटोलविकास संस्था अन्तर्गत डिग्पा छोईलिंग गुम्वा निर्माण हेटौडा १३	३०००००
४	हंसलोकजनकल्याण भवन संरक्षण एवम् तटवन्धन हेटौडा ३	१००००००
	जम्मा	**२००००००**
स्वास्थसंस्था पुर्वाधार निर्माण		
१	नकौलीशहरी स्वास्थ केन्द्र भवन मर्मत हेटौडा १	९५००००
२	५नं वडा कार्यालय शहरी स्वास्थ केन्द्र भवन मर्मत हेटौडा ५	३५००००
	जम्मा	**१३०००००**
अनुसन्धान तथा परामर्श खर्च		
१	वुध्दपार्क निर्माण हेटौडा १२	४०००००
२	भवननिर्माण निर्मल वहुमुखी क्याम्पस हेटौडा १९	७०००००
३	हेटौडा 8 विन्ध्यावासिनि टोल देखि गर्दोई पुलजोडने पुल निर्माणको DPR तयार गर्ने	९०००००
४	वनस्खण्डीसामुदायिक वन हेटौडा2 भित्र महाभारत पार्क निर्माणको लागि IEE भित्र तयारी	१०००००
५	हेटौडाउपमहानगरपालिकाको मेटिक ठेगाना प्रणालिमा आधारित घर जडान गर्न लागत अनुमान कार्यक्षेत्रगत शर्त तयार गर्ने	५०००००
६	लेवटलेखपानी हुदै ज्यामिरे जाने सडक हेटौडा ३ DPR तयार गर्ने	७०००००
७	टासीछ्योईलिङ्ग गुम्वा हेटौडा १३ DPR तयारगर्ने	५०००००
८	पदमपोखरीवहुमुखी क्याम्पस हेटौडा १३ DPR तयारगर्ने	७०००००
९	पिप्लेराजकुलो हेटौडा ५ DPR तयार गर्ने	४०००००
१०	वडाकार्यालय भवन हेटौडा २ DPR तयार गर्ने	१०००००
११	रुद्रेश्वमहादेव मन्दीर हेटौडा ५ DPR तयार गर्ने	१०००००
	जम्मा	**५१०००००**
सामुदायिकविधालय भौतिक सुदृढिकरण कार्यक्रम		
१	शौचालयनिर्माणगोरक्षनाथ मा.वि.हेटौडा १८	१२०००००
२	श्रृजनशिलवौध्द अनाथ आधारभुत विधालय भवन निर्माण हेटौडा १९	९५६००
३	दिपज्योती आ.वि.हेटौडा १४	२०००००

४	जनप्रियमा.वि.हेटौडा १६	१५००००
५	कालिकाआधारभुत विधालय हेटौडा १३	२०००००
६	वालज्योतीआ.वि.हेटौडा ५	३०००००
७	महेन्द्रमा.वि. हेटौडा १३	८०००००
८	कालिदेवीआ.वि.हेटौडा १८	४०००००
९	वालजागृती युवा वर्ष मा.वि.हेटौडा ६	३०००००
१०	वालवोधमा.वि.हेटौडा १७	४०००००
११	लक्ष्मिआधारभुत विधालय हेटौडा ५	२०००००
१२	राजदेवीमा.वि.हेटौडा १७	२०००००
१३	भैरवआ.वि.हेटौडा १	१०००००
१४	आधुनिकराष्ट्रिय मा.वि.हेटौडा ४	१००००००
१५	वनदेवीआ.वि.हेटौडा १५	५०००००
१६	वैदिकवेद विधाश्रमहेटौडा १८	८०००००
	जम्मा	**८१९५६००**
वडाकार्यालय सामुदायिक भवन तथा अधुरो सामुदायिक भवन निर्माण		
१	विन्दवासिनीसामुदायिक भवन निर्माण हेटौडा १	२०००००
२	चाईनाक्वार्टरसामुदायिक भवन निर्माण हेटौडा १	२०००००
३	नकौली स्वास्थ चौकी भवन निर्माण हेटौडा १	१००००००
४	वडानं.५वडा कार्यालय सामुदायिक भवन निर्माण	४०००००
५	वडानं.५ वडा कार्यालय सामुदायिक भवन निर्माण	१६०००००
६	वडानं. ६ वडा कार्यालय सामुदायिक भवन निर्माण	१६५००००
७	वडानं.८ वडा कार्यालय सामुदायिक भवन निर्माण	९०००००
८	वडानं.११ वडा कार्यालय सामुदायिक भवन निर्माण	१००००००
९	वडानं.१६ वडा कार्यालय सामुदायिक भवन निर्माण (वडा कार्यालय मार्फत कार्यान्वयन हुने)	३०५००००
	जम्मा	**१००००००००**
	कुलजम्मा	**६,२४,०४,२९९**

बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -६

भौ.नं.	विवरण	रकम
८४	श्री बागमती एजुकेशन कन्सल्टेन्सी प्रा.ली लाई बारिष्टा तालिम	४९९१७७
२१३	सक्रिय महिला कृषक समुह लाई आलु चिप्स बनाउने तालिम	१०००००
२१९	श्री मौवाटार टोल विकास संस्था लाई एडभान्स सिलाई कटाई तालिमसंचालन गरेबापतको खर्च	२०००००
२४७	श्री मेघा इन्स्टिच्युट अफ होटेल म्यानेजमेन्ट प्रा.ली लाईबारिष्टा तालिम	५०००००
४१२	प्रदेश शुशासन केन्द्रको पत्र अनुसार यस हे.उ.न.पा.बाट सेवाकालीनतालिममा	७७२६२
६०१	प्रस्ताबना तथा कार्यालयप्रमुखको तोकआदेश बमोजिम छात्रालाइ सेल्फडिफेन्स तालिम	१५००००
६३१	कोपोमिस तालिम संचालन बापतको खर्च	५०५२५
७३२	कागजातभुक्तानी आदेश रसम्बन्धित शाखाको PAMS V२ तालिम मा भएको खर्च रिना ठिके	१३९५४०
१०५८	बिक्रम कुमार चाम्लिङ लाई तालिम संचालन	२४२६०
१०५९	पशु स्वास्थ्य प्राबिधिक श्री सागर बोहरा लाई तालिम संचालन	२४४६०
१०७३	भिमसेन खड्का लाई तालिम संचालनवापत खर्च बिल रकम भुक्तानी	२७१००
११४६	श्री महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि.लाई ७ दिनेदुलही शृगार तालिम वापत खर्च बिल	९६४७१
११६५	दिदि बहिनि अचार उद्दोग हेटौडा-१७ लाई गत आ.व. भुक्तानी बाकी अचार उत्पादनतालिम	९९२००
११६९	केशव प्रसाद लुइँटेल लाई तालिम संचालन	२५९००
१२४९	तालिमको प्रस्तावनापत्रविभिन्न प्रशिक्षकहरु लाई तालिम संचालन पारिश्रमिक	२२४०००
१३११	एच.एन.एम.इन्जिनियरिङप्रा.लि.लाई GIS र NBC तालिम कार्यक्रम वापत रकम	४५७०००
१५२९	मकवानपुर रिकभरिङ समूहलाई तालिम	३०००००
१५६१	क.अ.श्री राजमणि शर्मालाई बाल विकास सहजकर्ता क्षमता विकासतालिम संचालन वापत	३०००००
१६०३	श्री अस्मितानेपाल लाई तालिम संचालन	१०००००
१६५६	दिपा नेपाल मार्फत तरकारी खेती तालिमकार्यक्रम	५००००
१७६९	सहजकर्ता (चौथो)श्री सुस्मिता बानिया लाई उद्दम विकास तालिम संचालन	१३५०००
१७७४	कृषि अधिकृत श्री प्रदिप रेग्मी मार्फत माटो ल्याब तालिम संचालनवापत	१७७००
१७९०	क.अ.श्रीराजमणि शर्मा लाई सामाग्री निर्माण तालिम संचालन वापत	३०००००
१९२९	नगरस्तरिय महिला जागरण समुहलाई दुवोको माला र साईपाटा बनाउनेतालिम	१०००००
२००१	कमला दर्जीलाई उद्यम विकासका लागी सामाजिक परिचालन रउद्यमशिलता विकास तालिम	७६०३०
२००२	कमला दर्जीलाई दुई दिने साग खेती तालिम र प्रविधि हस्तान्तरणकार्यक्रम बापत खर्च	६३४०४
२०१०	तालिम प्राप्पत ढाका उत्पादन विकास कार्यक्रम को टिप्पणी	९१९५०

२०१७	श्री कमला दर्जीलाई एक महिने सिलाई बुटिक स्पेशल तालिम	११९८८०
२०३८	राजमणी शर्मालाई बाल विकास सहजकर्ता क्षमता विकास तालिमबापतको	४८३५८३
२०६१	राजमणी शर्मालाई बाल विकास सहजकर्ता क्षमता विकास तालिमबापतको खर्च	१८१५८३
२०९२	श्री टोल विकास संस्था नगर समन्वय समितिलाई १ दिने क्षमता विकासतालिम संचालनको खर्च	८३६५०
२१३९	परिवर्तन सामुदायिक सिकाई केन्द्र लाई मागमा आधारित विभिन्नसीपमुलक तालिम	९६०००
२३३४	बिल भर्पाई कागजातकोआधारमा नगर स्तरीय महिला जागरण समुहलाई मस्यौरा बनाउने तालिम	९९०००
२३३६	श्री लालित्य सेवा प्रतिष्ठा लाई प्लाष्टिक विकल्प(टोफेटो) झोलाबनाउने तालिम	२०००००
२३४६	श्री हर्नामाडी स्वरोजगार महिला गार्मेन्ट उद्योग हेटौडा १८ लाई एकमहिने होजेरी सिलाई तालिम	४३९४४७
२३५०	मा.वि तथा आधारभुत तहका लेखापाल प्र.अशिक्षकहरुको लागि क्षमता विकास	१०५९९९
२३८०	श्री गन्तव्य सीप विकास नेपाल लाई ११ दिने सेल्फ मेकअप तालिमसंचालन	९४०००
२४०४	श्री राष्ट्रिय सहकारी बैङ्कलाई सहकारी कोपोमिस तालिम	११५८२५
२४३१	श्री सृजना व्युटीपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर लाई सात दिनेएड्भान्स श्रृगार तालिम	९४६२०
२५८५	मागमा आधारित विभिन्न सिपमुलक तालिम सञ्चालन गरेवापत श्री लब्लीन्यु त्रियशन	८७३००
२५८८	श्री जिल्ला बचत तथा सहकारी संघ लि.लाई सहकारी लेखा व्यवस्थापनतालिम प्रदान	१४९०००
२५९०	कमला दर्जी लाई दुई दिने मौसमी तथा बेमौसमी साग खेती सम्बन्धिप्रविधिक सिप विकास तालिम	३७६००
२६३५	मागमा आधारित विभिन्न सीपमूलक तालिम लब्ली न्यु त्रियशन	८७३००
२७०४	एस्ट्रोनोभा फाउण्डेशन नेपाललाई सम्झौता बमोजिम Steam Instructor Training तालिम	२४५०००
२७१३	श्री सुस्मिता बानियालाई उद्यम विकासका लागि सामाजिक परिचालन/उद्यमशिलता तालिम	२०२२००
२७५८	श्री मेघा ईन्स्टिच्युट अफ होटल म्यानेजमेन्ट प्रा. ली लाईबारिष्टा तालिमको	२८८१४५
२७७६	पेशागत कुक तालिम संचालन खर्च बिल रकम भुक्तानी गरिएको लेखा /	११८४००
२७७७	श्री महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि लाई १६० दिनेव्युटिपार्लर तालिम	१५९९२०
२७९६	श्री बिना ठिके लाई वडा सचिव र कर्मचारीहरुको सेवा प्रवाह सम्वन्धी२ दिने तालिम	३१४४६७
२८११	श्री गुडविल कम्प्युटर स्कुललाई कर्मचारीहरुको लागी आधारभुतकम्प्युटर तालिम	४२५००
२८३५	श्री टौल विकास सस्था नगर समन्वय समितिलाई लेखा सम्बन्धी तालिम	३६४०००
२८३६	श्रि मेघा इन्स्टिच्युट अफ होटेल म्यानेजमेन्ट प्रा.ली. लाईबारिष्ठा तालिम	३९८०००
२८४५	नवनियुक्त कर्मचारी(प्रसासन/ लेखा)लाई सेवा प्रवेश तालिम	१२५०००
२८४६	नवनियुक्त कर्मचारी(प्रसासन)लाई सेवा प्रवेश तालिम	९८००
२८७५	सुर्यमणी प्राविधिक शिक्षालय प्रा.ली सि टि ई भि टि सहकार्य ३९० घण्टे ब्युटिपालरतालिम खर्च	१९९६००

२९७२	श्री लालित्य सेवा प्रतिष्ठान लाई ७ दिने आचार बनाउने तालिमसंचालन	७३५००
२९८७	श्री कमला दर्जि लाई एक महिने थान्का हस्तकला तालिम कार्यक्रमकोखर्च	१४९९९५
२९९८	चेत प्रसाद पौडेलविवेक चन्द्र अधिकारि र गोमा सिग्देल लाई प्रदेशसुशासन केन्द्र जावलाखेल	१३८६००
२९८६	लैङ्गिक हिंसा तथानिवारण बिषयक विद्यालयका बालिकाहरुमा अभ्यास कार्यक्रम मिसन स्माइल नेपाल	४५००००
१९४३	श्री सारथी नेपाल लाईवैदेशिक रोजगारीमा महिलाहरुको समस्या र चुनौती विषयको अन्तर्क्रिया तथाअभिमूखीकरण कार्यक्रम	२०००००
२३३७	शिक्षाविकास महाशाखा तर्फ युवाहरुलाई नेतृत्व विकास सम्बन्धी अभिमूखीकरण कार्यक्रम	२९६९००
२३६९	अ.छैटौमन्दिरा थापा द्वारा ज्येष्ठ नागरिक अभिमूखीकरण कार्यक्रम	७६२००
२३७०	महिलासशक्तिकरण तथा गरिबी निवारण समुह लाई प्रौढवस्थाका महिलाहरुलाई menopause सम्बन्धी अभिमूखीकरण कार्यक्रम	१९७१२०
२३९८	बालअधिकार समिति तथा बाल गृह संचालकहरुको लागि १ दिने अभिमूखीकरण कार्यक्रम	२२५५०
२४२५	श्रीमहिला सारथी नेपाल लाई साईबर अपराध सम्बन्धी अभिमूखीकरण कार्यक्रम	२०००००
२५०९	बालमैत्रीस्थानीय शासनको दिगोपना सम्बन्धमा नगर बाल समुह/ संजाल पूनर्गठन तथा अभिमीखिकरणकार्यक्रम	५५८५०
२५५५	नयापाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी अभिमूखीकरणकार्यशाला	५४०००
	जम्मा तालिम वापतको खर्च	११०७७५१३

सुझाव

उपमहानगरपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- पालिका तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको अवधिमा सम्पन्न नगरी अधुरो कार्यस्विकार गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।